# दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपालीभाषा शिक्षा विभाग

स्नातकोत्तर तह चौथोसेमेस्टर (नेपा.शि. ५४४)

पाठ्यांशकोप्रयोजनार्थ प्रस्तुत

**शोध पत्र**

**शोद्यार्थी**

मधु आचार्य

परीक्षा क्रमाङ्कः ७५३२७०५१

त्रि. वि. दर्ता नं. ९-२-०३२७-०२३६-२०११

कैलाली बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

धनगढी, कैलाली

२०८१

# प्रतिबद्धता पत्र

प्रस्तुत दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण शीर्षकको शोध प्रतिवेदन त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्काय अन्तर्गतको नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह एम.एड. चौथो सेमेस्टरको (नेपा.शि.५४४) पाठ्यांशको लागि तयार पारिएको हो । यस शोध प्रतिवेदनमा भएका सामग्री कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएको र प्रकाशनमा पनि आएका छैन । अतः यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मितिः- २०८१\ २\३० गते

शोद्यार्थी

मधु आचार्य

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कैलाली बहुमुखी क्याम्पस धनगढीको स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरमा छात्रा मधु आचार्यले दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण अध्ययन शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष परामर्श, सुझाव र निर्देशनमा तयार गर्नु भएको हो । उहाँको शोधकार्य प्रति म सन्तुष्ट छु । यो शोध पत्रलाईअन्तिम मूल्याङ्कनका लागि शोध पत्र  मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिःसन् १ जुन २०२४

वासुदेव विष्ट

शोध निर्देशक

कैलाली बहुमुखी क्याम्पस

\

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग कैलाली बहुमुखी क्याम्पस धनगढी, कैलालीको स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरकी छात्रा मधु आचार्यले दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण शीर्षकमा यो शोधपत्र तयार पार्नु भएकोमा शोध मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### शोध पत्र मूल्याङ्कन समिति

क्र.सं. नाम पद हस्ताक्षर

१. सह प्रा. गणेशराज जोशी विभागीय प्रमुख ......................

२. वासुदेव विष्ट विभागीय सदस्य .......................

३. वाह्य परिक्षक डा. इन्द्र बहादुर भण्डारी ........................

मितिःसन् १७ जुन २०२४

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य  कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित दोस्रो बाटो कथाको सङ्कथन विश्लेषणमा केन्द्रित रहेको छ ।  शोध शीर्षक चयनदेखि शोध प्रतिवेदन सम्पन्न हुँदासम्म उचित मार्ग निर्देशन तथा सल्लाह सुझाव र उत्साहजनक प्रेरणा प्रदान गरी शोध कार्यलाई मूर्तरूप दिन सहयोग पुर्याउउनु हुने श्रद्धेय गुरु श्री गणेशराज जोशी र वासुदेव विष्ट ज्यूप्रति सर्वप्रथमतः हार्दिक आभार एवम् कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी शोध प्रस्ताव लेखनकै क्रममा अलमलमा रहँदा आवश्यक सल्लाह र सुझाव दिई सही मार्ग प्रदान गरी सहयोग गर्नु हुने लेखिका स्वंयम भागीरथीश्रेष्ठज्यू  लगायतनेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख तथा कैलाली बहुमुखी क्याम्पसका श्रद्धेय गुरुहरूप्रति हृदयदेखि धन्यवाद दिन चाहन्छु । यस प्रतिवेदनमा सहयोग पुर्या उनु हुने आत्मीय तथा अध्ययनमा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरूप्रति आभार व्यक्त गर्दछु ।

मेरो सफलताको सदैव कामना गर्नुहुने र मेरो उत्तरोतर प्रगतिमा भरपूर उत्प्रेरणा, सहयोग र सूझाव प्रदान गर्दै मलाई उचाइमा ल्याई पुर्याेउनुका साथै मलाई आशीर्वाद दिनु हुने मेरा आदरणीय मातापिता डिल्ली प्रसाद आचार्य, रमादेवी आचार्यप्रति आजीवन ऋणी रहने छु । साथै     मलाई सधैं हौसला दिदैं मलाइ हरेक क्षण सहयोग गर्ने मेरो सफलतामा खुसी व्यक्त गर्ने मेराभाइहरू विशाल आचार्य र हिमाल आचार्यलाई विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । साथै आफन्तजन, इष्टमित्र, समाजसेवी, सबैमा स-धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्र लेखन तथा छायाङ्कन गरी सहयोग गर्ने             एन.सी.आई. कम्पयुटर एण्ड टेक्नोलोजीलाई विशेष   धन्यवाद दिदै यस कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सम्पूर्णलाई सम्झन चाहन्छु । प्रस्तुत शोध पत्रको उचित मूल्याङ्कनको लागि सविनय निवेदन सहित त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग समक्ष पेश गर्दछु ।

शोद्यार्थी

मधु आचार्य

कैलाली बहुमुखी क्याम्पस

# शोधसार

शोध शीर्षक : दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण

शोधार्थी : मधु आचार्य

शोध निर्देशक : उपप्रध्यापक वासुदेव बिष्ट

विभाग : नेपाली भाषा शिक्षा विभाग

क्याम्पस : कैलाली बहुमुखी क्याम्पस , धनगढी कैलाली

अध्याय सङ्ख्या : पाँच

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको (नेपा. शि. ५४४) पाठ्यांशको लागि तयार पारिएको छ। प्रस्तुत शोध 'दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण रहेको छ। प्रस्तुत शोधपत्र गुणात्मक प्रकृतिको भएकाले यो अध्ययन वर्णनात्मक र विश्लेषणात्मक विधिमा आधारित छ। जसका लागि सामग्री सङ्कलन प्रकाशित पुस्तकहरूबाट अध्ययन गरिएको छ। यस शोधपत्रमा प्राथमिक सामग्रीका रूपमा दोस्रो बाटो कथालाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा सङ्कथन विश्लेषण सम्बन्धी पाठ्यपुस्तक, शोध प्रतिवेदन, पत्रपत्रिकालाई लिइएको छ। प्रस्तुत शोधमा कथ्य र लेख्य रूपमा रहेका सन्दर्भ, प्रसङ्ग र अर्थपूर्ण भाषिक अभिव्यक्तिले सङ्कथनको निर्माण गरेको पाइन्छ। प्रस्तुत दोस्रो बाटो कथामा प्रयुक्त सार्वनामिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप, निपात, पुनरावृत्ति र कोशीय अर्थ सम्बद्धक जस्ता सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ। प्रस्तुत दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धन सारपूर्ण सिङ्गो सान्दर्भिक अभिव्यक्तिका लागि उपयुक्त र अर्थपूर्ण रहेका छन्।

यस शोधपत्रमा पहिलो अध्यायमा वा पहिलो परिच्छेदमा अध्ययको उद्देश्य तीन ओटा रहेका छन् जसमा दोस्रो बाटो कथामा प्रयुक्त समबद्धकहरुको पहिचान गरी तिनको स्थिति केलाउनु , कथामा प्रयुक्त सम्बद्धकहरुको पहिचान गरी तिनको स्थिाति केलाउनु , कथामा प्रयुक्त सम्बद्धनहरुको पहिचान गरी तिनको स्थिति केलाउनु र सम्बद्धक र सम्बद्धनका दृष्टिले दोस्रो बाटो कथाको उपयुक्तता निक्र्यौल गर्ने बारेमा रहेका छ।

यसमा समस्याकथन तीन ओटा रहेको छन्। अध्ययनको महत्य र औचित्य , अध्ययनको सीमाङ्कन राखी व्याख्या गरिएको छ। दोस्रो अध्यायनका सैद्धान्तिक साहित्यको समीक्षा पुनरावलोकन पूर्व सहित्यको महत्व र प्रयोग र सङ्कथनको सैद्धान्तिक धारणात्मक संरचनाको व्याख्या गरिएको छ।

तेस्रो अध्यायमा अध्ययन विधि र ढाँचा उल्लेख गरिएको छ। यसमा वर्णनात्मक , गुणात्मक विधिको उपयोग गरी तयार पारिएको छ। तथ्याङक सङ्कलनका साधनभित्र प्राथमिक स्रोत भागीरथी श्रेष्ठको रातो गुलाफ कथा संग्रहभित्रको दोस्रो बाटो कथालाई लिई उपयोग गरिएको छ भने , द्धितीय स्रोत अन्तर्गत सङ्कथन विश्लेषणसंग सम्बन्धित लेखहरु, प्रकाशित, अप्रकाशित पुस्तकहरु, अध्ययन प्रतिवेदनहरु तथा विज्ञहरुको सल्लाह सुझाव र परामर्शलाई द्धितीयक स्र्रोतका रुपमा लिइएको छ।

अध्ययनको क्षेत्र, तथ्याङ्कको व्याख्या विश्लेषण र शोधपत्रको रुपरेखा उल्लेख गरिएको छ। चौथो परिच्छेदमा सङ्कथनका युक्तिको आधारमा अथवा सम्बद्धक र सम्बद्धनका प्रकारका आधारमा रातो गुलाफ कथा सङ्ग्रह भित्रको दोस्रो बाटो कथाको व्याख्या र विश्लेषण गरिएको छ। पाँचौ अध्यायमा /परिच्छेदमा शोध कार्यको सारांश निष्कर्ष सुझाबहरु र शोधको उपयोगितालाई विश्लेषण गरिएको छ।

# चिह्न सूची

चिह्नलाई अर्थ स्पष्टताका लागि प्रयोग गरिन्छ । यसले प्रतिवेदनको कथ्य बुझ्न सहयोग पु ऱ्याउँछ । चिह्न सुचीमा चिह्न र ती चिह्नले दिने अर्थ स्पष्ट पारिन्छ । यस शोधपत्रमा प्रयोग गरिएका चिह्नहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् ।

| **चिह्न** | **अर्थ** |
|---|---|
| ! | निर्देशक चिह्न |
| ’ | अल्पविराम |
| . | शिरबिन्दु |
| ? | प्रश्नवाचचक चिह्न |
| ँ | चन्द्रबिन्दु |
| ; | अर्धसवराम चिह्न |
| ‘’ | एकल उद्धरण |
| “” | युगल उद्धरण |
| । | पूर्णविराम |

# विषयसूची

## अध्यायः एक

### शोधको परिचय


| | |
|---|---|
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्याको कथन | २ |
| अध्ययनको उद्देश्य | २ |
| अध्ययनको औचित्य | २ |
| अध्ययनको सीमाङ्कन | ३ |
| प्राविधिक तथा पारिभाषिक शब्दहरूको अर्थ | ४ |


## अध्यायः दुई

### पूर्वसाहित्यको पुनरावलोकन र  अवधारणात्मक ढाँचा


| | |
|---|---|
| सैद्धान्तिक साहित्यको समीक्षा | ४ |
| व्यवहारिकक साहित्यको पुनरावलोकन | ८ |
| अध्ययनमा पूर्व साहित्यको महत्त्व र प्रयोग | १२ |
| सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा | १२ |
| सङ्कथनको परिचय | १४ |
| सङ्कथनको परिभाषा | १५ |
| सङ्कथनको प्रकार | १६ |
| सङ्कथनको विश्लेषण पद्धति | १७ |
| सङ्कथनका तत्त्वहरू | १८ |
| सङ्कथनका युक्तिहरू | १९ |

## अध्याय: तीन

### अध्ययन विधि र प्रक्रिया


अध्ययन ढाँचा र विधि ३२

अध्ययनको क्षेत्र ३२

तथ्याङ्क सङ्कलनका साधनहरू ३२

प्राथमिक स्रोत ३२

द्वितीयक स्रोत ३३

तथ्याङ्क सङ्कलन प्रक्रिया ३३

तथ्याङ्क व्याख्या र विश्लेषण ३३

शोधपत्रको रूपरेखा ३४


## अध्याय: चार

### व्याख्या तथा विश्लेषण


दोस्रो बाटो कथामा समाबिष्ट वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकको विश्लेषण ३५

व्याकरणिक सम्बद्धक ३५

कोशीय सम्बद्धक ४३

दोस्रो बाटो कथामा समाबिष्ट वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धनको विश्लेषण ४५

सामान्य र विशिष्टको सम्बन्ध ४६

कार्य कारणको सम्बन्ध ४७

प्रभाव परिणामको सम्बन्ध ४८

परिवेश घटनाको सम्बन्ध ४९

आर्थी विपर्यायको सम्बन्ध ५०

आर्थी पर्यायको सम्बन्ध ५१

अनुक्रमबोधक सम्बन्ध ५२

प्रश्नोत्तर सम्बन्ध ५३

व्याख्यापरक सम्बन्ध ५३

## अध्यायः पाँच

## सारांश र निष्कर्ष

सारांश ५५

निष्कर्ष ५६

उपयोगिता ५७

नीतिगत तह ५७

प्रयोगात्मक तह ५८

**सन्दर्भ सामग्री**

**परिशिष्ट**

**व्यक्तिगत विवरण**

# सङ्क्षेपीकृत शब्दसूची

| **सङ्क्षिप्त रूप** | **पुरा रूप** |
|---|---|
| अनु. | अनुवाद |
| एम.एड | मास्टर अफ एजुकेसन |
| क्र. सं. | क्रम सङ्ख्या |
| नेपा.शि. | नेपाली शिक्षा |
| प्र.अ. | प्रधानाध्यापक |
| पृ. सं. | पृष्ठ सङ्ख्या |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| नं. | नम्बर |
| सम्पा. | सम्पादक |
| सु. प. | सुदूरपश्चिम |
| वा. स. | वाक्य सङ्ख्या |

# अध्याय: एक
# शोधको परिचय

## पृष्ठभूमि

प्रस्तुत शोधपत्र स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा. शि. ५४४ पाठ्यांशको आंशिक उद्देश्य पूर्तिका लागि तयार पारिएको हो । यसमा सङ्कथन विश्लेषणभित्र सम्बद्धक र सम्बद्धनको सैद्धान्तिक अवधारणा पत्ता लगाउने प्रयास गरिएको छ । दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धन र सम्बद्धकमा केन्द्रित रहेको छ ।

व्यावहारिक प्रयोजनलाई ध्यान राखेर भाषाको अध्ययन विश्लेषण गर्ने भाषाविज्ञानको शाखालाई विविध शाखा मध्ये सङ्कथन पद्धति एउटा मुख्या शाखा हो । माथिल्लो भाषिक एकाइलाई नै सङ्कथन भनिन्छ । सङ्कथन भाषाको उच्चतम एकाइ हो । यसलाई पूर्ण एवम् सिङ्गो अभिव्यक्तिका रूपमा लिन सकिन्छ । सङ्कथन कथ्य र लेख्य दुवै रूपमा लिन सकिन्छ । संवाद, वादविवाद, कुराकानी र छलफल आदि कथ्य सङ्कथनका रूपमा आउन सक्छन् भने कथा, कविता, निबन्ध जीवनी आदि लेख्य सङ्कथनका रूपमा आउन सक्छन् । वाक्यभन्दा माथिल्लो आफैमा पूर्ण भाषिक घटकलाई सङ्कथन भनिन्छ । यसलाई सङ्कथनको प्रकृतिअनुसार सङ्कथनको विश्लेषण गरिन्छ । सङ्कथनमा हुनुपर्ने गुणहरू छन् कि छैनन् भनी सङ्कथन विश्लेषण गरिन्छ । यसरी विश्लेषण गर्ने आधारहरू फरक फरक हुन्छन् । लखित र मौखिक सङ्कथनलाई विश्लेषण गर्ने आधार पनि फरक फरक हुन्छन् । लेख्य सङ्कथनको तुलनामा कथ्य सङ्कथनको विश्लेषण जटिल हुन्छ । यसरी हेर्दा प्रायोगिक भाषा विज्ञानको एउटा महत्त्वपूर्ण शाखा सङ्कथन विश्लेषण  हो । सङ्कथन विश्लेषणमा हुनुपर्ने गुणहरू सम्बन्धित विधामा कहाँ, कसरी प्रयोग भई साहित्यिक, भाषिक सौन्दर्यको निर्माण गरेका छन् भन्ने कुराको अध्ययन सङ्कथनमा  गरिन्छ । प्रस्तुत दोस्रो बाटो कथामा  प्रयुक्त सम्बद्धन र सम्बद्धकको अध्ययन गरी तिनले विषयवस्तु, उद्देश्य र भाषाशैली कसरी सहयोग पुर्‍याएको छ भन्ने कुराको सङ्कथन विश्लेषण प्रस्तुत शोधमा गरिएको छ ।

**समस्याको कथन**

अनुसन्धानको विषयको सङ्क्षिप्त स्पष्टीकरण नै समस्या कथन हो । अनुसन्धानको लागि छनोट भएको अनुसन्धेय विषय नै समस्या हो । खास गरेर अनुसन्धान शीर्षक अन्तर्गत मुख्य समस्या र सम्भावित समाधनका उपायहरूलाई नै समस्या कथनका रूपमा लिइन्छ । कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा समस्याको पहिचान अनिवार्य रूपमा रहेको हुन्छ ।

प्रस्तुत शोधकार्य कथामा के कस्तो सङ्कथनको प्रयोग भएको छ भन्ने कुराको विश्लेषणमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रका समस्याहरू निम्नानुसार रहेका छन् ;

(क) दोस्रो बाटो कथामा के कस्ता समबद्धकहरू प्रयोग गरिएका छन् ?
(ख) दोस्रो बाटो कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?
(ग) दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनलाई के कसरी विश्लेषण गर्न सकिन्छ ?

**अध्ययनको उद्देश्य**

कथाकार भागीरथी श्रेष्ठद्वारा लिखित दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ । शोध समस्याको आधारमा शोधकार्यको उद्देश्यहरू निर्माण हुन्छन् । त्यसैले शोध समस्या र उद्देश्य एक अर्काका परिपुरक मानिन्छन् । त्यसैले समस्याको समाधान प्राप्त गरिने प्रमाणिक प्राप्ति नै उद्देश्य हो । प्रस्तुत शोध कार्यका लागि निम्नलिखत उद्देश्यहरू रहेका छन्;

(क) दोस्रो बाटो कथामा प्रयुक्त समबद्धकहरूको पहिचान गरी तिनको स्थिति केलाउनु,
(ख) दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धनहरूको पहिचान गरी तिनको स्थिति केलाउनु,
(ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले 'दोस्रो बाटो' कथाको उपयुक्तता निर्क्यौल गर्नु ।

**अध्ययनको औचित्य**

यस अध्ययनले सुदूर पश्चिमको भाषा,कला र संस्कृतिको संरक्षण र जगेर्ना गर्ने भएकोले महत्त्वपूर्ण रहेको छ ।

यस अध्ययनबाट शिक्षक, विद्यार्थी, शोद्यार्थीहरू र भाषा सम्बन्धी खोज अनुस्न्धानमा लागेका व्यक्तिहरू समेत लाभान्वित हुने हनाले औचित्यपूर्ण रहेको छ ।

भाषाको  सबैभन्दा ठुलो र माथिल्लो एकाइ नै सङ्कथन हो । यसलाई अभिव्यक्तिको उपल्लो एकाइ पनि भनिन्छ । सङ्कथन वाक्यांश वा शब्दगत स्वरूपबाट पनि अभिव्यक्त हुन सक्छ । पुस्तकालयमा लेखिएको 'कृपया शान्त रहनुहोला' देखि लिएर विजुलीको ट्रान्सफर्ममा लेखिएको 'खतरा' शब्दले पनि सङ्कथनात्मक अभिव्यक्ति दिएको हुन्छ । समग्रमा सिङ्गो भनाइ नै सङ्कथनको स्वरूप हो ।

प्रस्तुत शोधकार्य अगाडि न्यून मात्रामा सङ्कथन विश्लेषण सम्बन्धी शोधकार्यहरू भएकोले सङ्कथन विश्लेषणको अवधारणालाई नयाँ उचाइमा पुर्याङउन सम्बन्धित सरोकारवालाहरू सबैलाई सङ्कथन सम्बन्धी ज्ञानको दायरा फराकिलो बनाउन सहयोग हुने भएकोले पनि यो अध्ययन सान्दर्भिक रहेको छ ।

नेपाली साहित्यका विभिन्न विधाहरूमा सङ्कथनको प्रयोग भएको हुन्छ । कथ्य सङ्कथनमा पनि हामीले जानी नजानी सम्बद्धक र सम्बद्धनको प्रयोग गरिरहेका हुन्छौँ । यसरी हामीले दैनिक रूपमा गर्ने सम्बद्धक र सम्बद्धनको सैद्धान्तिक अवधारणा निर्माण गर्नु पनि यो अध्ययनको औचित्य रहेको छ ।

**अध्ययनको सीमाङ्कन**

कुनै पनि कार्यको सुरुवात गर्दा एक निश्चित पूर्व योजना आवश्यक भएझैँ अनुसन्धान जस्तो गहन, जटिल र महत्त्वपूर्ण कार्य गर्नु भन्दा पहिले एउटा निश्चित पूर्वयोजना सहित अध्ययनको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । अनुसन्धानको क्षेत्रमा रहेर हेर्दा अनुसन्धानकर्ता जहाँसम्म पुग्छ त्यो नै सीमा हो । यसको महत्त्व कुनै पनि विषयको अनुसन्धान गर्दा त्यसको विषय क्षेत्र समय आदिको किटान गर्नु नै अध्ययनको सीमा हो । अध्ययनको सीमाङ्कनबाट अनुसन्धानकर्तालाई एउटा निश्चित दिशामा शोधलाई अगाडि बढाउन सहयोग पुग्दछ । यसबाट पाठकलाई उक्त शोध कुन र कहाँसम्म पुगेर गरिएको हो भन्ने कुराको जानकारी मिल्दछ । यसका साथै शोधकार्य निश्चित गोरेटोमा रहेर छिटोछिटो अगाडि बढ्न सक्दछ । प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ;

(क) प्रस्तुत शोधपत्र भाषाका विभिन्न घटकहरू मध्येको एउटा घटक सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख)प्रस्तुत शोधपत्र दोस्रो बाटो कथाको सङ्कथन विश्लेषणमा मात्र सीमित रहेको छ ।

(ग) प्रस्तुत शोधपत्र दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनमा मात्र केन्द्रित रहेको छ ।

**सारांश**

प्रस्तुत शोधपत्रको पहिलो अध्ययन नै महत्त्वपूर्ण अध्याय हो। यस अध्याय देखि नै शोधपत्रको रूपरेखा तयार हुन्छ। शोधकर्तालाई निश्चित मार्गमा हिँडाउने कार्य यस अध्ययनबाट सुरु हुन्छ। यस अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्या कथन, उद्देश्यहरू अध्ययनको औचित्य, अध्ययनको सीमाङकन समावेश गरिएकको छ। यस अध्यायमा राखिएका विषयवस्तुको नै पुरै शोधपत्रलाई मार्ग निर्देशन गरेको पाइन्छ।

**प्राविधिक तथा पारिभाषिक शब्दाहरुको अर्थ**

कुनै पनि भाषाको स्तरीयता विकासका लागि पारिभाषिक शब्दको महत्वपूर्ण स्थान रहेको छ। ज्ञान , विज्ञान, कला, सहित्य, संस्कृति आदि विषयमा प्रयुक्त हुने र विशिष्ट अर्थ प्रदान गर्ने शब्दलाई पारिभाषिक शब्द भनिन्छ। यस्ता शब्दहरुले सम्बन्धित विषय क्षेत्रमा सधैँ एउटै स्पष्ट र निश्चित अर्थ बुझाउने गर्दछन्। पारिभाषिक शब्दको अर्थमा परिवर्तन हँदैन। पारिभाषिक शब्दहरु विज्ञान प्रविधिक विषयसंग सम्बद्ध हँुदा तिनलाई प्रविधिक शब्द पनि भन्ने गरिन्छ।

वर्तमान समयमा दिन प्रतिदिन ज्ञान विज्ञानका क्षेत्रहरुको विस्तार तिव्र गतिमा अगाडि बढिरहेको छ। विषयवस्तुको गहनता , व्यापकता र जटिलताको बारेमा जानकारी दिन सहयोग पु ¥याउनृ उद्देश्ये हरेक क्षेत्रमा पारिभाषिक शब्दहरुको प्रशस्त प्रयोग भएको पाइन्छ।

जस्तै – विज्ञान विषयसंग सम्बन्धित शब्दहरु – रसायनशास्त्र, भौतिकशास्त्र, नाप, तौल, आदि पर्दछन्।

शिक्षासंग सम्बन्धित शब्दहरुः– पाठ्यक्रम, विषयवस्तु, मुल्याङ्कन, पठनपाठन आदि पर्दछन्।

सहित्यसंग सम्बन्धि शब्दहरु –अलङ्कार वाङ्मय , शैली, दृष्टिबिन्दु, गद्य, पद्य, आदि जस्ता विभिन्न पारिभाषिक शब्दहरुले सामान्य शब्दको अर्थ र आशय वक्ता , लेखक वा प्रयोगकर्ताको वैयक्तिक अभिप्रायसंग सम्बन्धित हुन्छ।

प्रस्तुत रातो गुलाफ कथा सङ्ग्रह भित्रको दोस्रो बाटो कथामा रहेका प्राविधिक तथा पारिभाषिक शब्दहरु र तिनको अर्थ निम्नानुुसार रहेको छन।

**प्राविधिक तथा पारिभाषिक शब्दावली**

**शब्द** **अर्थ**

अनुसन्धान खोज अध्ययन

अभिव्यक्ति व्यक्त गर्ने माध्यम

साहित्य गद्य र पद्य कृतिहरूबाट हुने रसको आस्वाद

भाषा बिचारआदान प्रदानको साधन

सङ्कथन समग्र भनाइ

कथ्य सङ्कथन मौखिक अभिव्यक्ति

लेख्य सङ्कथन लिखित अभिव्यक्ति

सम्बद्धक वाक्य वा त्यसभन्दा माथिल्लो एकाइलाई अन्तरसम्बन्धित बनाउने युक्ति

सम्बद्धन शब्द, वाक्य, अनुच्छेद आदि बिच अर्थ सम्बन्ध गर्ने युक्ति

असहिष्णुता सहिष्णु नहुनुको अवस्था, असहनशीलता

आक्रान्त घेराभित्र पारिएको

सुरक्षाकवच योद्धाहरूले लडाइँमा शस्त्रको प्रहारबाट बच्न शरीरमा लगाउने धातुको भोटो

आत्मशक्ति तन, मन वा धनका रूपमा रहने सामर्थ्य; जोड; बल; तागत; पराक्रम

भयाक्रान्त चारैतिरबाट भयले घेरिएको , भयभीत, चौपट्ट डराएको ।

सङ्गीर्ण सङ्कसचित , साँघुरिएको, साघुरो, छोटो चित्तको, चित्त सानो भएको

एक्कलकाटे एक्लै बस्न रुचाउने

विस्तारित फैलाइएको , विस्तृत पारिएको

क्षुब्ध व्याकुल , दिग्दार, क्रुद्ध, कुनै कारणले रिसाएको

निरङ्कुश बन्धनहीन , छाडा, स्वेच्छाचारी

# अध्यायः दुई
## सम्बद्ध साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा
### सम्बद्ध साहित्यको पुनरावलोकन

अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ अनुसन्धान पत्र पत्रिका तथा अन्य श्रव्य दृश्य सामग्री पढेर सुनेर अध्ययन मनन गरेर र तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनै पनि कार्यको सुरुवात गर्नु पूर्व सम्बन्धित क्षेत्रमा त्यसभन्दा पहिले के कस्ता अध्ययन भएका छन् भन्ने कुराको जानकारी हुनु आवश्यक हुन्छ । विगतका अनुभवको आधारमा वर्तमानलाई सफल बनाउन पूर्वकार्यको समीक्षा गर्नु अपरिहार्य मानिन्छ । सम्बन्धित विषयमा भएको अध्ययन नदोहोरियोस् र समेटिनुपर्ने सबै कुरा समिटियोस् भन्ने मनसायमा साथ पूर्वकार्यको समीक्षा गर्नुपर्छ । यसभन्दा अघि सम्बन्धित विषयमा भएका अनुसन्धान के के हुन् ? त्यस्ता अनुसन्धानबाट के कस्ता निष्कर्ष निकाल्न सके अझै पनि सम्बन्धित विषयमा हुनुपर्ने अनुसन्धान छुट्यो कि ? अनुसन्धान भएको विषय क्षेत्रमा अनुसन्धेयको विषयवस्तुमा दोहोरिने सम्भावना पो छ कि आदि जस्ता कुराहरूमा स्पष्ट हुनको लागि पूर्वकार्यको समीक्षा शोधार्थीको लागि एउटा महत्त्वपूर्ण आधार हो ।

भाषा मानवीय उच्चारण अवयवद्वारा उच्चरित व्यवस्था हो । भाषाको माध्यमबाट मानिसले समुदायमा विचारको आदान प्रदान गर्दछ । मानिसले मात्र भाषाको प्रयोग उपयोग र व्यवस्थित गर्ने भएकोले यो मानवीय निजी पेवा हो । भाषा व्यवस्थित हुन्छ । भाषाभित्र आन्तरिक र बाह्य व्यवस्था हुन्छ । आन्तरिक व्यवस्था भनेको सन्दर्भ, प्रसङ्ग, शैली तथा परिवेशगत अस्त्र हो भने बाह्य व्यवस्था भनेको रूप, शब्द, पद, पदावलीहरूको श्रृङ्खलित तथा अन्वितिपूर्ण रखाइक्रम हो । जुन वाक्यका तहमा देखापर्दछ तसर्थ भाषा भनेको भाषिक तत्त्वहरूको आपसी मेल वा अन्तरसम्न्धबाट बनेको वाक्यात्मक संरचना हो । यही वाक्यात्मक संरचनाले एउटा कथनगत सम्प्रेषण अर्थात अभिव्यक्तिगत पूर्णता ओगटेपछि त्यो सङ्कथन बन्दछ । वाक्यभन्दा माथिल्ला एकाइहरूले बनेको पूर्ण र सिङ्गो अभिव्यक्ति सङ्कथन हो (ढकाल, २०६६ पृ.१७७) । कृतिको अध्ययनका लागि सङकथन विश्लेषण उपयोगी हुन्छ ।

सङ्कथन भाषाको विश्लेषण गरिने सबैभन्दा उच्च एकाइ हो । यो सन्दर्भपूर्ण वा वास्तविक भाषा प्रयोग पनि हो । भाषाको लेख्य र कथ्य दुवै स्तरको अध्ययन गर्ने सङ्कथन भाषा विज्ञानको नवीनतम शाखा हो । सङ्कुचित अर्थमा सङ्कथन वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । आकृतिको कोणबाट मात्र यसलाई परिभाषित गर्दा सङ्कथनका निम्ति आवश्यक मानिने साधकता र पूर्णताको लोप हुन जान्छ । तसर्थ सङ्कथनलाई सीमित घेरामा मात्रै अध्ययन उपयुक्त देखिन्छ ।

व्यापक अर्थमा सङ्कथन भनेको विविध अर्थ बहन गरेको टुक्रे वाक्यहरू साझा अर्थलाई अझ बढी राम्रो बनाउन आपसमा अन्तरसम्बन्धित भई बनेको भाषिक संरचना हो । सङ्कथनमा भाषिक तत्त्वहरूको व्याकरण सम्मत क्रमिकताबाट वाक्यहरू निर्माण हुन्छ र उक्त भाषिक एकाइहरू आन्तरिक र बाह्य रूपमा अन्तरसम्बन्धित खास सन्देश वा विचारलाई एकीकरण गर्न सिलसिलाबद्ध रूपमा अघि बढ्दछन् र सङ्कथनको निर्माण गर्दछन् ।

सङ्कथन विश्लेषण शब्दको सर्वप्रथम भाषा शास्त्री जेलिङ ह्यारिसले गरेका छन् । उनले हेयर टोनिकको विज्ञापनको भाषालाई आधार बनाएर सङ्कथन वाक्य व्याकरण विस्तार भएको देखाएका छन् । उनले वाक्यभित्र मात्र व्याकरण होइन वाक्यभन्दा बाहिर पनि रहने कुरालाई देखाए ।

सन् १९६० को दशकमा फर्थ र ह्यालिडे जस्ता विद्वानहरूको परिवर्तित भाषिक सिद्धान्तले सङ्कथन विश्लेषणलाई अगाडि बढाउन महत्त्वपूर्ण सहयोग गरेका छन् । ह्यालिडेको व्यवस्थापरक व्याकरणले वाक्यभन्दा माथिका भाषिक एकाइहरूको खोजी गरिसकेपछि क्रमशः सङकथन सम्बन्धी धारणाहरू अगाडि आएका हुन् । यस समयमा प्रसिद्ध मनोवैज्ञानिक फ्राइज, हेगेन, वेरिख, ल्याडो, कर्डर आदि विद्वानहरूका भाषिक तथा मनोवैज्ञानिक सिद्धान्तहरूले महत्त्वपूर्ण प्रभाव पारेको देखिन्छ ।

सन्१९६० को दशकपछि चम्सकीलेल यसको अभिव्यक्तिगत संरचनाको अध्ययन सुरुवात भएको पाइन्छ । प्रारम्भमा सङ्कथनभित्र संवादमात्र समेटिएको थियो पछि आख्यानको विश्लेषण गर्न थालियो । हुँदाहुँदा अरू विधा पनि यसको क्षेत्रभित्र समेटिएको पाइन्छ ।

**व्यावहारिक साहित्यको पुनरावलोकन**

कुनै पनि अध्ययन, अनुसन्धान विश्लेषणको कार्य सुरुवात गर्नुभन्दा अगाडि प्रस्तुत अध्ययनसँग सम्बन्धित अन्य कुनै शोध अध्ययन, अनुसन्धान, समीक्षा, समालोचना पुस्तक पत्रपत्रिका, लेख, रचना, आदिको गहन अध्ययन गर्नु आवश्यक हुन्छ । त्यस कार्य सम्बन्धी भएका पूर्व कार्यहरू कुनै प्रसङ्गमा कस्तो संरचना भएका के कस्ता सामग्री विधि तथा पद्धतिहरूका प्रविधि अवलम्बन गरी तयार गरिएका थिए र तिनीहरू के कति उद्देश्य वा प्रयोजनका निम्ति तयार पारिएका थिए सो सम्बन्धी गहन चिन्तन गर्नु आवश्यक  हुन्छ ।

पूर्वकार्यको समीक्षाले शोधपत्रलाई सरल ढङ्गले अगाडि बढाउन शोधार्थीलाई सहयोग गर्ने भएकाले पनि यो महत्त्वपूर्ण आधार हो । प्रस्तुत शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको समीक्षा निम्नानुसार छः

ब्राउन र युल (१९८३) द्वारा *सङ्कथन विश्लेषण शीर्षकक* मा अनुसन्धान गरिएको छ । मानव जातिले सम्प्रेषणका लागि भाषाको प्रयोग कसरी गर्दछ । वक्ताले स्रोताका लागि भाषा वैज्ञानिक सन्देश कसरी प्रवाहित गर्दछ र स्रोताले उक्त सन्देशलाई कसरी वृहतम अध्ययन गरेका छन्  भन्ने विषयको अध्ययन भएको पाइन्छ । तर दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण भएको पाइदैन ।

लम्साल र अन्य (२० ७०) द्वारा 'प्रायोगिक भाषाविज्ञान' पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा चर्चा गरिएको छ । यसमा लिखित मौखिक भाषाका  वाक्यहरूले कसरी अनुच्छेद, संवाद अन्तर्वार्ता आदि वृहत्तर सार्थक एकाइ निर्माण गर्दछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

जैसी (२०६४) द्वारा *तिन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण* शीर्षककमा प्रस्तुत गरेको शोधपत्रमा सङ्कथनको एउटा युक्ति सम्बद्धकको विश्लेषन गर्ने आधारहरूलाई प्रस्तुत गरिएका छन् । प्राथमिक स्रोतका रूपमा 'तिन घुम्ती' उपन्यास र द्वितीयक स्रोतका रूपमा पुस्तकालयको अध्ययन गरिएको छ । यसैका आधारमा 'तिन घुम्ती' उपन्यासभित्रका सम्बद्धकको पहिचान र वर्गीकरण समेत गरेका छन् । यसरी तिन घुम्ती उपन्यास उपन्यास भित्रका सम्बद्धकको पहिचान र वर्गीकरण समेत गरेता पनि सङ्कथनको अर्को युक्ति सम्बद्धनका दृष्टिले यसमा अध्ययन गरेका छैनन् । जुन सङ्कथन सङ्कथनको दृष्टिमा कमजोर पक्ष मानिन्छ । तर दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण भएको पाइदैन ।

गौतम (२०६४) द्वारा निबन्धको *चिलाउने चौरमा मृगतृष्णा सङ्कथन विश्लेषण* शीर्षकमा गरेको शोधपत्रमा ह्यालिडे र हड्सन (१९७६) को अवधारणालाई विश्लेषणको आधार बनाइएको छ। सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनको के-कस्तो भूमिका रहेको हुन्छ उक्त भूमिकाका आधारमा निर्धारित निबन्ध के कसरी सङ्कथन विश्लेषण गर्ने भन्ने जस्ता समस्याकथन देखाइएको छ। प्रस्तुत शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको पाइन्छ। प्राथमिक स्रोतका रूपमा 'चिलाउने चौरमा मृगतृष्णा' निबन्धलाई लिइएको छ। द्वितीयक स्रोतका रूपमा सङ्कथनसँग सम्बन्धित अन्य सामग्रीलाई आधार बनाइएको छ। सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनको भूमिका के हुन्छ ? भन्ने कुरा पत्ता लगाई विश्लेषण गरी निष्कर्ष दिइएको छ। प्रस्तुत शोधमा समबद्धक र सम्बद्धनको खोजी गरेका छन्। तर अनुच्छेद अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको अध्ययन भने गरिएको पाइदैन।

लामिछाने (२०६६) द्धारा सामान्य र प्रयोगगित भाषाविज्ञान पुस्तकमा सङ्कथनका बारेमा चर्चा गरिएको छ। उक्त पुस्तकमा वाक्य मिलेर अनुच्छेदको निमाृण हुन्छ भने अनुच्छेद अनुच्छेदको अन्वयद्धारा सङकथनको विर्माण हुन्छ भन्ने कुरा उल्लृख गरिएको छ। साथै एउटा कृतिले पूर्णता प्राप्त गर्न रुप शब्द वाक्यांश , वाक्य र अनुच्छेदको क्रमवद्ध आवद्धता हुनुपर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ।

शान्ति प्रसाद ढकाल (२०६६) द्वारा मधेशतिर कथाको सङ्कथन विश्लेषण शीर्षककमा शोध कार्यमा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक आधारलाई प्रस्तुत गर्दै 'मधेशतिर' कथामा प्रयुक्त वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धन र सम्बद्धकलाई विश्लेषण गरिएको छ। सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरू तयार पार्नु मधेशतिर कथामा प्रयुक्त शोधपत्रमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतका रूपमा मधेशतिर कथा र द्वितीयक स्रोतका रूपमा सङ्कथनसँग सम्बन्धित अन्य सामग्रीलाई आधार बनाएर तयार पारिएको प्रस्तुत शोधपत्र पाँच अध्यायमा संरचित रहेको छ। सङ्कथनात्मक रूपमा सबैभन्दा बढी कोशीय सम्बद्धक अन्तर्गतका समावेशात्मता र सन्निधान सम्बद्धकको प्रयोग गरिएको छ। मधेशतिर कथामा प्रयुक्त अनुच्छेद अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धक र सम्बद्धन समेतको अध्ययन विश्लेषण गर्ने क्रममा भाषाका अन्य एकाइहरूको सामान्य परिचय समेत प्रदान गरेको छैन। जब कि सङ्कथन भाषाको सबैभन्दा ठुलो एकाइ हो। यसको सम्बन्ध भाषाको सबैभन्दा सानो एकाइ ध्वनिसँग पनि उत्तिकै रहेको हुन्छ भन्ने कुराको जानकारी दिएको छैन।

केशव भुसाल (२०७८ पृ. ७१) संवाद विश्लेषण र पाठ विश्लेषणको चर्चा गर्दै पाठको संरचनात्मक , प्रकार्यपरक, भाषिक, वा आर्थी विश्लेषणलाई पाठ विश्लेषण भनेका छन्। उनका अनुसार पाठ विश्लेषणमा पाठको स्वरुप, पाठ निर्माणका विभिन्न युक्तिहरु पाठशैली आदिको अध्ययन विश्लेषण गरिन्छ। यसरी जुनसुकै स्वरुपको अभिव्यक्तिको सङ्कथन विश्लेषण्क गर्दा विषय र भाषा जोडेर केलाइन्छ।

वस्नेत (२०६७) द्वारा *कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरूको सङ्कथनात्मक* अध्ययन गरिएको छ। यसमा भविष्य निर्माण र खडकबहादुर कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषणात्मक अध्ययन गरेको छ। सङ्कथन विश्लेषणका सैद्धान्तिक आधारहरूको पुनरावलोकन गर्नु कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकको कथाहरूमा प्रयुक्त सम्बद्धनको पहिचान गरी सम्बद्धकको स्थितिको निरूपण गर्नु जस्ता उद्देश्य राखिएको प्रस्तुत शोधमा वर्णनात्मक विधिलाई आधार बनाइएको छ। सम्बद्धकका ११ भेद र सम्बद्धनका २३ भेद रहेको निष्कर्ष निकालिएको छ। खड्कबहादुर र भविष्य निर्माण कथामा सार्वनामिक पारस्परिक प्रसङ्ग जस्ता सम्बद्धकहरूको प्रयोग गरेका सम्बद्धकहरूको अनुपातगत एकरूपताको अभाव रहेता पनि पाभित्र भाषिक एकाइहरू बिच आपसी सम्बन्ध कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्ष निलाकिएको पाइन्छ। सम्बद्धनका दृष्टिले उपयुक्त रहेको भविष्य निर्माणमा १६ प्रकारका र खड्कबहादुर कथामा २० प्रकारका सम्बद्धनहरूको प्रयोग गरिएको भन्ने निष्कर्ष निकालिएको छ। समग्रमा वाक्य वाक्य बिचको अध्ययन गरे तापनि एक अनुच्छेद र अर्को अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धन र सम्बद्धकको अध्ययन भने शोध कार्यमा गरिएको पाइदैन।

भट्टराई (२०६९) द्वारा *परालको आगो कथाको सङ्कथन विश्लेषण* शीर्षकमा गरेको शोधकार्यको सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गहन अध्ययन अनुसन्धान गरेको छ। प्राथमिक स्रोतका रूपमा 'नासो' कथा सङ्ग्रह र द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ। यस अध्ययनमा सङ्कथनको परिचय भाषिक एकाइका रूपमा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक अध्ययन प्रस्तुत गरी सम्बद्धक र सम्बद्धन तथा अनुच्छेदका बिचको पूर्वापर सम्बन्धको विश्लेषण गरिएको छ। यसरी हेर्दा परालको आगो कथा सङ्ग्रहको विश्लेषण गरिए पनि आवश्यक रूपमा सामग्री सङ्कलन गरिएको छैन।

भट्टराई (२०७२) द्वारा *मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण* शीर्षकमा गरेको शोधकार्यको सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गहन अध्ययन अनुसन्धान गरेको छ। प्राथमिक स्रोतका रूपमा मैले

नजन्माएको छोरो कथा र द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय अध्ययनको प्रयोग गरिएको छ। यस अध्ययनमा सङ्कथनको परिचय भाषिक एकाइका रूपमा प्रस्तुत गरी सम्बद्धक र सम्बद्धन पहिचान गर्नु उक्त कथामा प्रयुक्त सम्बद्धकको स्थिति निरूपण गर्नु जस्ता उद्देश्य राखीएको  प्रस्तुत शोधमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ। कथामा प्रयुक्त वाक्य वाक्य बिच सम्बद्धक र सम्बद्धनको अध्ययन विश्लेषण गरिएको छ।

भट्टराई (२०७५) द्वारा *माउजङ बाबुसाहेबको कोट कथाको सङ्कथन* विश्लेषण गरिएको छ। यस शोधमा माउजङ बाबुसाहेबको कोटमा प्रयुक्त सम्बद्धकहरू र सम्बद्धनको पहिचान र विश्लेषण गर्ने भनी उद्देश्यहरू राख्दै व्याख्या विश्लेषण गरिएको पाइन्छ  तर दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण भएको पाइदैन।

खनिया (२०७९) द्वारा  *सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण*  गरिएको छ। उनले उक्त शोध कार्यमा अभिव्यक्तिको सबैभन्दा माथिल्लो एकाइ सङ्कथनलाई यसमा अध्ययनीय विषयका रूपमा लिइएको छ। यस लेखको मुख्य उद्देश्य सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गर्नु रहेको छ। यो अध्ययन गुणात्मक अनुसन्धानको पुस्तकालयीय अध्ययनमा आधारित छ। यसमा सम्बद्धकका आधारमा मात्र सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण गरिएको छ।

यहाँ सार्वनामिक, स्थानिक, कालिक, संयोजन, पुनरावृत्ति र लोपका आधारमा व्याकरणिक सम्बद्धक र पर्यायवाची, विपरीतार्थी समावेशी र सन्निधानका आधारमा कोशीय सम्बद्धकहरूको सङ्कथन विश्लेषण गरिएको छ। यसमा व्याकरणिक सम्बद्धकहरू प्रयोग भइको पाइन्छ। यस किसिमले व्यक्त विचारलाई कतै विस्तार गर्ने, कतै स्पष्टीकरण दिने, त कतै विकल्प दर्साउन लगायत विभिन्न किसिमका सम्बद्धकहरूले निबन्धलाई सरल, सरस र सम्प्रेषणीय बनाउन मद्दत गरेका छन्।

यसरी हेर्दा सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर गरिएका विभिन्न अध्ययन अनुसन्धानको सूची लामै देखिन्छ। शोध प्रस्तावमा दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण भाषिक एकाइका रूपमा सङकथन तथा सङ्कथन विश्लेषण गर्ने सैद्धान्तिक आधारहरूलाई प्रस्तुत गरी उक्त अनुच्छेदका बिचमा प्रयुक्त सम्बद्धक र सम्बद्धन समेत विश्लेषण गरिएको छ। यसबाट सङ्कथन विश्लेषणका बारेमा थप जानकारी मिल्ने र सङ्कथनात्मक दृष्टिले 'दोस्रो बाटो कथाको  सङ्कथन विश्लेषण विश्लेषण हुने हुँदा यससँग सम्बन्धित जानकारी समेत हासिल गर्न सहयोग पुगेको छ।

**अध्ययनमा पूर्वसाहित्यको महत्त्व**

कुनै पनि अध्ययन अनुसन्धान तथा विश्लेषणका कार्य सुरुवात गर्नुभन्दा अगाडि प्रस्तुत अध्ययनसँग सम्बन्धित अन्य कुनै शोध अध्ययन अनुसन्धान समीक्षा समालोचना, पुस्तक, पत्रपत्रिका, लेख रचना आदिको गहन अध्ययन गर्नु आवश्यक हुन्छ । त्यस कार्य सम्बन्धी भएका पूर्वकार्यहरू कुन प्रसङ्गमा रचना भएका के कस्ता सामग्री विधि तथा पद्धतिहरू अवलम्बन गरी प्रयोग गरिएका थिए र तिनीहरू के कति उद्देश्यह वा प्रयोजनका निम्ति तयार पारिएका थिए । सो सम्बन्धी गहन चिन्तन गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको समीक्षाबाट विगतका समस्या पहिल्याइ भविष्यलाई आवश्यक मार्गदर्शन गर्न मद्दत पुर्याउने समीक्षाहरू जुटाउन सहयोग प्राप्त हुन्छ । साथै प्रस्तुत शोधकार्यलाई अझै उत्कृष्ट बनाउन पूर्व साहित्यको अध्ययन र समीक्षा आवश्यक पर्दछ । त्यसै गरी विविध समयमा प्रकाशित हुने पत्रपत्रिकाले सामग्री सङ्कलन र विश्लेषणमा सहयोग गर्दछन् ।

**सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणा**

सामान्यतया संवाद विश्लेषणका रूपमा चिनिने सङ्कथन हाल आएर पाठ विश्लेषण वा आख्यान विश्लेषणका रूपमा पनि उपभोग हुन थालेको पाइन्छ । संवाद विश्लेषणका कथ्य भाषिक अभिव्यक्तिको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा अङ्गालिन्छ र त्यसै किसिमको विश्लेषण पद्धति अपनाइन्छ । पाठ विश्लेषणमा लेख्य भाषामा विभिन्न विधाको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणा विकसित भएका छन् । त्यस्तै आख्यान विश्लेषणमा आख्यानात्मक विधामा समय, घटना, चरित्र, कार्य, परिवेश बिचका आपसी सम्बन्ध र सङ्गठन पक्षहरूलाई केलाउने सैद्धान्तिक मान्यताहरू विकसित भएका छन् । यसरी सङ्कथनका स्वरूप र सन्दर्भगत भिन्नता अनुरूप यसका विश्लेषण प्रक्रिया पनि स्वभावले प्रभावित र निर्देशित भएका देखिन्छन् । सोही अनुरूपका सैद्धान्तिक आधार र पद्धतिगत भिन्नताले पनि यसलाई अझ विविधतापूर्ण र भिन्न प्रकृतिमा ढालेको देखिन्छ ।

सङ्कथन कुनै पनि विषयवस्तु, घटना, प्रसङ्ग वा विचारको साङ्गोपाङ्ग अभिव्यक्ति हो । यसको बृहत आकारले पूर्णता प्राप्त गर्नका लागि रूप, शब्द, वाक्यांश, वाक्य, अनुच्छेदको क्रमबद्ध आबद्धता हुनुपर्छ भन्ने सूक्ष्म आकारले पूर्णता पाउनका लागि प्रयुक्त शब्द र एकाइमा सिङ्गो विचार जनाउन सक्ने सामर्थ्य रहेको हुनुपर्छ । सुरु सुरुमा सङ्कथन भित्र कथ्य भाषाका कुराकानी, संवाद, वस्तुभित्र वर्णन घटना वा मात्रा वर्णन, वादविवाद

भाषण आदि मात्र पर्दछन् । तर आजभोलि लेख्य भाषामा कथा, कविता, जीवनी र महाकाव्य जस्ता विधाहरू पनि समावेश हुन थालेका छन् ।

सङ्कथन विश्लेषणमा पाठको स्वरूप संरचना वा घटकीय पक्षलाई पनि ध्यान दिनुपर्दछ (भट्टराई, २०६९ पृ.१८) सिङ्क्लेयरका अनुसार  सङ्कथन विश्लेषण वाक्य विश्लेषण गर्नुपर्दछ । निश्चित सैद्धान्तिक मान्यतामा रहेर गरिने सङ्कथन विश्लेषण कार्यबाट पाठ र रचनामा प्रयुक्त घटना चरित्र परिवेश समय जस्ता विभिन्न पक्षको विश्लेषण गरिन्छ । विचार वा प्रस्तुतिको अनुक्रम तथा तिनको उचित संयोजनको विश्लेषणबाट भाषा र भाषिक स्वरूपको विश्लेषणको सम्भव भएकोले सङ्कथन विश्लेषणलाई भाषिक अध्ययनको नवीन शास्त्र मानिएको छ ।

भाषाको प्रयोग कुन सन्दर्भमा भएको छ भन्ने कुराको पहिचान गरी सही अर्थ लगाएत विश्लेषण गर्नु सङकथन विश्लेषणको मुख्य अभिप्राय हो । यसले हरेक सङकथनभित्र प्रयोग भएका शब्दहरुको पहिचान गरी प्रत्येक शब्दको अर्को शब्दसंग अन्तरसम्बन्ध हुन्छ र त्यहि सम्बन्धको खोजी गरी भाषिक सन्दर्भको व्याख्या र विश्लेषण गर्नुपर्दछ भन्ने मान्यता राख्दछ ।

निष्कर्षमा सङ्कथन विश्लेषण भनेको सङ्कथनमा हुनुपर्ने गुणहरू भए नभएको पहिल्याउनु र सङ्कथन निर्माणको आधार पहिचान गरी त्यसको व्याख्या विश्लेषण गर्नु नै हो ।

**सङ्कथनको परिचय**

भाषाका विभिन्न एकाइहरू हुन्छन् । ध्वनि, वर्ण, रूप, शब्द पदावली, वाक्यांश र जस्ता एकाइ व्याकरणका विषय हुन् । यी भन्दा माथिल्लो एकाइ हो । जसले भाषाको सन्दर्भपूर्ण सिङ्गो अभिव्यक्तिको प्रतिनिधित्व गर्छ । यसमा भाषाका समग्र एकाइहरूको एकीकृत कथन सौन्दर्य र अर्थ आशयहरू प्रकाशित भएका हुन्छन् । अतः सङ्कथन भनेको सम्प्रेषणको सिङ्गो नमुनालाई सङ्कथन भनिन्छ ।

सङ्कथन शब्द अङ्ग्रेजी भाषा डिस्कोर्स (Discourse) शब्दको  समानार्थी शब्दका रूपमा नेपाली भाषामा प्रचलित भएको हो । यो ल्याटिन भाषाको डिसकर्सन Discursus बाट अङ्ग्रेजी भाषामा आएको शब्द हो । जसको अर्थ टु रन अन ( To run on )  भन्नेहुन्छ (पौडेल, २०७१पृ.१७) ।यसरी हेर्दा सङ्कथन भन्नाले सन्दर्भ बद्ध भएर फैलिएको र प्रकाशित भएको भाषिक स्वरूप भन्ने अर्थ लाग्दछ। सङ्कथन शब्दको पहिलो प्रयोग

गर्ने व्यक्ति पाश्चात्य भाषा विद्जे लिङ एस ह्यारिसहुन् ।उनले सन्१९५२ मा एउटा लेखले खेर विस्तारित पाठहरूमा भाषा तत्त्वको एकीकृत वितरण सम्बन्धी चर्चा गर्ने क्रममा सङ्कथन शब्दको प्रयोग गरेका थिए। त्यसमा उनको हेयर टनिकले विज्ञाप निक भाषालाई उदाहरण बनाएर सङ्कथनमा पनि वाक्य व्याकरण फैलिएको तथ्य प्रयोग गरेका थिए (पौडेल,२०७१पृ.१७)

सङ्गथनमा वाक्यहरु सन्दर्भअनुसार सिलसिला मिलेर आएका हुन्छन् । यसरी आएका वाक्यहरुलाई वक्ताले कुन आशय व्यक्त गर्न शब्दहरुको संयोजन कसरी सम्प्रोषण  गरेको छ  रु  भन्ने कुराको अध्ययन सङ्कथन विश्लेषणमा गरिन्छ । यस्तो अध्ययनबाट सन्दर्भलाई बुझ्न सजिलो हुन्छ । लेखक  ,  पाठक र परिवेश सङकथनका अनिवार्य तत्वहरु हुन् । भाषाको अर्थका साथै वक्ता र श्रोतको परिस्थितिअनुसार संरचना र प्रकार्यलाइ मिलाएर सङ्कथन विश्लेषण गरिन्छ ।

भाषाको अर्थका साथै वक्ता र श्रोताको परिस्थितिअनुसार सिलसिला मिलेर आएको हुन्छ । तसर्थ संरचना र प्रकार्यलाई मिलाएर संकथन विश्लेषण गरिन्छ । यस्तो अध्ययनबाट सन्दर्भलाई बुझ्न सजिलो हुन्छ । यसले सङ्कथनगत  उययुक्तताको मात्र विश्लेषण नगरी भासिक घटनाका रुपमा आउने जुनुसुकै र जस्तोसुकै अभिव्यक्तिहरुको अध्ययन गर्न सक्नदछ । (भण्डारी,  २०६८ ः पृ. १४)

भाषाको सबैभन्दा ठूलो र आफैँमा पूर्ण एकाइ सङ्कथन हो  । आफैँमा पूर्ण भएका तर जस्तोसुकै परिवेशमा प्रस्तुत गरिएका जुनसुकै भाषिक अभिव्यक्तिहरुलाई सङ्कथन भनिन्छ भने यस्ता सङकथनहरुको अध्ययन र विश्लेषण गर्न नवीन सिद्धान्त सङकथन विश्लेषण हो । यस शोध पत्रमा यही सैद्धान्तिक अवधारणाको अनुशरण गर्दै कथाकार भागारथी श्रेष्ठद्धारा लिखित दोस्रो बाटो कथाको विश्लेषण गरिएको छ । मानवीय भाषिक व्यवहार क्रममा थुप्रै सङकथनहरु बन्ने गर्दछन । सङकथन विश्लेषण सम्बन्धी मान्यतालाई आधार मानेर यस्ता सबै सङकथनहरुको अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

निष्कर्षमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो । जुन आफैमा पूर्ण हुन्छ । यसको स्वरूप लामो वा  छोटो दुवै हुन सक्छ । यो लेख्य अनि कथ्य दुवै रूपमा आउन समाविष्ट हुने हुँदा सङ्कथन अर्थगत पक्ष दुवै पक्ष अन्तर्गत प्रस्तोता, बोद्धा, परिवेश र प्रसङ्ग पर्दछन् ।

**सङ्कथनको परिभाषा**

सङ्कथन वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो। यो लेख्य र कथ्य दुवै रूपमा आउन सक्छ। यसको आयाम एउटा सानो अंशदेखि लिएर विशाल आकारको महाकाव्यसम्मसमेतको हुन सक्छ। सङ्कथन कथ्य, लेख्य र साङ्केतिक जे भएपनि यसले भाषाको सिङ्गो वा समग्र कथनलाई समेट्न अनिवार्य छ। सङ्कथनलाई आफ्नै ढङ्गले परिभाषा दिएपनि निष्कर्षमा प्रायः एउटै देखिन्छ। भाषागत एकाइका दृष्टिले भएको आकार उच्चतम देखा पर्दछ भन्ने अर्थगत दृष्टिले यो सङ्लो एवम् पूर्व अभिव्यक्तिका रूपमा देखा पर्दछ।

नुनान (सन् १९३३ पृ.१५६) का अनुसार 'सङ्कथनले सान्दर्भिक सम्प्रेषणीय कथन घटनाको व्याख्यानलाई बुझाउँछ। कुराकानी तथा पाठ्य स्वरूपमा प्रस्तुत गर्न सकिने सङ्कथनमा सम्बोधक सम्बोधित, परिवेश,कोड, सन्देश, उद्देश्य लगायतका तत्त्वहरू अन्तर्निहित हुन्छन्। जसलाई सम्बद्धक सङ्कथनात्मक प्रकृतिमा सुसंयोजन गरेका हुन्छन्।

गौतम र अन्य (२०६७ पृ.२३ ) का अनुसार सङ्कथनलाई संरचनात्मक तथा सन्दर्भपरक गरी दुई रूपमा परिभाषित गर्न सकिन्छ। संरचनागत परिभाषा अन्तर्गत सङ्कथनलाई वाक्यभन्दा माथिल्लो तहको भाषिक प्रयोगका रूपमा र सन्दर्भपरक परिभाषा अन्तर्गत खास सन्दर्भमा भएको भाषाको प्रयोग वा वास्तविक भाषिक प्रयोगका रूपमा लिन सकिन्छ।

लिङ्क्लेयर (सन् १९७५) का अनुसार व्याकरण विश्लेषणका पाँचओटा तहरहरू रुप, पद, पदावली, वाक्यांश र वाक्यको विश्लेषण गरिएजस्तै सङ्कथन विश्लेषणमा  पनि कार्य, चाल, विनिमय प्रबन्ध र पाठ गरी पाँचवटा तहको विश्लेषण गरिन्छ।

महर्जन (२०१० पृ.२२८) का अनुसार सङ्कथन भनेको कुनै सन्दर्भमा व्यक्त भएको साञ्चारिक घटनाको व्याख्या वा विश्लेषण हो जसभित्र एकभन्दा बढी वाक्य रहन्छन् ।सङकथन सामर्थ्य भाषिक सामर्थ्यको तह हो।

समग्रमा भाषाको कथ्य वा अभिव्यक्तिमा आधारित समग्र कथनलाई सङ्कथन भनिन्छ। यस अन्तर्गत विभिन्न सन्दर्भमा प्रयोग भएका अभिव्यक्तिमा विविध प्रकार पर्दछन्। लामो वा छोटो आयाममा प्रस्तुत हुन सक्ने

आयामका विचको प्रकटीकरण गर्दा हुने वाक्यभन्दा माथिका भाषिक एकाइ नै सङ्कथन हुन। भाषाका यिनै विस्तारित स्वरूपको विश्लेषण सङ्कथन विश्लेषण  हो।

**सङ्कथनका प्रकारहरू**

सङ्कथनलाई भाषाविद्हवरूले विभिन्न प्रकारले वर्गीकरण गरेको पाइन्छ। सामान्य सङ्कथन अन्तर्गत कथ्य र लेख्य सङ्कथन पारस्परिक सङ्कथन, औपचारिक सङ्कथन, अन्तरक्रियात्मक सङ्कथन पर्दछन् भने विशिष्ट सङ्कथन अन्तरगत विभिन्न विषय क्षेत्र जस्तै धार्मिक साहित्यको कानुन आदिसँग सम्बन्धित पर्दछन् (ढकाल २०६८ पृ.२०)। यसरी सङ्कथनमा सम्बन्धित रहेर खास गरी सङ्कथनलाई दुई प्रकारले वर्गीकरण गर्न सकिन्छ।

**कथ्य सङ्कथन**

कथ्य सङ्कथनले मौखिक अभिव्यक्तिलाई जनाउँछ। यसमा गफ, कुराकानी, संवाद, वादविवाद, ठट्टा, छलफल, प्रश्नोत्तर, कथाकथन, वस्तु, चित्र वा घटना वर्णन, श्रद्धाञ्जली, संवेदना, धन्यवाद ज्ञापन वधाई ज्ञापन, सपथ ग्रहण, गाली, प्रशंसा आदि पर्दछन्। यसमा वक्ता वा स्रोता दुवैको उपस्थिति हुन्छ। भाषिक प्रयोग सरलता हुनका साथै भाषेतर गतिविधिहरू कथ्य सङ्कथनमा रहेका छन्। कथ्यमा पदावलीको पुनरावृत्ति थेगोको प्रयोग निपात प्रयोग आदि हुने भएकोले अभिव्यक्तिमा स्वतन्त्रता महसुस गर्दछन्। कथ्य सङ्कथनमा स्वर ध्वनि विचार व्यक्त गर्न पालो पर्खनु पर्दछ। भाषाको जीवन्त रूप कथ्य भएकाले मानवीय सम्बन्ध स्थापित गर्न यसको प्रयोग गरिन्छ।

**लेख्य सङ्कथन**

लेख्य सङ्कथनलाई लिखित अभिव्यक्ति मानिन्छ। यस्ता अभिव्यक्तिमा सामुन्नेमा स्रोता त हुने कुरै भएन पाठक पनि हुँदैन। यस्तो सङ्कथन पाठक कल्पित भूमिकामा रहन्छ। लेख्य सङ्कथन लामो समयसम्म रहेको छिट्टै परिवर्तन नहुने प्रकृतिको हुन्छ। लेख्य सङ्कथनमा स्तरीय औपचारिक भेद प्रयोग गरिने हुँदा व्याकरण सम्मत बनाउने प्रयास हुन्छ। लेख्य सङ्कथनमा सामान्यभन्दा विशिष्ट शब्दभण्डारको बढी प्रयोग गरिन्छ। कथ्यमा झैँ

थेगो, निपात, जस्ता शब्द लेख्य सङ्कथनमा प्रयोग गरिदैन । लेख्य सङ्कथनलाई कथ्य सङ्कथनभन्दा सघन र जटिल प्रकृतिको सङ्कथन भनिन्छ ।

**सङ्कथन विश्लेषण पद्धति**

सङ्कथन विश्लेषण कहाँबाट सुरु गर्ने कसरी अगाडि बढ्ने कहाँ पुगेर अन्त्य गर्ने भन्ने कुराको अध्ययन गर्ने पद्धतिलाई सङ्कथन पद्धति भनिन्छ । सङ्कथन विश्लेषणका क्रममा सङ्कथनमा प्रयुक्त घटकहरूको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गर्ने कार्य सङ्कथन विश्लेषणमा  हुन्छन् । सङ्कथन विश्लेषणका क्रममा निम्न पद्धतिको उपयोग गर्न सकिन्छ ।

**ऊर्ध्वगमन पद्धति**

सङ्कथन विश्लेषण गर्दा यो पद्धति जटिलबाट सरलतिर जाने पद्धति हो । यसमा सबैभन्दा साना एकाइको पहिचान र विश्लेषण गर्दै माथिल्लो वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठको विश्लेषण गरिन्छ ।

ऊर्ध्वगमनः - पाठ, परिच्छेद, अनुच्छेद, वाक्य

**अधोगमन**

सङ्कथन विश्लेषणका क्रममा सरलबाट जटिलतिर जाने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यसलाई ऊर्ध्वगमन पद्धतिको ठिक उल्टो पद्धति भनिन्छ । अधोगमन पद्धतिमा पाठ, परच्छेद, अनुच्छेद, वाक्य हुँदै तल्ला भाषिक एकाइको सङ्कथन विश्लेषण गरिन्छ ।

अधोगमन   पाठ, परिच्छेद, अनुच्छेद, वाक्य

**अन्तर्कियात्मक पद्धति**

ऊर्ध्वगमन र अधोगमनले सङ्कथन विश्लेषण गर्न नसकेपछि सन् १९९० मा स्टानोभिजले अन्तर्क्रियात्मक पद्धतिको प्रयोग गरेका छन् । उनका अनुसार बोध र विश्लेषण तलबाट माथितिर र माथितिरबाट

तलतिर भन्ने सजिलो कुरा होइन बरू यो त एक अन्तरक्रियात्मक प्रक्रिया हो। यस पद्धतिमा एक तहमा भएको कमिलाई अर्को तहमा पुरा गर्न सकिन्छ।

**सङ्कथनका तत्त्वहरू**

सङ्कथनलाई पूर्ण बनाउने काम गर्ने विभिन्न तत्त्व हुन्छन्। यस्ता तत्त्वलाई सम्प्रेषणका तत्त्वका रूपमा पनि चिनिन्छ। सङ्खकथनका तत्त्वले सङ्कथनलाई पूर्ण बनाउन मद्दत पुर्यातउँछ। ढकाल (२०७६) द्वारा सङ्कथनका तत्त्वलाई निम्नानुसार प्रस्तुत गगरिएको छः

**प्रस्तोता**

कथ्य सङ्कथनमा वक्ता र लेख्य सङ्कथनमा लेखकलाई प्रस्तोता मानिन्छ। सङ्कथनमा प्रस्तोताको भूमिका महत्वपूर्ण हुन्छ। उसले आफ्ना विचार व्यक्त गर्दा स्रोता वा पाठकको ध्यान आकर्षित गर्छ। लक्षित स्रोता वा पाठकका विचार वा प्रतिक्रिया अनुसार आफ्ना विचारलाई नयाँ मोड दिन्छ। प्रस्तोताले लक्षित समूहको स्तर र पृष्ठभूमिलाई ध्यान दिएर विचारको सरल वा जटिल प्रस्तुतीकरण गर्दछ। तसर्थ प्रस्तोता सङ्कथनको महत्त्वपूर्ण तत्त्व हुन्छ।

**प्रापक**

प्रापकलाई बोद्धाका रूपमा पनि चिन्न सकिन्छ। कथ्य सङ्कथन सुन्ने र लेख्य सङ्कथन पढ्ने व्यक्तिलाई भावक वा पाठक भनिन्छ। स्रोता र पाठक सङ्कथनका प्रापक बोद्धा हुन्। बोद्धा वा प्रापक सङ्कथनको दोस्रो महत्त्वपूर्ण तत्त्व हुन्छ। प्रस्तोताले आफ्ना विचार बोद्धालाई सूचित गर्ने लक्ष्य राख्छ। संवाद र प्रश्नोत्तरका सन्दर्भमा वक्ता बोद्धा छिन छिनमा भूमिका परिवर्तन गरी प्रस्तुत हुन्छन्। यस्ता अवस्थामा उनीहरूको भूमिका अन्तपरिवर्त्य हुने देखिन्छ।

**माध्यम**

माध्यमलाई मार्गका रूपमा पनि व्याख्या गर्न सकिन्छ । सङ्कथन व्यक्त गर्ने उपायलाई माध्यम वा मार्ग भनिन्छ । सङ्कथन कथ्य र लेख्य माध्यमद्वारा प्रकटित हुन सक्छ । रेडियो, टिभी, भाषण, सिनेमाका संवाद कथ्य सङ्कथन हुन भने पत्र पत्रिका, पुस्तक आदि लेख्य सङ्कथन हुन् यसका साथसाथै रङको संयोजन र सङ्केत चिह्नहरूद्वारा पनि विचारको सम्प्रेषण हुन सक्छ । यी सबै विषयवस्तु प्रकट गर्ने माध्यम वा मार्ग हुन् ।

**सूचनाको स्वरूप**

सङ्कथनको स्वरूपालाई सूचनाको स्वरूप र प्रकारले फरक पार्दछ । गफ, ठट्टा, छलफल, वादविवाद, विज्ञापन, वर्णन, चिठी आदिमा एउटै विषयवस्तु पनि फरक फरक ढङ्ग र ढाँचामा प्रस्तुत हुन्छ । यस्ता विधामा विचारको सङ्गठन पनि भिन्नाभिन्नै रूपमा भएको हुन्छ । सरल- जटिल, सघन र शिथिल सङ्गठनले विचारको प्रस्तुति बोधमा भिन्नता ल्याउँछ । फेरि सूचनाको स्वरूप निर्धारण प्रथम, द्वितीय र तृतीय पुरुषको दृष्टिविन्दुले पनि गर्दछ । सूचनाको स्वरूपले सङ्कथन प्रभावित हुन्छ, तसर्थ यसलाई सङ्कथनका तत्त्वका रूपमा मान्नु जरूरी हुन्छ ।

**सङ्कथनका युक्तिहरू**

मानवीय अनुभवलाई भाषाका एकाइमा उन्ने काम सङ्कथनमा हुन्छ । यसले विचार वा भावलाई सङ्गतिपूर्ण बनाउँछ । सङ्कथन निर्माणमा आएका भाषिक घटकहरूलाई जोड्नका लागि आएका तत्त्वहरूलाई नै सङ्कथनका युक्ति भनिन्छ । सङ्कथन निर्माणका लागि आवश्यक पर्ने युक्तिलाई सम्बद्धक र सम्बद्धन भनिन्छ । सङ्कथन निर्माणकालागि आवश्यक पर्ने युक्तिहरूलाई सम्बद्धक र सम्बद्धन भनिन्छ । सङ्कथन निर्माणले सम्बद्धक र सम्बद्धनको प्रयोग गरिरहेको जानकारी नपाए पनि स्वभाविक रूपमा पूर्ण कथन वा समग्र कथन यी दुवै उपस्थित हुन्छन् । विचारको श्रृङ्खलालाई जोड्न र विचार प्रभावकारिताको भूमिका निर्वाह गरेका हुन्छन् । त्यसकारण यिनको भूमिकालाई सङ्कथनमा उल्लेख्य नै मानिन्छ ।

**सम्बद्धक**

सम्बद्धकलाई भाषिक एकाइका विचमा सम्बन्ध स्थापना गरेर अभिव्यक्तिलाई सन्दर्भ, प्रसङ्गपूर्ण बनाउने युक्ति मानिन्छ। सम्बद्धक वाक्य वा त्यसभन्दा माथिल्लो भाषिक एकाइहरूलाई अन्तरसम्बन्धित बनाउने वा एक आपसमा जोड्ने विविध भाषिक एकाइ वा वाक्यभन्दा माथिको अन्तर वाक्यात्मक जोड्ने अन्वयक संयोजक वा जोडक पनि भनिन्छ। सम्बद्धकले पाठभित्रका भाषिक एकाइलाई सुनिश्चित समबन्ध सूत्रमा बाँधेर सङ्कथनलाई अर्थपूर्ण बोधगम्य र सम्प्रेष्य बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। यस क्रममा सङ्कथनात्मक पाठहरूका वैचारिक श्रृङ्खहरूलाई विस्तार गर्ने, स्पष्टीकरण दिने, थपोट गर्ने कार्य कारण सम्बन्ध देखाउने, विकल्प दर्साउने, विरोध गर्ने, अनुमोदन गर्ने, समर्थन गर्ने, निष्कर्ष दिने आदि भूमिकाले सङ्कथनमा प्रत्यक्ष सहयोग पुर्यायएका हुन्छन्। सम्बद्धक सङ्कथन मूलतः सार्वनामिक सम्बद्धक,स्थानिक सम्बद्धक र कालिक सम्बद्धक,संयोजक सम्बद्धक, पुनारावृत्ति, प्रतिस्थापन, लोप, कोशीय अर्थ सम्बद्धक आदि रहेका छन्। माथि विभिन्न किसिमका सम्बद्धक भए पनि खास गरी व्याकरणिक सम्बद्धक र कोशीय सम्बद्धकका रूपमा विभाजन गर्न सकिन्छ।

**व्याकरणिक सम्बद्धक**

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने सम्बद्धकहरूलाई नै व्याकरणिक सम्बद्धक भनिन्छ। सङ्कथनमा यसको भूमिका वाक्यहरूलाई व्याकरणिक कोटिका आधारमा निर्धारण गर्नु हो। यस व्याकरणिक सम्बद्धकका प्रकारहरू निम्न छन्;

**सार्वनामिक सम्बद्धक**

वाक्यभित्र र वाक्य वाक्यका बिचको कथनलाई जोड्ने सार्वनामिक एकाइलाई सार्वनामिक सम्बद्धक भनिन्छ। सर्वनामसँग सम्बन्धित सन्दर्भले वाकयका अग्र वा पश्च सन्दर्भमा आएर विषयवस्तु वा विचारलाई सन्दर्भपूर्ण बनाउने काम गर्छ। सङ्कथनका अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामहरू अग्र सन्दर्भक हुन भने पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनामहरू पश्च सन्दर्भक हुन्। जस्तैः

क. हरि घर गयो र उसले काममा लगायो।

ख. रीता असल छिन, उनले मिहिनेत गरेर पढ्छिन।

माथिको उदाहरण क मा उसले हरिलाई सङ्केत गरेको छ । अर्थात् आफूभन्दा अगाडिको सूचकलाई यसले व्यक्त गरेको छ भने ख को उदाहरणमा आएको रीता सर्वनामले मिहिनेतलाई बुझाएको छ । यहाँ राम अग्रसन्दर्भकका रूपमा आएका छन् । सार्वनामिक सम्बद्धकहरूलाई पनि विभिन्न प्रकारले बाँडेर अध्ययन गर्न सकिन्छ ।

**पुरुषवाचक**

कथनमा वक्ताको सन्दर्भ जनाउने सर्वनामलाई सार्वनामिक सम्बद्धक भनिन्छ । म र हामी सार्वनामिक सम्बद्धक हुन् । यिनीहरूसँग विभिन्न चिह्न र बहुवचनको रूप तथा नामयोगी जोडिदा बन्ने अन्य रूपहरू पनि सङ्कथनमा सार्वनामिक सम्बद्धकका रूपमा आएका हुन्छन् । कथनमा स्रोताको सन्दर्भ बुझाउने सर्वनामलाई द्वितीय पुरुषवाचक सम्बद्धक भनिन्छ । तँ, तिमी, तपाई, यहाँ, हजुर, मौसुफ र यिनका बहुवचन रूप विभक्ति रूपहरू र नामयोगी जोडिएका रूपहरूलाई द्वितीय पुरुष सम्बद्धक भनिन्छ । वक्ता र स्रोताको सन्दर्भमा भन्दा कथ्य विषयसँग सम्बन्धित सन्दर्भ जनाउने सार्वनामिकहरू तृतीय पुरुष सर्वनाम बहुवचनका रूपहरू, विभक्ति लागेपछिका रूपहरू र नामयोगी जोडिदा बन्ने रूपसमेत तृतीय पुरुष सार्वनामिक सम्बद्धककै रूपमा सङ्कथनमा प्रयोग हुन्छन् ।

**दर्शकवाचक**

कुनै पनि वस्तु वा धारणालाई तोकेर देखाउनका लागि प्रयोग हुने सर्वनामलाई दर्शकवाचक सर्वनाम भनिन्छ । दर्शकवाचक सर्वनाम पनि निकटवर्ति र दूरवर्ति दुई किसिमका हुन्छन् । वक्ता नजिक सन्दर्भ जनाउने सर्वनाम निकटवर्ति र टाढाको सन्दर्भ देखाउने सर्वनाम दूरवर्ति सर्वनाम हुन्छन् ॥ जस्तैः यो, यी, यहाँ यस आदि निकटवर्ति दर्शकवाचक सर्वनाम हुन भने त्यो ती, तिनी, त्यही, त्यसले आदि दूरवर्ति दर्शकवाचक सर्वनाम हुन् ।

**सम्बन्धवाचक**

कुनै दुई वा सोभन्दा बढी उपवाक्य र वाक्यांशका बिच आपसी समबन्ध दर्शाउन आउने सम्बद्धकलाई सम्बन्धवाचक सार्वनामिक सम्बद्धक भनिन्छ । जस्तैः जो, जे, जुन, जहिले, जहाँ, जसरी, त्यसरी जस्ता सम्बद्धकहरू सम्बन्धवाचक सार्वनामिक सम्बद्धकभित्र पर्दछन् ।

**प्रश्नवाचचक**

वाक्य स्वरूपलाई प्रश्नवाचक बनाउन आउने सम्बद्धकलाई प्रश्नवाचक सार्वनामिक भनिन्छ। को, के, कुनै, कहाँ, कहिले, कसरी लगायतका सम्बद्धकहरू प्रश्नवाचक सम्बद्धक हुन्।

**आत्मवाचक**

आफू र स्वयमलाई बुझाउन आउने सम्बद्धकलाई आत्मवाचक सर्वनाम भनिन्छ। आफू शब्दमा विभक्ति, नामयोगी तथा बहुवचन जोडिदा आत्मवाचक सम्बद्धकको प्रयोग हुन्छ।

**पारस्परिक**

पारस्परिकको वा एकआपसको अवस्था जनाउन प्रयोग हुने सम्बद्धकलाई पारस्परिक सार्वनामिक सम्बद्धक भनिन्छ। एक आपसमा, आफ्नो, एक- अर्को, आपस-आपसमा आ-आफू लगायतका सम्बद्धकहरू यस अन्तर्गत पर्दछन्।

**स्थानिक सम्बद्धक**

सङ्कथन संरचनामा आएको कथन घटनाका विभिन्न स्थान एवम् परिवेश जनाउनका लागि नाम, सर्वनाम, नामयोगी तथा क्रियायोगीहरू प्रयोगमा आएका हुन्छन्। जस्तै चितवन, धनगढी, काठमाडौँ, पोखरा, बुटवल, वारि, पारि, हिमाल, यहाँ, भित्र, बाहिर, त्यहाँ, मुनि, वरपर,नजिक आमुन्ने, सामुन्ने, माथि आदि स्थानिक सम्बद्धकको प्रयोग कहाँ कता र को सूचना प्रस्तुत गर्दा हुन्छ।

**कालिक सम्बद्धक**

सङ्कथनमा कथ्य घटनाको काल वा समय जनाउन आउने सम्बद्धकलाई कालिक सम्बद्धक भनिन्छ। यस अन्तर्गत नामयोगी र क्रियायोगी जस्ता कालिक सम्बद्धकहरू पर्दछन्। जस्तैः गत वर्ष, एकछिन पछि जहिले पनि, केही समयपछि आदि। कालिक सम्बद्धकले समग्रतः कहिले भन्नु भन्ने सूचना प्रस्तुत गर्ने गरिन्छ।

**संयोजक सम्बद्धक**

सङ्कथनमा आएका दुई वा सोभन्दा बढी उपवाक्य तथा वाक्यलाई जोड्दा आउने शब्दलाई नै संयोजक सम्बद्धकभनिन्छ। संयोजक निश्चित हुने भएकोले यसलाई बद्ध वर्गमा राखिन्छ। संयोजकको मुख्य कार्य दुई व्याकरणिक एकाइलाई जोड्नु हो। संयोजकलाई सापेक्ष र निरपेक्ष भनेर वर्गीकरण गरिएको छ।

**प्रतिस्थापन सम्बद्धक**

सङ्कथनमा पूर्व प्रयुक्त उपवाक्य र वाक्यहरूका एउटा सोही भाषिक कार्य रअर्थ अभिप्राय जनाउन आउने अर्को पद, पदावली, उपवाक्य र वाक्यको उपयोग गरी काम चलाउँदा पनि सङ्कथनात्मक सम्बद्धक झल्किएको हुन्छ । यसमा अभिव्यक्तिमा विविधता आलङ्कारिकता र  मिठाकसको पनि निर्माण भएको हुन्छ ।

**लोप सम्बद्धक**

सङ्कथनयुक्त घटना र वैचारिक अभिव्यक्तिमा  कतिपय कुराहरू सान्दर्भिक ढङ्गले सजिलै पूर्वानुमान हुन सक्ने भएमा तिनको लोप गरेर पनि सम्बद्धक बनाउन सकिन्छ । यस्ता लोप भएका भाषिक प्रसङ्ग वा आइटमहरू स्रोता र पाठकहरूकले सहज ढङ्गले बुझ्न सक्ने र व्याख्या गर्न सकिने खालका हुन्छन् । त्यसैले यस्तो सूचनाहरू एक- एक गरेर उल्लेख नभएका भए पनि सम्प्रेषणात्मक सन्दर्भका आधारमा कार्य कारण,भाव, भावना, प्रकाश्य प्रकाशन आदि प्रसङ्गहरूको सहयोगमा बोधगम्य हुन्छन् ।

**पुनरावृत्ति सम्बद्धक**

सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएको भाषिक एकाई पछिल्लो वाक्यमा पनि देखा परेमा त्यहाँ पुनरावृत्ति हुन्छ । एउटै भाषिक एकाइको पटक - पटक प्रयोग हुनु पुनरावृत्ति हो । सङ्कथनमा पद, पदावली, वाक्य र सिङ्गो वाक्य समेत पुनरावृत्ति हुन्छ ।

**निपात सम्बद्धक**

निपातहरू वाक्यमा कुनै खास शब्दमा वा वाक्यमा आश्रित रही तिनमा निश्चित आग्रह, स्वीकृति, बल आदि भाव थप गर्ने अव्यय शब्द हुन् । यिनीहरूको स्वतन्त्र अर्थ हुँदैन । सधै यिनीहरूभाषामा सीमित सङ्ख्यामा रहेका हुन्छन् । जस्तैः नै, मात्र, केवल, ले, है , त, वि, पो, क्या, क्यार, खै, लौ, आदि । निपातहरू वाक्यमा अग्र, मध्य र अन्तिममा आउन सक्छन् ।

**कोशीय समबद्धक**

सङ्कथनमा सम्बद्धकको रूपमा कार्य गर्ने कोशीय प्रकृतिका शब्दहरूलाई कोशीय सम्बद्धक भनिन्छ। कोशीय सम्बद्धकहरूले दुई वा दुईभन्दा बढी शब्दका अतिरिक्त वाक्य वाक्यका बिचको आर्थी सम्बन्धलाई जनाउँछ। कोशीय सम्बद्धक अन्तर्गत नाम, विशेषण, क्रियायोगी र क्रिया पर्दछन्। यिनीहरू अर्थतात्विक दृष्टिले स्वतन्त्र एवम् पूर्ण हुन्छन् भने मात्रात्मक दृष्टिले असङ्ख्य हुन्छन्। सङ्कथनको संरचनामा मुख्य संरचक घटकको रूपमा रहेको कोशीय सम्बद्धकलाई व्यवस्थित किसिमले लिएर प्रयोग गरिएको हुन्छ। यिनको प्रयोगबाट सङ्कथनमा व्यक्त गर्न खोजिएका विचार प्रभावकारी उपयुक्त रसात्मक हुनुका साथै सुहाउँदो बन्न पुग्छन्। कोशीय सम्बद्धकहरू निम्न प्रकारका छन्;

**पर्यायवाची सम्बद्धक**

कुनै एउटा शब्दले व्यक्त गर्ने विचार अर्को शब्दले पनि व्यक्त गर्न सक्ने अव्सथालाई पर्यायवाची र त्यसका निम्ति प्रस्तुत गर्न सक्ने शब्दहरूलाई पर्यायवाची सम्बद्धक भनिन्छ। पर्यायवाची सम्बद्धकले भन्न खोजेका कुरालाई अझ स्पष्ट पार्ने काम गर्दछ। कतिपय शब्दहरूले व्यक्त गर्ने अर्थ अन्य पर्यायवाची शब्दले तुरून्तै प्रस्तुत गर्दछन् भने कतिपयले निकृष्ट अर्थ प्रदान गर्दछन्। यस आधारमा पर्यायवाची सम्बद्धकलाई पूर्ण र कोशीय सम्बद्धक र आंशिक पर्यायवाची सम्बद्धकमा पनि विभाजन गर्न सकिन्छ।

**विपरीतार्थक सम्बद्धक**

कुनै शब्दले  व्यक्त गर्ने वा गरेको अर्थलाई विपरीतार्थी र त्यसका निम्ति प्रस्तुत शबादलाई विपरीतार्थी कोशीय सम्बद्धक भनिन्छ। विपरीतार्थी कोशीय सम्बद्धकहरूमध्ये केहीले पूर्ण विपरीतार्थी केहीले आंशिक विपरीतार्थी अर्थ प्रस्तुत गर्छन्। यस आधारमा विपरीतार्थी कोशीय सम्बद्धकहरूलाई श्रेणीबद्ध विपरीतार्थी, परिपुरक विपरीतार्थी र विरूद्धार्थक विपरीतार्थी सम्बद्धक गरी तिन प्रकारका विभाजन गर्न सकिन्छ। श्रेणीका आधारमा विपरीतार्थी अर्थ बुझाउने सम्बद्धकलाई श्रेणीबद्ध विपरीतार्थी (तातो- चिसो) उल्टो अर्थ बुझाउने सम्बद्धकलाई परिपुर विपरीतार्थी र विरूद्धार्थक विपरीतार्थी (आकाश-पाताल, दिन -रात) आदि सम्बद्धक पर्दछन्।

**समावेशात्मक सम्बद्धक**

विभिन्न पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकतामा दुई किसिमका शब्दहरू रहेका हुन्छन् । समावेशक र समाविष्ट धेरै शब्दलाई आफूभित्र समावेश गर्न सक्ने साझा शब्द समावेशक हुन् । समावेश हुन आउने अन्य शब्दहरू समाविष्ट शब्दहरू हुन् । समावेशकलाई मुख्य र उच्च पद भनिन्छ । समाविष्टलाई सहपद र निम्न पद भनिन्छ । जस्तैः फूल (समावेशक) गोदावरी, मखमली, सयपत्री (समाविष्ट) आदि ।

**सन्निधान सम्बद्धक**

कुनै शब्दको कुनै शब्दसँग रहेको सानिध्य सम्बद्धकलाई सन्निधान भनिन्छ । सङ्कथनमा आउने कतिपय शब्दहरूले एकथरी शब्दसँग सन्निधान राख्दछन् । अर्को थरी शब्दसँग राख्दैनन् । सन्निधानले सन्निधान राख्ने शब्दहरूको स्वभावजन्य अवस्थालाई जनाउँछ । यस अनुसार कुनै भाषिक एकाइ त्यस्ता हुन्छन् । जसको अर्थ अर्को भाषिक एकाइको सन्निधानबाट मात्र खुल्दछ । अर्थात् कुनै भाषिक एकाइले अर्को भाषिक एकाइको सहप्रयोगबाट मात्र आर्थी सामर्थ्य प्रस्तुत गर्दछन् । यसलाई भाषिक प्रसङ्गका रूपमा पनि लिने गरिन्छ । भाषाका कतिपय शब्दहरूका अतिरिक्त उखान टुक्कामा पनि यस किसिमको स्थिति पाइन्छ । सन्निधान शब्दले सङ्कथनका सन्दर्भममा शब्दको वाक्यहरू बिच श्रृङ्खला मिलाउन विचार वा भनाइ प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

**सम्बद्धन**

सम्बद्धकले सङ्कथनको सतही तहमा संयोजन गर्ने कार्य गर्दछ भने सम्बद्धनले भित्री तहको संयोजन गर्दछ । यो सङ्कथनको अप्रत्यक्ष युक्ति हो । यसले सङ्कथनमा शब्द, वाक्य, अनुच्छेद आदि बिच अर्थ समबन्ध संयोजन गर्दछ । यो सङ्कथन विषयवस्तु वा  विचार हो । वाक्य वा लेखले अभिव्यक्त गरेका विषयवस्तु विचार वा ज्ञानलाई सम्बद्धन भनिन्छ । त्यस्ता विषयवस्तु विचार बुझ्न विषयवस्तु वा विचारका विचमा अघिल्लो वा पछिल्लो क्रम मिल्नु पर्दछ । सम्बद्धनमा भाषाका कथ्य वा लेख्य अभिव्यक्तिका अंशहरूबिच कार्यकारण, कारण, कार्य, समानता, भिन्नता, स्पष्टीकरण तार्किकता आदिको सम्बन्ध स्थापना गर्दछ । अघिल्लो वाक्य वा अनुच्छेद

आदिमा विचारले पछिल्लोको समेत सङ्केत गर्दै लगेको हुन्छ । सङ्कथनमा स्रोताको आन्तरिक आवृत्ति मिलाउन सम्बद्धनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

**क.सामान्य विशिष्ट सम्बन्ध**

सङ्कथनमा पूर्व वाक्य सामान्य रूपमा प्रस्तुत भई त्यसपछिको वाक्य विशिष्ट रूपमा प्रस्तुत हुनुलाई सामान्य विशिष्ट सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्धमा अघिल्लो वाक्यले सिङ्गो वा मूल भाव समेटेको हुन्छ भने पछिल्लो वाक्यले त्यसको सानो अंश समेटिएको हुन्छ ।

**ख.विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा पूर्व वाक्य विशिष्ट वाक्यका रूपमा प्रस्तुत भई पश्च वाक्य सामान्य वाक्यका रूपमा प्रस्तुत हुनुलाई विशिष् सामान्य सम्बन्ध भनिन्छ । यस किसिमको सम्बद्धन सम्बन्धमा अघिल्लो वाक्यले पछिल्लो वाक्यको सानो अंशलाई समेटेको हुन्छ । मुख्य भाव बोकेको वाक्य पछाडि रही त्यसको अंश भाव बोकेको वाक्य अगाडि प्रस्तुत हुनु यस किसिमको सम्बद्धन अभिलक्षण हो ।

**ग.कार्य कारणको सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्यमा कुनै कार्य प्रस्तुत भई पछिल्लो वाक्यमा उक्त कार्य हुनुको कारण प्रस्तुत हुनुलाई कार्य कारणको सम्बन्ध भनिन्छ । यस किसिमको सम्बन्ध कहिलेकाहीँ एउटै वाक्यभित्र पनि देखा पर्न सक्छ तर त्यस्तो वाक्यभित्र प्रकृतिको हुन्छ । जहाँ  मुख्य उपवाक्यको तार्किक आधार वा कारणको रूपमा आश्रित उपवाक्यहरू आउँछन् । त्यस्तो सम्बन्धमा किनकि, किनभने, कि, जस्ता संयोजकहरू अत्यधिक प्रयोग हुन्छण् ।

**घ.कारण कार्यको सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्य कुनै कार्य वा घटनाको कारण प्रस्तुत भई पछिल्लो वाक्यमा कार्य प्रस्तुतहुनुलाई कारण कार्यको सम्बन्ध भनिन्छ । यस्तो सम्बन्ध वाक्यन्तरिक वा अन्तरवाक्यीय दुवै रूपमा देखा पर्न सक्छ । यस्तो सम्बन्धमा यसकारण, कि, जस्ता, संयोजकको प्रयोग हुन्छ ।

**ङ. प्रभाव असरको सम्बन्ध**

पछिल्ला वाक्यको प्रभाव स्वरूप दोस्रो वाक्यको रचना सिर्जना हुनुलाई प्रभाव परिणामको सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा पूर्व वाक्यमा व्यक्त विचारको प्रतिफल पश्चवाक्य स्वरूपको रचना भएको पश्च अभिव्यक्ति आएको देखाइन्छ। यसमा फलतः तसर्थ, फलस्वरूप, परिणाम स्वरूप, त्यसैले जस्ता संयोजकको प्रयोग हुने सम्भावना अत्यधिक रहेको हुन्छ।

**च.परिणाम प्रभावको सम्बन्ध**

पहिले वाक्यको प्रभाव वा प्रतिफल स्वरूप अघिल्लो वाक्यको सिर्जना हुनुलाई प्रभाव परिणामको सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा कुनै विचार वा भनाइको प्रतिफल स्वरूप सृजित वाक्य स्वरूप वा भनाइलाई अगाडि नै प्रस्तुत गरिएको हुन्छ।

**छ.परिवेश घटनाको सम्बन्ध**

पछिल्लो कुनै खास घटनाको परिवेशको चर्चा गरेपछि उक्त परिवेशमा घटेको कुनै घटना बारे बताउनुलाई परिवेश घटनाको सम्बन्ध भनिन्छ।

**ज.घटना परिवेश सम्बन्ध**

अघिललो वाक्यमा कुनै खास घटनाको चर्चा गरेपछि पछिल्ला वाक्यमा परिवेशबारे चर्चा गरिनुलाई घटना परिवेश सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा पूर्व घटनाको स्थान र परिवेश पश्चवाक्य सन्दर्भमा प्रस्तुत गर्ने काम हुन्छ।

**झ.आर्थी पयार्यको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यका बिच संरचनागत समानता नरहे पनि आर्थी समानता रहेमा त्यस्तो सम्बन्धलाई आर्थीपर्यायको सम्बन्ध भनिन्छ। सङ्कथनमा भनाइ वा विचारलाई थप स्पष्ट पार्ने सिलसिलामा यस किसिमको सम्बद्धन प्रस्तुत हुन सक्छ।

**ञ.आर्थी विपर्यायको सम्बन्ध**

सङ्कथनको संरचनामा प्रस्तुत वाक्यहरूमध्ये अघिल्लो वाक्य आउनुलाई आर्थी विपर्याय र ती दुई वाक्य बिचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध भनिन्छ। यस किसिमको आर्थी सम्बन्ध जनाउनका लागि तर, पनि, तरपनि, यद्यपि, तथापि जस्ता संयोजकहरू आउन सक्छन्।

**ट.व्यतिरेकी तुलनात्मक सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यमा कुनै वस्तु, व्यक्ति, पदार्थ आदिका बिचको समानता असमानता प्रस्तुत गरी तुलना गरिएको अन्तरवाक्यीय सम्बन्धलाई व्यतिरेकी तुलनात्मक सम्बन्ध भनिन्छ। यसमा दुई वाक्य एक अर्काका विपरित हुँदैनन्। व्यतिरेकी तुलनात्मक सम्बन्ध जनाउनका लागि एकातिर, अर्कातिर, भने, तर जस्ता संयोजकहरूको अत्यधिक प्रयोग हुन्छ। यसमा अघिल्लो वाक्य र पछिल्लो वाक्यका बिचमा समानता र असमानताको आधारमा तुलना गरिन्छ।

**ठ. उद्देश्य प्रयोजनको सम्बन्ध**

सङ्कथनमा प्रस्तुत दुई वाक्यमध्ये पहिलो वाक्यमा कुनै घटना वा कार्य बनाएर त्यसपछि आउने दोस्रो वाक्यमा उक्त कार्य वा घटना हुनु, घट्नु वा घटाउनुको उद्देश्य प्रस्तुत हुनुलाई उद्देश्य प्रयोजनको सम्बन्ध भनिन्छ। घटना वा कार्य पहिले वा पछि प्रस्तुत गरेर पछि मात्र त्यसको प्रयोजन वा कार्य प्रस्तुत गर्दा सङ्कथनमा अन्तर वाक्यीय संरचनागत सिलसिलाले विशिष्टता प्रदान गर्दछ। यदि सङ्कथनमा दुई वाक्यमध्ये पहिलो वाक्यमा उद्देश्य प्रस्तुत भई पछिल्लो वाक्यमा कार्य वा घटना प्रस्तुत भएको छ भने पनि त्यस्तो सम्बन्ध प्रयोजनको सम्बन्ध हुन्छ।

**ड. स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रस्तुत कुनै वाक्यमध्ये अघिल्लो वाक्यमा व्यक्त भावलाई स्पष्ट पार्न पछिल्लो वाक्य आउनुलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा वाक्यको अस्पष्ट पूर्व आश्यलाई दोस्रो वाक्यमा प्रयुक्त आशयले स्पष्ट पार्दछ।

**ढ. अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रस्तुत निकटतम दुई वाक्यका बिच प्रत्यक्ष सम्बन्ध नदेखाइ परोक्ष रूपमा सम्बन्ध रहनुलाई अप्रत्यक्ष सम्बन्ध भनिन्छ। यस्तो सम्बन्ध नदेखिने खालको अदृश्य हुन्छ। भावगत दृष्टिका सापेक्षतामा अप्रत्यक्ष सम्बन्धको पहिचान गरिन्छ।

**ण.अनुमानित सम्बन्ध**

सङ्कथनमा प्रयुक्त प्रस्तुत निकटका दुई वाक्यमध्ये पहिलो वा अघिल्लो वाक्यसँग निकट रहेर पछिल्लो वा दोस्रो वाक्यको अनुमान गगरिएमा त्यस्ता वाक्यका बिचको सम्बन्धलाई अनुमानित सम्बन्ध भनिन्छ। यस किसिमको सम्बन्ध अघिल्लो वाक्यको अर्थलाई आधार मानेर पछिल्लो अर्थ अनुमान गरिन्छ।

**त. परिचयात्मक सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यहरूमध्ये पहिलो वाक्यमा कुनै वस्तु व्यक्ति वा स्थानको परिचय दिएर त्यसपछिका वाक्यमा त्यसका विशेषता प्रस्तुत गर्नुलाई परिचयात्मक सन्दर्भ र ती वाक्यका बिचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध भनिन्छ।

**थ. इन्द्रिय मस्तिष्कको सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यमध्ये पहिलो वाक्यमा इन्द्रिय मस्तिष्कको कार्य घटना वा यथार्थ प्रस्तुत भई पछिल्लो वाक्यमा त्यसले पारेको मनोवैज्ञानिक प्रभाव प्रकट हुनुलाई इन्द्रिय मस्तिष्कको सम्बन्ध भनिन्छ। त्यस्तो सम्बन्धमा अघिल्लो कार्य वा घटनाको परिणाम स्वरुप उत्पन्न हुने हर्ष, घृणा, डर, शङ्का, आश्चर्य दोस्रो वाक्यमा प्रस्तुत हुन्छ।

**द.अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा रहेका वाक्यका बिच कुनै खास घटना वा विषयका बारेमा रहेको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा वाक्यका बिच स्थानिक, कालिक तथा तार्किक क्रम प्रयोग हुन्छ। विषयवस्तु घटनाको वर्णनका सन्दर्भमा आउने अनुक्रममा रहेका वाक्यहरूलाई अलग - अलग गरेर अर्थबोध प्राप्त हुँदैन। यस्तो सम्बन्ध जनाउन र, अनि, त्यसपछि जस्ता संयोजकको प्रयोग बढी हुन्छ।

**ध. रीतावाचक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कुनै वाक्यमा अर्को वाक्यमा प्रयुक्त कार्य वा घटनाको तौरतरिका वा शैली बुझाउन अर्को वाक्य आउँदा रितिबोधक सम्बन्ध हुन्छ। यसमा कुन कार्य कसरी घट्यो भन्ने कुरालाई स्पष्ट पारिएको छ।

**न. निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये कुनै एउटा वाक्यको अर्थ अर्को वाक्यमा निहित हुनुलाई निहितार्थ सम्बन्ध भनिन्छ। यस्तो सम्बन्धमा अघिल्लो वाक्यमा अन्तर्निहित हुन सक्छ। यसमा वाक्यमा अर्थको समग्रता र अर्कोमा त्यसको विशिष्टता रहेको हुन्छ।

**प. स्मरणको सम्बन्ध**

सङ्कथनमा  प्रयुक्त वाक्यमध्ये वर्तमानको चर्चा गरेर अर्कोमा त्यस सम्बन्ध वा अतीतको सम्झना वा घटना प्रस्तुत गर्नुलाई स्मरणको सन्दर्भ र ती वाक्य बिचको आपसी सम्बन्धलाई स्मरणको सम्बन्ध भनिन्छ।

**फ. प्रश्नार्थ सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यमध्ये पहिलो वाक्य प्रश्नात्मक र त्यससँग सम्बन्धित भएर दोस्रो वाक्य पनि प्रश्नात्मक रूपमा नै प्रयुक्त भएमा सम्बद्धनको त्यस्तो स्थितिलाई प्रश्नार्थक सम्बद्धन भनिन्छ।

**ब. प्रश्नोत्तर सम्बन्ध**

सङ्कथनमा प्रस्तुत वाक्यमध्ये पहिलो वाक्यमा प्रश्न र दोस्रो वाक्यमा त्यसको उत्तर आएको सम्बद्धनात्मक स्थितिलाई प्रश्नोतर सम्बन्ध भनिन्छ।

**म. व्याख्यात्मक सम्बन्ध**

सङ्कथनमा कुनै कार्य वा घटना दुई वाक्य बिचमा सिलसिलाबद्ध रूपमा व्याख्या गरिएको छ भने त्यसलाई व्याख्यात्मक सम्बन्ध भनिन्छ।

सङ्कथनको संरचनामा उपयुक्त विभिन्न प्रकारका सम्बद्धक र सम्बद्धनको विशिष्ट भूमिका रहेको हुन्छ। समबद्धक भाषिक एकाइहरूलाई जोड्ने जोर्नीका रूपमा र सम्बद्धन वैचारिक श्रृङ्खलालाई जोड्ने जोर्नीका रूपमा क्रियाशील हुँदा मात्र सङ्कथनले खास आकार ग्रहण गर्दछ। त्यस्तो सङ्कथन बोध सम्प्रेष्य एवम् प्रभावकारी पनि हुन्छ। सङ्कथन विश्लेषणमा वाक्यान्तरिक र वाक्येतर संरचनालाई सुगठित बनाउने सम्बद्धक तथा वाक्यान्तरिक र वाक्येतर अभिव्यक्तिलाई सिलसिलेबार बनाउने सम्बद्धन दुबैको भूमिका अध्ययनबाट सङ्कथनको वस्तुगत र व्यवहारिक पक्षहरू स्पष्ट हुन्छन्।

# अध्यायः तीन
## अध्ययन विधि र प्रक्रिया

### अध्ययनको ढाँचा र विधि

प्रस्तुत अनुसन्धान गुणात्मक ढाँचामा केन्द्रित रहेको छ। गुणात्मक ढाँचामा रही वर्णनात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरी दोस्रो बाटो कथालाई नमुनाका रूपमा लिइएको छ। उक्त दोस्रो बाटो कथाको सङ्कथन विश्लेषणका लागि कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको मात्र अध्ययन विश्लेषण गरिएको छ।

### अध्ययनको क्षेत्र

प्रस्तुत दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण नामक अध्ययनलाई व्यवस्थित बनाउनका लागि अध्ययनको क्षेत्रलाई निर्धारण गरिएको छ। प्रस्तुत अध्ययनका लागि दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगको स्थितिको विश्लेषण गर्नुलाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ।

### तथ्याङ्क सङ्कलन साधन र विधि

प्रस्तुत अध्ययनका लागि तथ्याङ्क सङ्कलनका साधन र विधिको स्पष्ट उल्लेख हुनु आवश्यक हुन्छ। सङ्कथन विश्लेषण सैद्धान्तिक अध्ययन भएकाले यसको अध्ययनमा गुणात्मक विधिको अवलम्बन गरी पुस्तकालयीय अध्ययन कार्यमा नै केन्द्रित रही अध्ययन गरिएको छ। शोध निर्देशक, विषय विज्ञ, सम्बन्धित विषय शीर्षकसँग सम्बन्धित पत्रपत्रिका लेख, रचना र सन्दर्भ सामग्रीको आवश्यकता बमोजिम उपयोग गरिएको छ। अध्ययनको लागि प्राथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको प्रयोग गरिएको छ।

### प्राथमिक स्रोत

प्रस्तुत शोध अध्ययनमा साहित्यकार भागीरथी श्रेष्ठको 'दोस्रो बाटो' कथालाई प्राथमिक स्रोतका रूपमा लिई अध्ययन गरिएको छ।

**द्वितीयक स्रोत**

द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषण सम्बन्धी लेखिएका सैद्धान्तिक लेख, प्रकाशित तथा अप्रकाशित पुस्तकहरू, हालसम्म भएका शोध र आवश्यकता अनुसार विज्ञसँग छलफल र सुझावलाई उपयोग गरी व्याख्या र विश्लेषण गरिएको छ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

यस शोध कार्यमा 'दोस्रो बाटो' कथामा प्रयोग भएका सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई प्रकारसहित विभाजन गरी तालिकीकरण गरिएको छ। शोध कार्यको अध्ययन गर्ने क्रममा 'दोस्रो बाटो' कथामा प्रयुक्त सम्बद्धकहरूलाई वर्गीकरण गर्ने क्रममा सार्वनामिक सम्बद्धक, स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, संयोजक सम्बद्धक, पुनरावृत्ति सम्बद्धक, लोप सम्बद्धक, कोशीय अर्थ सम्बद्धक र निपात जस्ता सम्बद्धकलाई वर्गीकरण गर्दै तिनका प्रकारसमेत उल्लेख गरिएको छ। साथै तिनीहरूको तालिलीकरण गरेर व्याख्या विश्लेषण गरिएको छ।

यस शोध कार्यमा सम्बद्धनको अध्ययन गर्ने क्रममा कार्य -कार्ण सम्बन्ध, प्रभाव परिणाम सम्बन्ध, व्यतिरेकी तुलना सम्बन्ध परिवेश घटना सम्बन्ध, सामान्य विशिष्ट सम्बन्ध आदि जस्ता सम्बद्धनहरूको खोजी गरिएको छ। प्रत्येक वाक्यभित्र सम्बद्धनलाई तालिकीकरण गरेर व्याख्या विश्लेषण गरिएको छ।

**तथ्याङ्कको व्याख्या र विश्लेषण**

तथ्याङ्कको व्याख्या र विश्लेषण शोध पत्रमा निकै आवश्यक हुन्छ। यस शोधपत्रमा तथ्याङ्कको व्याख्या र विश्लेषण अन्तर्गत विभन्नि शीर्षक, उपशीर्षक, तालिका बनाउँदै व्याख्या विश्लेषण गरिएको छ। यस अन्तर्गत वर्णनात्मक, विश्लेषणात्मक जस्ता विधिको प्रयोग गरी अध्ययन विश्लेषण गरिएको छ।

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोध अध्ययन निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ;

अध्याय एकः  शोध परिचय

अध्याय दुईः  सम्बद्ध साहित्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीनः  अध्ययन विधि र  प्रक्रिया

अध्याय चारः  नतिजाको व्याख्या तथा विश्लेषण

अध्याय पाँचः  निष्कर्ष र सुझाव

सन्दर्भसूची

परिशिष्टाङ्क

व्यक्तिगत विवरण

# अध्यायः चार

## नतिजाको व्याख्या र विश्लेषण

यस अध्यायमा 'दोस्रो बाटो' कथामा प्रयुक्त सम्बद्धक सम्बद्धनहरूको अध्ययन गरिएको छ। जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ। सम्बद्धक सङ्कथन भनेको संरचक एकाइहरूका बिच अन्तरसम्बन्ध स्थापित गर्न आउने भाषिक तत्त्वलाई सम्बद्धक भनिन्छ। सम्बद्धक सङ्कथनले जोड्ने काम गर्दछ। सम्बद्धकका प्रकारहरू यस अध्यायमा सार्वनामिक, दर्शकवाचक, सम्बन्धवाचक, पुरुषवाचक, प्रश्नवाचक, आत्मवाचक, पारस्परिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन,लोप, निपात, पर्यायवाची, विपरीतार्थी, समावेशक, सन्निधान वा सहप्रयोग सम्बद्धकहरूका आधारमा विश्लेषण गरिएको छ भने सम्बद्धन भनेको सङ्कथनमा अभिव्यक्त विचारमा अन्तर्भूत अर्थको सिलासिला जोर्नी हो। जस्तो आधारमा स्रोता वा पाठकले सङ्कथनमा निहित विषयहरूलाई सनदर्भ, प्रसङ्ग, भाव वा अर्थ र त्यसको अनुक्रम अनुरो बोध गराउँछ। यहाँ सम्बद्धनका प्रकारमा सामान्य विशिष्ट सम्बन्ध, विशिष्ट सामान्य सम्बन्ध, कार्यकारणको सम्बन्ध, कारणकार्यको सम्बन्ध प्रभाव परिणामको सम्बन्ध, परिणाम प्रभावको सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, व्यतिरेकी तुलनात्मक सम्बन्ध उद्देश्य प्रयोजनको सम्बन्ध, परिचयात्मक सम्बन्ध, इन्द्रिय मस्तिष्कको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध आधारमा सम्बद्धनलाई विश्लेषण गरिएको छ। जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### 'दोस्रो बाटो' कथामा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूको विश्लेषण

भागीरथी श्रेष्ठद्वारा लिखित दोस्रो बाटो कथामा व्याकरणिक सम्बद्धकहरूको प्रयोग गरिएको छ। यसमा म, मलाई, मैले, मसँग, हामी, हामीहरू, हामीले, हाम्रो आदि जस्ता पुरुषवाचक सम्बद्धकको प्रयोग गरिएको छ। प्रस्तुत अध्ययनमा प्रयुक्त सार्वनामिक र पुरुषवाचक सम्बद्धकहरूको प्रयोगलाई निम्नानुसार उल्लेख गरिएको छ ;

**प्रथम पुरूष**

- म अफिसियल कामको सिलसिलामा गाउँमा जान्थे । (पृ.१३३)
- मेरो यति नै चाहना थियो। (१३४)
- मैले कस्तो आत्मघाती र अशुभ दृश्य देखिरहेकी छु। (पृ.१३४)

- म भित्र पसेँ लाजले र शिर निहुँराउँदै। (पृ. १३५)
- म आफ्नो सारा दुखलाई बिर्सेर छोरीको यो निरीह मनस्थिति देखेर चिन्तामा डुबेँ। (पृ.१३५)
- मलाई हेर विश्वास गर। (पृ.१३६)
- एकपल्ट सोफाबाट जुरुक्क उठेँ र उसलाई रोक्न चाहेँ तर सकिनँ मैले किनभने ऊ कति हठी छ- मलाई थाहा थियो। (पृ.१३७)
- एक्लो मेरो मात्र जिन्दगी होइन- मेरो अगाडि छोराछोरीको जीवन छ। (पृ.१३९)
- हामी साझा मिलनको केन्द्रमा पुग्नुभन्दा पहिले डुब्यौँ, छुट्यौ। (पृ.१४३)
- म उसलाई कुन स्वरूपको नाम दिऊँ ? (पृ.१४९)
- मैले उसलाई कहिल्यै पनि सम्झाउने चेष्टा गरिनँ किनभने बोल्यो कि उसलाई पोल्थ्यो (पृ.१५१)

माथि रेखाङ्कन गरिएका क्रमशः म, मेरो, मैले, म, मलाई, हामी, मैले जस्ता सर्वनामहरू दोस्रो बाटो कथामा प्रयुक्त सार्वनामिक प्रथम पुरुष सम्बद्धक हुन्। पृष्ठ १३९ मा मेरो, मेरो गरी दुईओटा सम्बद्धकको प्रयोग भएको छ। पृष्ठ १४३ मा हामी सम्बद्धकको प्रयोग भएको छ। कथाकारको व्यक्तिगत जीवन भोगाइको मार्मिक पक्षलाई उजागर गर्न 'म' पात्रको जीवन भोगाइमा घटेका घटनाहरूलाई मार्मिक प्रसङ्गमा उल्लेख गर्न यी सम्बद्धकहरूको भूमिका उल्लेखनीय रहेको पाइन्छ।

**तृतीय पुरुष**

ऊ, उनी, उनीहरू

- ऊ कहाँ जाँदै छ। (पृ.१३४)
- के ऊ मेरोजीवनबाट पूर्ण निःसृत भयो त ? (पृ.१३५)
- ऊ कोठाको एउटा कुनामा एक डल्लो परेर बसेकी थिई। (पृ.१३६)
- उसले हामीसँग प्रतिशोधको रूपमा यो बाटो अवलम्बन गरेको हो कि ? (पृ.१३७)
- न त ऊ सुरक्षाकवच बन्न सक्यो न त दिन नै सक्यो सुरक्षा। (पृ. १४०)
- उसले सुख-सन्तोष बाँड्न सकेन। (पृ.१४४)
- कम बोल्न थाल्यो ऊ। (पृ.१४५)
- हुन त ऊ योग्य थियो क्याम्पसको लेक्चरर। (पृ.१४५)

- ऊ हमेसा आफ्नै विचारको जाँतामा आफ्नै साँघुरो विचारको बिस्कुनहरू राख्दै पिसिरहन्थ्यो। (पृ.१४६)
- उनीहरूको शैक्षिक आधार बलियो गर्ने। (पृ.१४७)

माथि प्रस्तुत गरिएका सर्वनामहरू दोस्रो बाटो कथामा प्रयुक्त सार्वनामिक सम्बद्धकहरू हुन्। यस कथामा प्रमुख पुरुष पात्रका रूपमा म पात्रको लोग्ने प्रकाश आएको छ। प्रकाशलाई सम्बोधन गर्ने क्रममा क्रमशः ऊ, ऊ, उसले, ऊ को प्रयोग गरिएको छ। छोराछोरीहरूको सम्बोधनका लागि पृ. १४७ मा उनीहरू सर्वनामको प्रयोग गरिएको छ। यस कथामा तृतीय पुरुष सार्वनामिक शब्दहरूको प्रयोगले प्रमुख भूमिकामा रहेका पात्रहरूको अन्तरसंवादलाई गतिशील तुल्याउन सहयोगीको भूमिका खेलेको पाइन्छ।

**दर्शकवाचक सर्वनाम**

भागिरथी श्रेष्ठद्वारा लिखित दोस्रो बाटो कथामा निम्नानुसारका दर्शकवाचक सर्वनामको प्रयोग गरिएको पाइन्छ।

**निकटवर्ती**

निकटवर्ती सर्वनाम अन्तर्गत यो, यिनीहरू, यी, यिनी पर्दछन्। दोस्रो बाटो कथामा प्रयुक्त दर्शक सर्वनामलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- यो मेरो घर हो। (पृ.१३४)
- यो उसको निर्णय थियो।(पृ.१३५)
- म आफ्नो सारा दुखलाई बिर्सेर छोरीको यो निरीह मनस्थिति देखेर चिन्तामा डुबेँ। (पृ.१३५)
- यो पनि जीवनको अनमोल पाठ हो छोरी। (पृ.१३६)
- यो घरमा बस्न पनि मलाई प्रलय भइसक्यो। (पृ.१५०)
- भोलि उसले मनमा समयको ताजा प्रवाह बोकेर आउँछ भने यो घर र मेरो हृदयको ढोका सधैँ खुल्ला छ उसका निम्ति। (पृ.१५४)

माथि रेखाङ्कन गरिएका 'यो', 'यो', 'यो', 'यो', 'यो', 'यो' सर्वनामहरू दोस्रो बाटो कथामा क्रमशः पृष्ठ १३४, १३५, १३६, १५० र १५४ मा प्रयोग गरिएका निकटवर्ती सर्वनाम हुन्। यसमा अन्य ती,तिनी, तिनीहरू सर्वनामको प्रयोग गरिएको पाइदैन। यी सर्वनामहरू कथामा प्रयुक्त पात्र प्रकाश र मपात्रका बिचको सम्बन्धको

स्थितिलाई वर्णन गर्ने क्रममा प्रयोग भएका पाइन्छन् । वाक्यगत सङ्गति र भनाइलाई स्पष्ट्याउन सम्बद्धकको रूपमा कथामा निकटवर्ती सम्बद्धकको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

**दूरवर्ती**

दूरवर्ती सर्वनाम अन्तर्गत ती, तिनी, त्यो, तिनीहरू पर्दछन् । दोस्रो बाटो कथामा प्रयुक्त दूरवर्ती सर्वनामहरूको प्रयोग निम्नानुसार गरिएको पाइन्छ ।

- त्यो बाक्लो कालो बादलले मेरो बाटालाई अनिष्ट गरिदिएको छ । (पृ.१३४)
- त्यो प्रतिक्रिया डोरीमा किन अल्झिऊँ ? (पृ.१३४)
- त्यो देखेर प असह्यताको चूडान्त सीमामा पुगेँ । ( पृ.१३५)
- प्रकाशको उपेक्षा र अनास्थाको अन्तिम अभिव्यक्ति थियो त्यो । (पृ.१३९)
- आफूले भनेपछि घरमा त्यो काम हुनैपर्छ भन्ने उसको अहं थियो । (पृ.१४५)

माथि रेखाङ्कन गरी प्रस्तुत गरिएका 'त्यो', 'त्यो', 'त्यो', 'त्यो' दूरवर्ती सर्वनामहरू आदि, मध्य र अन्त्यको स्थानमा प्रयोग गरिएका छन् । यी सर्वनामहरू क्रमशः १३४, १३५, १३९, १४५ पृष्ठमा प्रयुक्त भएका छन् । यी सर्वनामहरूले दोस्रो बाटो कथामा प्रयुक्त पात्रहरूको सम्बन्धका साथै वाक्यात्मक अन्तःसङ्गतिलाई जोड्ने काम गरेको पाइन्छ ।

**आत्मवाचक**

आफूलाई वा निजलाई बुझाउने सर्वनाम आत्मवाचक सर्वनाम हुन् । आफू, आफूलाई, आफूसित, आफैं, आफैँले सर्वनामहरू आत्मवाचक सर्वनाम हुन् । दोस्रो बाटो कथामा प्रयुक्त आत्मवाचक सर्वनामहरूको प्रयोग निम्नानुसार गरिएको पाइन्छ;

- आफू  तथा परिवार वितरामा परेको महसुस गरिनँ । (पृ.१४०)
- जहाँ गए पनि मान्छेले स्वयं आफैँभित्र सुख खोज्नुपर्छ । (पृ.१४४)

प्रस्तुत कथामा निजवाचक सर्वनामको प्रयोग पृष्ठ १४० मा 'आफू' र पृष्ठ १४४ मा 'स्वयं', 'आफैँ' को प्रयोग गरिएको छ । निजवाचक  सर्वनामको न्यून प्रयोग यस कथामा पाइन्छ ।

**प्रश्नवाचक**

प्रश्वार्थक भावमा प्रस्तुत के, केलाई, कसलाई, कहाँ, कति, कसरी शब्दहरू प्रश्नवाचक सर्वनाम हुन् । दोस्रो बाटो कथामा प्रयुक्त प्रश्नवाचक सर्वनामलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ;

- त्यो प्रतिक्रियाको डोरीमा किन अल्झिऊँ ? (पृ.१३४)
- के प्रतिक्रिया जनाउनू । (पृ.१३५)
- उसको सम्मुख जाने इच्छा र हिम्मतलाई कसले तोड्यो ? (पृ.१३६)
- ऊभित्र किनउदारताको स्रोत बग्न सकेन ? (पृ.१३६)
- नानू ! चिन्ता किन नहुनु ? (पृ.१४१)
- किन त्यसरी जानुभएको होला बुवा ? (पृ. १४२)
- म उसलाई कुन स्वरूपको परिकल्पना गरूँ । (पृ.१४९)

प्रस्तुत दोस्रो बाटो कथामा प्रश्नार्थक सर्वनामको प्रयोग गरिएको छ । यस कथामा मपात्र र प्रकाशका बिचको ससङ्कित व्यवहारले उत्पन्न विचारको स्पष्टीकरण व्यक्त गर्न पृष्ठ १३४, १३५, १३६, १४१, १४२, १४९ मा क्रमशः किन, के, कसले, किन, किन, कुन जस्ता सर्वनामहरूको प्रयोग गरिएको पाइन्छ । प्रश्नार्थक सरव्नामको प्रयोगले कथानकलाई रेखीय ढाँचामा प्रस्तुत गर्न मद्दत गरेको पाइन्छ । कथात्मक घटनाका कार्यकारण श्रृङ्खलाको विचारको वाक्यगत अन्वितिलाई सङ्गठित गर्न प्रश्नार्थक सम्बद्धकको प्रयोग उल्लेख्य मात्रामा गरिएको पाइन्छ ।

**संयोजक सम्बद्धक**

संयोजकले शब्द वा वाक्यलाई जोड्ने काम गर्दछ ।संयोजक सम्बद्धकहरूमा र, जहाँ, जब, तब, तापनि, अथवा, वा, अनि, जसरी, त्यसरी, जे, तर, भने, तथा जस्ता संयोजकहरू पर्दछन् । प्रस्तुत दोस्रो बाटो कथामा निम्नानुसारका संयोजकहरू प्रयोग भएका पाइन्छन् ।

- जब म अफिसियल कामको सिलसिलामा गाउँमा जान्थे । ( पृ.१३३)
- मैले कस्तो आत्मघाती र अशुभ दृश्य देखिरहेकी छु ? (पृ. १३४)
- सोचेँ नकारात्मक विचारको रफ्तार कति पतनशील र तेज रफ्तार हुँदो रहेछ । (पृ.१३५)
- लोग्नेका लागि म कति निर्बल र पराई भएकी रहिछु । (पृ.१३६)

- हुन त छोरीलाई बाबुआमाको चिसो सम्बन्ध बारेमा थाहा नभएको होइन तर आमाबाबुको विचार भिन्नताले एक दिन यस्तो दुखद परिणाम हुन्छ भन्ने कुरामा ऊ निःशङ्क थिई, किनभने उसलाई सतही रूपमा मात्र थाहा थियो। (पृ.१३८)
- जहाँ गएपनि मान्छेले स्वयं आफैँभित्र सुख खोज्नुपर्छ। (पृ.१४४)
- जब मैले नोकरी गर्ने तरखर गर्न थालेँ तब उसको वक्रदृष्टि र विरोध सुरु भयो। (पृ.१४६

माथि रेखाङ्कन गरिएका जब, र, र, तर, किनभने, जहाँ, जब जस्ता संयोजकहरू क्रमशः १३३, १३४, १३५, १३६, १३८, १४४ र १४६ पृष्ठमा प्रयोग भएका छन्। यी सम्बद्धकहरूले शब्द,वाक्यलाई जोडेर सङ्गतिमूलक अभिव्यक्ति प्रकट गरेको पाइन्छ। सङ्कथनलाई अर्थपूर्ण बनाउन दोस्रो बाटो कथामा प्रयुक्त जब, र, तब जस्ता संयोजकहरूको उल्लेखनीय भूमिका रहेको पाइन्छ।

**पुनरावृति सम्बद्धक**

- जब म अफिसियलकामको सिलसिलामा गाउँमा जान्थे- अक्सर गाउँमा जाने काम पर्थ्यो। (पृ.१३३)
- यो मेरो घर हो - घरको मर्यादामा रहनुपर्छ स्वास्नी भएपछि। (पृ.१३४)
- उसले ढुङ्गाले हान्दा प्रत्युत्तरमा त्यस्तै ढुङ्गा उठाएर नहाने पनि मेरा कर्महरू नै उसका लागि ढुङ्गासरह भइदिए। (पृ.१३४)
- स्वयं व्यक्तिले आफ्नो कर्मलाई न्यायको तराजुमा तौलन नचाहे पनि उग्र हुँदो रहेछ उसको कर्म ! व्यक्तिको अहं र निर्णय ठूलो कुरा होइन तर उसको अहं र निर्णयले ठीक समय र ठीक समय र ठीक स्थानमा सबैका लागि न्यायोचित भूमिका खेलेको हुनुपर्छ। (पृ.१३७)
- एउटी स्वास्नीले लोग्नेबाट जे अपेक्षा गर्छे त्यो नपाउँदा स्वास्नीलाई कस्तो असर पर्छ। (पृ.१४१)
- हर मान्छेमा कमजोरी हुन्छ नै तर एकले अर्काको कमजोरीलाई टीकाटिप्पणी नगरी उसको गुणलाई हेर्न सके समस्या, विखण्डन र मनमुटाव कसरी हुन सक्छ ? (पृ.१४३)
- सधैँ कहीँकतैभिज्थेँ कहीँ कतै दुख्थे। (पृ.१४३)

- विश्वको कति ठाउँमा भ्रमण गरेर पनि, आधुनिक सम्पूर्ण कुराको ज्ञान भएर पनि उसको विचार प्रवाह आधुनिक समयसँग मिल्न सकेन । (पृ.१४५)
- परिवार र परिवारको दायित्व छोडेर पलायन हुनु एक प्रकारले हार्नु होइन त ? (पृ. १५३)

माथि रेखाङ्कन गरिएका गाउँ - गाउँ, घर - घर, ढुङ्गा - ढुङ्गा, कर्म - कर्म, ठीक - ठीक, स्वास्नी-स्वास्नी, कमजोरी - कमजोरी, कहीँ - कहीँ, कतै- कतै, आधुनिक -आधुनिक आदि पुनरावृत्ति भएर एउटै वाक्यमा दोहोरिएर आएका पुनरावृत्ति सम्बद्धक हुन् । प्रस्तुत पुनरावृत्ति संयोजकले वाक्यलाई जोड्न र कथनलाई स्पष्ट पार्न कथामा सहयोगी भूमिका खेलेको पाइन्छ ।

**प्रतिस्थापन सम्बद्धक**

दोस्रो बाटो कथामा निम्नानुसारका प्रतिस्थापन सम्बद्धकहरू प्रयोग भएका पाइन्छन् ;

- प्रकाशले के यही विप्लवी दिनको चेतावनी दिएको थियो ? हरे, जीवन तमासामाथि तमासा भइरहेछ । ऊ कहाँ जाँदै छ । मलाई पूर्वानुमान भइसकेको थियो । (पृ.१३४)
- के त प्रकाशले हामीबिचको विभाजनको रेखामा पूरै पर्खाल लगाएर जान लाग्यो त ? के ऊ मेरो जीवनबाट पूर्न निःसृत भयो त ? (पृ.१३५)
- प्रकाशको पाखुरा समातेर रोइकराइ गरेर किन म अनुनयविनय गर्दिनँ ? उसको सम्मुख जाने इच्छा र हिम्मतलाई कसले तोड्यो ? किन तोडियो ? (पृ. १३६)
- प्रकाशको उपेक्षा र अनास्थाको अन्तिम अभिव्यक्ति थियो त्यो । बिहेपछिको जिन्दगीमा उसको व्यवहार कहिले सुखकर र प्रीतिकर भएन । (पृ.१३९)
- प्रकाशले मेरो अघि बढेको पाइलामा अझै अघिबढाउन थप हौसला र शक्ति प्रदान गर्नुसट्टा झन् मेरो पाइलाबाट पछाडि तान्न खोज्छ ? किन डराउँछ ऊ मेरो बाह्य कर्मप्रति ? किन दुख्छ उसको मुटु ? म घर व्यवहारमा मात्र सीमित हुन सक्तिनँ भन्ने कुरा बुझ्नुपर्थ्यो उसले ? (पृ. १४७)
- प्रकाश परिवारसँग होइन आफैँसँग हारेर गएको छ । परिवार र परिवारको दायित्व छोडेर पलायन हुनु एक प्रकारले हार्नु होइन त ? भोलि समयले उसलाई के पाठ सिकाउँछ के सिक्छ समयबाट थाहा छैन ।

माथि उल्लेख गरिएका सम्बद्धकहरू प्रतिस्थापन सम्बद्धक हुन् । यस कथाको प्रमुख पुरुष पात्र प्रकाश हो । प्रकाशको स्थानलाई ओगट्न ऊ, ऊ, उसको, उसलाई, उसले जस्ता सम्बद्धकहरूको प्रयोग ठाउँ ठाउँमा

गरिएको छ । कथामा मपात्र र प्रकाशका बिचको संवादहिनताको अवस्था छ । मौन रूपमा मपात्रमा जन्मिएका ऊ पात्रप्रतिका विचारहरूलाई प्रतिस्थापन सम्बद्धकको प्रयोगबाट अभिव्यक्त भएका छन् । कथालाई संवादात्मक अभिव्यक्तिको कुशल प्रयोगमा उन्न प्रतिस्थापन सम्बद्धकको प्रयोग गरिएको पाइन्छ ।

**निपात**

निपात वाक्य वा भनाइलाई कसिलो र खिरिलो बनाउन प्रयोगमा आउने सम्बद्धक हो । प्रस्तुत दोस्रो बाटो कथामा निम्नानुसारका निपात सम्बद्धकहरूको प्रयोग गरिएको पाइन्छ ।

- के ऊ मेरो जीवनबाट पूर्ण निःसृत भयो त ? (पृ.१३५)
- हामीसँग असन्तुष्टि हुनुपर्ने के कारण थियो र ? (पृ.१३७)
- प्रकाशले न त सुख दियो न तसन्तोष नै दियो ? (पृ.१३८)
- मन त दुख्छ नै । ढुङ्गाको मन होइन नि मेरो । (पृ.१४१)
- ल ल अब रोएर नबस । (पृ.१४१)
- धेरै नबोल्नु भए पनि बुवाको भौतिक अस्तित्व त यो घरमा थियो नि । (पृ. १४२)
- अर्को मनले सोच्थेँ अलग बसेर पनि सुख भन्ने निश्चय छ र ? (पृ.१४४)
- ऊ पुरातन कुण्डमा डुबी नै रह्यो । (पृ.१४५)
- लोग्नेलेभन्दा स्वास्नीले धेरै कमाएपछि लोग्नेको इज्जत रह्यो त ? (पृ. १४८)
- न त उसको बाटामा हिँड्न सकेँ, न त उसले मेरो बाटालाई नै आत्मीय रूपले समर्थन गर्यो८ । (पृ. १५१)
- म जस्तो सहरियाले तपाईलाई त्यसरी कहाँ चाकडी गर्न सक्छु र ? (पृ. १५२)
- परिवार र परिवारको दायित्व छोडेर पलायन हुनु एक प्रकारले हार्नु होइन त ? (पृ. १५३)

माथि रेखाङ्कन गरिएका त, र, त, नै, त, नि, ल, र निपातहरू दोस्रो बाटो कथामा प्रयोग गरिएका पाइन्छन् । यी निपातहरू भाषालाई सरल, सहज र स्पष्ट बनाउन प्रयोग गरिएका पाइन्छन् । निपातको आफैँमा अर्थ हुँदैन । यी निपातहरू वाक्यमा आएपछि मात्र अर्थिने गर्दछन् । दोस्रो बाटो कथामा प्रयुक्त निपातहरूले भाषागत स्पष्टता र बोधगम्यता ल्याएको पाइन्छ ।

**कोशीय सम्बद्धक**

सङ्कथनमा कोशीय अर्थ सम्बन्धको महत्त्वपूर्ण भूमिका हुन्छ। कोशीय एकाइका विभिन्न अर्थ सम्बन्ध जनाउने भाषिक एकाइ हुन्छन्। यस्ता भाषिक एकाइ पनि सम्बद्धक नै हुन्छन्। विचारलाई श्रृङ्खलाबद्ध गर्नमा यस्ता अर्थ सम्बन्धले सघाउ पुर्या उँछन्। कोशीय सम्बद्धकलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**पर्यायवाची सम्बद्धक**

दोस्रो बाटो कथामा प्रयुक्त कोशीय सम्बद्धक निम्नानुसार रहेका छन्;

- एकछिन गेटमै उभिरहेँ स्तब्ध, अविचल र निःशब्द। (पृ.१३४)
- तिनीहरूले अनौठो र विस्मयढङ्गले हेरिरहेका थिए मेरो घरको आँगनमा भइरहेको मौन युद्धलाई। (पृ. १३५)
- जीवन त्यति सजिलो र सरल छैन। (पृ.१३६)
- हामीसँग असन्तुष्टि हुनुपर्ने के कारण थियो र ? थियो त उसकै सानो विचार। उसकै दौर्वल्य र शुष्क चिन्तन। (पृ.१३७)
- आज प्रकाश गएको चिन्ताभन्दा छोरीको मनोभावना गलत असर पर्ला भन्ने डर र चिन्ताले उद्धिग्न हुन थाले। (पृ.१३८)
- एउटा बाटामा शक्तिहीनता छ, असक्षमता छ, निराशा छ, असन्तुष्टि छ, उदासी छ, वैराग्य छ, पलायन छ, छटपटी छ, कुण्ठा छ, पीडा छ, दुःख असन्तुष्टि छ, उदासी छ, अग्निशाला छ, अनास्था छ, स्नेहको अभाव छ, अर्को बाटो तेर्छिएको छ। (पृ.१३९)
- हामीबीचको कोमल, सौम्य र स्निग्ध सम्बन्धमा आगो लागिसकेको थियो। (पृ.१४३)
- कुनै मान,मर्यादा र अदब केही छैन ? (पृ.१४८)
- उसले आफ्नो अस्तित्वको समस्त रूपान्तरण समभाव र शक्ति ऊर्जामा होइन द्वेषजन्य र ईर्ष्याजन्य भावमा गरेको रहेछ। (पृ.१४९)

माथि रेखाङ्कन गरी प्रस्तुत गरिएका स्तब्ध, अविचल, निः शब्द, अनौठो, विस्मय, सजिलो र सरल, सानो विचार, शुष्क चिन्तन, डर - चिन्ता, असक्षमता - निराशा, असन्तुष्टि, उदासी-वैराग्य, पलायन -छटपटी, कुण्ठा -पीडा- दुःख, उदासी, अग्निशाला, अनास्था, कोमल -सौम्य - स्निग्ध, मान - मर्यादा -अदब आदि शब्दहरू पर्यायवाची शब्दका रूपमा कथामा प्रयोग भएका पाइन्छन्। कथामा प्रयोग गरिएका यी शब्दहरूले व्यक्त गर्न खोजिएको विचारलाई स्पष्ट बनाउने काम गरेको पाइन्छ। कतिपय शब्दले व्यक्त गर्ने पर्यायवाची शब्दको अर्थ जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् कतिपय शब्दले नजिकको अर्थ प्रस्तुत गरेका छन्।

**विपरीतार्थी सम्बद्धक**

दोस्रो बाटो कथामा प्रयुक्त विपरीतार्थी सम्बद्धकहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- फेरि फर्केर आउने हो कि नआउने हो। (पृ.१३७)
- यही घरमा आएर जीवनका अथाह दुखसुखसँग परिचय भयो। (पृ.१४०)
- सत्य र असत्य,न्याय र अन्याय चिन्न समर्थ भइसकेकी छु। (पृ.१५१)
- भविष्यमा यो घरमा फर्कन्छ या **फर्कदैन** केही थाहा छैन। (पृ.१५३)

प्रस्तुत माथि उल्लिखित वाक्यहरू दोस्रो बाटो कथाबाट लिइएका हुन्। यस कथामा विपरीतार्थक सम्बद्धक प्रयोग भएका वाक्यहरू थोरै छन्। कथामा मपात्र र प्रकाशका बिचको द्वन्द्वात्मक स्थितिबाट अगाडि बढेपनि विपरीतार्थक सम्बद्धकको प्रयोग न्यून मात्रामा भएको पाइन्छ। प्रस्तुत कथामा आउने - नआउने, सत्य-असत्य, न्याय -अन्याय, फर्कन्छ - फर्कदैन जस्ता विपरीतार्थक सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ।

**अनेकार्थी सम्बद्धक**

दोस्रो बाटो कथामा प्रयुक्त अनेकार्थी सम्बद्धकहरूलाई निम्नानुसार उल्लेख गरिएको पाइन्छ;

- म निर्भयताको दिशातिर उन्मुख थिए, तर उसका ती अभिव्यक्तिहरूको मेरो आँखाको सामुन्ने बादलझैँ ढाकीदियो मानौँ त्यो बाक्लो कालो बादलले मेरो बाटालाई अनिष्ट गरिदिएको छ। (पृ.१३४)

माथि पृ. १३४ मा रहेको वाक्यमा 'तर' अनेकार्थक शब्दका रूपमा प्रयोग भएको छ। प्रस्तुत कथामा अनेकार्थक शब्दको प्रयोग थोरै मात्र भएको पाइन्छ। अनेकार्थक समबदधकले प्रसङ्गअनुसार एउटै शब्दको फरक अर्थ प्रदान गरेको हुन्छ।

**समावेशक समावेश्य सम्बद्धक**

दोस्रो बाटो कथामा प्रयुक्त समावेशक समावेश्य शब्दहरू निम्नानुसार प्रयोग गरिएका पाइन्छन् ;

- मेरो घरको आँगनमा भइरहेको मौन युद्धलाई।
- समयअनुसार हिँड्न सकेन भने मान्छे आफू पनि दुःखी हुन्छ र अरूलाई पनि दुःख हुन्छ। (पृ.१४२)
- न त फूलमा सोख थियो न त फूलबारीमा जान्थ्यो। (पृ.१४५)

माथि रेखाङ्कन गरी प्रस्तुत गरिएका घर, मान्छे, फूल शब्दहरू समावेशक शब्द हुन्। समावेशक शब्दहरूको प्रयोग दोस्रो बाटो कथामा न्यून मात्रामा प्रयोग भएको पाइन्छ।

**दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धनको विश्लेषण**

सङ्कथनको अनिवार्य र आधारभूत पक्ष सम्बद्धन हो। यसबिना सङ्कथन अर्थपूर्ण हुँदैन। सम्बद्धकलाई सङ्कथनको बाह्य तत्वका रूपमा लिइन्छ भने सम्बद्धनलाई आन्तरिक तत्त्वका रूपमा लिइन्छ। दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धनलाई निम्नानुसार उल्लेख गरन सकिन्छः

**सामान्य र विशिष्टको सम्बन्ध**

दोस्रो बाटो कथामा प्रयुक्त सम्बद्धनलाई सामान्य र विशिष्टको सम्बन्धका आधारमा निम्नानुसार उल्लेख गर्न सकिन्छः

**तालिका नं. १**

**सामान्य र विशिष्टको सम्बन्ध**

| **सामान्य** | **विशिष्ट** |
|---|---|
| गाउँमा जाने काम पर्थ्यो। | यसपालि पनि त्यस्तै अनुभूति भयो मलाई |
| गाउँमा निरक्षर स्वास्नीमान्छेलाई चेतनशील, दक्ष र | गाउँको काम सकेर भयाक्रान्त मुटु लिएर घर फर्केकी |

| | |
|---|---|
| आत्मनिर्भर बनाउने कार्यक्रमहरू लिएर जान्थे । | थिएँ करिव एक हप्तापछि । |
| प्रकाशका यी सङ्कीर्ण छर्राहरूले मलाई कहीँ पनि छोएनन् । | आज यो घर, परिवार सारा परिवेश युद्धमा हारेका सिपाही जस्ता देखिन्थे मौन पराजित भयातुर । |
| आज म प्रकाशको निर्णय, क्रियाकलाप र चिन्तनमा परपीडक भावले बढ्ता आक्रान्त पारेको देखिरहेछु । | मानौँ त्यो मोटरको प्रत्येक प्रत्येक आवाजले बम छोड्दै गइरहेछ हामी सबैमाथि । |
| म दोस्रो बाटामा समर्पित हुन उद्यत भएँ । | म छोरीको कोठामा गएँ दरिली भएर । |
| मेरो भनाइ थियो घर व्यवहार नविगारी पढ्छु । | कस्तो किसिमको गलत धारणा र प्रभाव पालेर बसेको थियो ऊ स्वास्नीप्रति |
| न त फूलमा सोख थियो न त फूलबारीमा जान्थ्यो । | अरू कुनै कुराको सोख थिएन उसको । |

माथिको तालिकाको पहिलोमा कर्ता, कर्म र क्रियाको रूपमा प्रस्तुत भई आएका सामान्य सम्बद्धनका रूपमा प्रस्तुत भएका छन् । दोस्रोमा कर्ता, कर्म र क्रियाको क्रमभङ्ग भई प्रस्तुत भएका वाक्यहरू हुन् । साहित्यिक अभिव्यक्तिमा प्रकट हुने विशिष्ट, आलङ्कारिक वाक्यहरूको प्रयोग कथामा सम्बद्धनका रूपमा प्रस्तुत भएका छन् । यिनले वाक्य, वाक्यका बिचको आन्तरिक सम्बन्धलाई उल्लेख गरेको पाइन्छ ।

**कार्यकारणको सम्बन्ध**

दोस्रो बाटो कथामा कार्यकारणको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**तालिका नं.२**

**कार्य कारण सम्बन्ध**

| | |
|---|---|
| मैले यो घरमा लोग्नेबाट जे चाहना गरेकी थिएँ त्यो त प्राप्त गर्न सकिनँ तर जे प्राप्त गरेर अपार सन्तोष अनुभूत गरेँ त्यसमा प्रकाशलाई सह्य भएन । | मैले यो घरमा जे चाहना गरेकी थिएँ त्यो तँ प्राप्त गर्न सकिनँ । |
| मैले एम. ए. पढ्छु भनेर प्रकाशसँग सल्लाह माग्दा उसले बिलकुलै नकार्दै भन्यो, "स्वास्नीले धेरै पढेको मलाई मन पर्दैन । पढेर आइमाईले के गर्न सक्छन् ? | मैले एम. ए. पढ्छु भनेर सल्लाह गर्दा मानेन । |

| | |
|---|---|
| करिव पाँच वर्षपछि  एउटी असहाय अधबैँसे स्वास्नीमान्छेलाई छोराछोरीको हेरचाह गर्न घरमा राखे । यो कुरा प्रकाशलाई मन परेन । | करिब पाँच वर्षपछि एउटी असहाय अधवैँसे स्वास्नीमान्छेलाई छोराछोरीको हेरचाह गर्न घरमा राखे । |
| मेरो इच्छा थियो छोराछोरीलाई राम्रो स्कुलमा पढाउने र उनीहरूको शैक्षिक आधार बलियो गर्ने । प्रकाशको इच्छा छोराछोरीलाई साधारण स्कुलमा पढाउने थियो । | मेरो इच्छा थियो छोराछोरीलाई राम्रो स्कुलमा पढाउने र उनीहरूको शैक्षिक आधार बलियो गर्ने । |
| छोरी मानसी होस्टलबाट तीन दिनका लागि आएकी थिई । उसले  बाबुको कुरालाई सहन सकिन र दौड्दै गएर बाबुको हातबाट टेलिफोन खोस्दै हपार्दै भनी, "फोनमा कोसँग ममीलाई गाली गर्दै गर्जनु भएको ? अलिकति त समझदार भएर विचार गर्नुस् । ममीले त्यस्तै किसिमको नोकरी गर्नुभएपछि जान परेन ? | ममीले त्यस्तै किसिमको नोकरी गर्नुभएपछि जान परेन । |
| मैले उसलाई कहिल्यै पनि सम्झाउने चेष्टा गरिन किनभनेँ बोल्यो कि उसलाई पोल्थ्यो । त्यस कारण मेरो आफ्नै जीवनयात्रा चल्दै थियो । | त्यस कारण मेरो आफ्नै जीवनयात्रा चल्दै थियो । |
| गोबर सोहोर्ने, घाँसदाउरा गर्ने, गोडामा तेलमालिस गर्ने, गोडाको जल खाने, ढोग्ने स्वास्नी चाहिने रहेछ । म जस्तो सहरियाले तपाईलाई त्यसरी कहाँ चाकडी गर्न सक्छु र ? | म जस्तो सहरियालेल तपाईलाई त्यसरी कहाँ चाकडी गर्न सक्छु र ? |

माथिको तालिका सङ्ख्यामा प्रस्तुत कृतिभित्र कार्य कारणको सम्बन्ध भएका वाक्यहरूविचको सम्बन्ध देखाइएको छ । दोस्रो बाटो कथामा कार्य कारणको सम्बन्ध भएका वाक्यलाई लिइएको छ । कार्यको फल असरले कस्तो प्रतिक्रिया व्यक्त गरेको छ भन्ने कुराको सङ्केत कार्य कारण सम्बन्धमा रहेका वाक्यहरूबाट स्पष्ट भएको पाइन्छ ।

**प्रभाव परिमाणको सम्बन्ध**

दोस्रो बाटो कथामा प्रभाव परिणामको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**तालिका नं. ३**

**प्रभाव परिमाणको सम्बन्ध**

| | |
|---|---|
| उसको प्रतिक्रियालाई जहाँबाट आएको त्यहीँ जम्न दिएरगाउँ जाने तरखर गरे, मलाई नगई हुन्नथ्यो भनेँ - त्यो प्रतिक्रियाको डोरीमा किन अल्झिऊँ ? | मेरो यति नै चाहना थियो - मेरो अनुपस्थितिमा उसले कुनै उपद्रव नगरोस्। |
| उज्याला स्रोतहरू छन्, हरियालीहरू हुन्। शान्तिपूर्वकजिउनुका आधारहरू हुन्। | म दोस्रो बाटामा समप्रित हुन उद्यत भएँ। |
| आज ऊ क्रोधको अन्तिम रापसम्म पुगेको थियो - जहाँबाट उसलाई फर्काउन दुस्साहस गर्दा आफैँ उसको रापभित्र पोलिनुपर्थ्यो; घाइते हुनुपर्थ्यो। | मैले आफ्नो कुनै पनि प्रतिक्रियाले उसको जलनलाई छुने चेष्टा गरिनँ। |
| मलाई लाग्यो प्रकाशको पलायनले मभित्र अझैँ शक्ति र दृढता थपिदिएको छ। | म छोरीको कोठामा गएँ दरिली भएर। |
| अनौठो दृष्टिले हेर्दै छोरीले सोधी, "तपाईलाई बुवा जानुभएकामा दुःख लागेको छैन ?" | उसको प्रश्नले मलाई एक छिन गम्भीर बनायो। |
| उसको अनुमतिबिना मैले एम.ए. ज्वाइन गरेँ मेरो यो पहिलो विद्रोह थियो। | जसको कारण ऊ बिस्तारै मसँग टाढिँदै गयो। |

माथिको तालिका नं. ३ मा प्रस्तुत कथाभित्रका प्रभाव परिमाणको सम्बन्ध भएका वाक्यहरू बिचको सम्बन्धलाई देखाइएको छ। दोस्रो बाटो कथामा प्रभाव परिणामको सम्बन्धले पात्रका विचारहरूलाई प्रस्तुत गरेको छ। म पात्र र प्रकाशका बिचको सम्बन्ध र मपात्र जागिरमा जाँदा र केही गरूँ भन्ने भावबाट प्रेरित हुँदा पुरुष पात्र वा लोग्नेका रूपमा रहेको प्रकाशका मानसिक विम्बको प्रभावको सम्बन्धलाई प्रस्तुत गरिएको छ।

**परिवेश घटनाको सम्बन्ध**

परिवेश घटनाको सम्बन्धलाई दोस्रो बाटो कथामा निम्नानुसार उल्लेख गरिएको पाइन्छः

**तालिका नं. ४**

**परिवेश घटनाको सम्बन्ध**

| | |
|---|---|
| गाउँमा जाने काम पर्थ्यो । | गाउँको काम सकेर भयाक्रान्त मुटु लिएर घर फर्केकी थिए करिब एक हप्तापछि । |
| भित्र कोठामा हेर्दा प्रकाशले अत्यन्त उग्रता र कठोर ढङ्गले उसका सामानहरू ब्यागमा कोच्दै थियो । | उसले परिवारको घाँटी थिचिरहेछ । |
| एकपल्ट सोफाबाट जुरूक्क उठेँ र उसलाई रोक्न चाहेँ तर सकिनँ । | ऊ कति हठी छ । |
| म छोरीको कोठामा गएँ दरिली भएर । | छोरी रून थाली घुँक्कघुँक्क गर्दै । |
| मलाई लाग्यो एउटा घरगृहस्थी सुखपूर्वक सञ्चालन गर्न कर्तव्य र समझदारीले ठूलो भूमिका खेलेको हुन्छ । | प्रकाशले मेरो दोषबाहेक एउटा गुणलाई पनि स्वीकार्न सकेन । |
| म पूर्ण रूपमा आत्मनिर्भर हुन चाहन्थे । प्रोजेक्टरमा प्रशस्त तलब थियो । काम पनि प्रशस्त थियो अफिसमा । | मेरो इच्छा थियो छोराछोरीलाई राम्रो स्कुलमा पढाउने र उनीहरूको शैक्षिक आधार बलियो गर्ने । |
| उसको स्वरूप के विकृत स्वरूप हो ? के हठस्वरूप हो ? के अन्तर्घात स्वरूप हो ? | सोच्दासोच्दै हाँसो लाग्यो उसको दरिद्र विचारप्रति सहानुभूति पलायो मभित्र । |

माथिको तालिकामा दोस्रो बाटो कथामा प्रयुक्त परिवेश घटनाको सम्बन्ध भएका वाक्यहरू प्रस्तुत गरिएका छन् । कुन परिवेशमा कस्तो विचारको जन्म भएको छ भन्ने कुरालाई परिवेश घटनाका वाक्यहरूले देखाएको छ । विक्षिप्त अवस्थाको परिवेशमा, भय, डर र त्रासको परिवेश, शैक्षिक उन्नयन र जागिर प्राप्तिको परिवेशका साथै जागिर पाएर पनि परिवारको सदस्य खुसी हुन नसकेको परिवेशको सम्बन्धलाई प्रस्तुत कथाले प्रस्तुत गरेको पाइन्छ ।

**आर्थी विपर्यायको सम्बन्ध**

दोस्रो बाटो कथामा प्रयुक्त आर्थी विपर्यायको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ;

**तालिका नं. ५**

**आर्थी विपर्यायको सम्बन्ध**

| | |
|---|---|
| प्रकाशका यी सङ्कीर्ण छर्राहरूले मलाई कहीँ पनि छोएनन्। | तर उसका ती अभिव्यक्तिहरूको मेरो आँखाको सामुन्ने बादलझैँ ढाकिदियो। |
| एकपल्ट सोफाबाट जुरुक्क उठेँ र उसलाई रोक्न चाहेँ। | तर सकिन मैले किनभने ऊ कति हठी छ। |
| व्यक्तिको अहं र निर्णय ठूलो कुरा होइन। | तर उसको अहं र निर्णयले ठीक समय र ठीक स्थानमा सबैका लागि न्यायोचित भूमिका खेलेको हुनुपर्छ। |
| मैले लोग्ने त गुमाएँ | तर आत्मशक्ति गुमाएकी छैन। |
| सोचेँ मैले पो लोग्नेबाट नानाथरी उपेक्षित भाव व्यहोरेकी छु। | तर छोरीले बाबुबाट त्यस्तो तुच्छ व्यवहार भोग्नुपरेको छैन। |
| तिम्रो बुवाले जे भए पनि परिवारमै बस्नुपर्थ्यो। | तर गलत सोचको बाटो पहिल्याउँदै द्रोह गरेर जानुभयो। |
| प्रकाशले सोच्यो होला म अब चुपचाप घरमै बस्नेछु। | तर मेरो आकाङ्क्षा त शिथिल थिएन मात्र मौन रूपमा सुरक्षित थियो। |
| प्रकाशले मेरो यो कार्यप्रति क्षुब्ध भएर अपमानित भएको महसुस गर्यो । | तर के लाग्छ र ? राम्रो र सही मैले आफ्नो निर्णय बदल्न सक्तिनथेँ। |
| साँच्चै हामी दुवैले एकअर्काबाट मुक्ति नै खोजेका थियौँ । | तर म आफ्नै कर्मप्रति रमाएकी थिएँ। |

माथि प्रस्तुत गरिएका वाक्यहरू आर्थी विपर्यायको सम्बन्ध भएका वाक्यहरू हुन्। दोस्रो बाटो कथामा मपात्र कथाकार र तृतीय पुरुष पात्र प्रकाशका बिचको बैमनस्यका कारण उत्पन्न विचारहरूको क्रमिको श्रृङ्खलाको प्रस्तुतिमा आर्थी विपरीतार्थक वाक्यहरू प्रस्तुत गरिएका छन्। दुवै पात्रका विचार विपरीत ध्रुवमा रहेकाले प्रशस्त मात्रामा आर्थी विपर्ययको परस्पर सम्बन्ध कायम गरी सङ्कथनयुक्त विचार प्रस्तुत गर्ने आर्थी विपर्यायको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ।

**आर्थी पर्यायको सम्बन्ध**

दोस्रो बाटो कथामा आर्थी पर्यायको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

**तालिका नं. ६**

**आर्थी पर्यायको सम्बन्ध**

| | |
|---|---|
| गाउँमा निरक्षर स्वास्नीमान्छेलाई चेतनशील, दक्ष र आत्मनिर्भर बनाउने | गाउँले स्वास्नीमान्छेलाई आयमूलक काम, बचत गराएर लगानी गराउने काम, पशुपालनतिर आकर्षित गर्ने, तालिम |

| | |
|---|---|
| कार्यक्रमहरू लिएर जान्थें। | दिने, उनीहरूको व्यक्तित्व गराउने इत्यादि कामहरू बारे तालिम दिन्थें। |
| भित्र कोठामा हेर्दा प्रकाशले अत्यन्त उग्रता र कठोर ढङ्गले उसका बाँकी सामानहरू ठूलो ब्यागमा कोच्दै थियो। | मलाई लाग्यो प्रत्येकपल्ट उसले ब्यागभित्र हिंसात्मक किसिमले सामानहरू राखेको दृश्य देख्दा मानौं उसले परिवारको घाँटी थिचिरहेछ। |
| सोचेँ यही बाटो नै मेरा र मेरो छोराछोरीका लागि सुखद बाटो हो। | एक्लो मेरो मात्र जिन्दगी होइन- मेरो अगाडि छोराछोरीको जीवन छ उनीहरूको भविष्य छ। |
| भित्ताको कुनामा हेरेँ त्यो खाली शून्य स्थान जहाँ मेरा आँखाहरू झुक्तैनथे नतमस्तक भएर। | त्यो ठाउँमा हेर्न पनि डर लाग्थ्यो। यस अर्थमा कि कतै प्रकाशको दृष्टिमा आगो त बलेको छैन ? |
| उसको विचित्रको, असामयिक र अडबाङ्गे कुरा सुनेर म स्तब्ध भएकी थिएँ। | शरीर यस्तरी तातेर आयो मानौं मलाई ज्वरो आइरहेछ। |
| उसको अनुमतिबिना मैले एम.ए. ज्वाइन गरेँ मेरो यो पहिलो विद्रोह थियो। | जसको कारण ऊ बिस्तारै मसँग टाढिदै थियो। कम बोल्न थाल्यो ऊ। जब बोल्थ्यो मलाई चोट पुग्ने गरेर बोल्थ्यो क्रोधित भएर। |
| कहीँ पनि उसले सन्तुलित भावले हेर्न सक्तैन भने उसका लागि आजको संसारको कुन कुरा सुन्दर लाग्छ ? | प्रेमस्वरूप, आनन्दस्वरूप, शक्तिस्वरूप, पवित्रस्वरूप, ज्ञानस्वरूप, सत्यस्वरूप यी स्वरूपहरूमा मैले प्रकाशलाई कुनै स्वरूपमा दर्शन गर्न सकेकी छैन। |

माथिको तालिकामा आर्थी पर्यायको सम्बन्ध भएका वाक्यहरूलाई प्रस्तुत गरिएको छ। अगाडिको वाक्यको भनाइलाई स्पष्ट गर्न, क्रमिकताको श्रृङखलामा विचारलाई प्रवाहित गरी कथालाई रोचक, सरल र सहज बनाउनका लागि आर्थी पर्यायको सम्बन्ध भएका वाक्यहरूको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ।

**अनुक्रमबोधक सम्बन्ध**

दोस्रो बाटो कथामा अनुक्रमबोधक सम्बन्ध भएका वाक्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**तालिका नं. ६**

**अनुक्रमबोधक सम्बन्ध**

| | |
|---|---|
| मैले उज्यालाको स्रोत हराइनँ । | आफू तथा परिवार वितरामा परेको महसुस गरिनँ । |
| उसले मलाई रक्सी खाएर दुःख दिएको होइन । | कुनै केटीसँग प्रेम गरेर मेरो अपमान पनि गरेन । |
| म पूर्ण रूपमा आत्मनिर्भर हुन चाहन्थे । | प्रोजेक्टमा प्रशस्त तलब थियो । |
| उफ ! मेरो मुखबाट लामो निश्वास पोखियो यति डरलाग्दो विषादयुक्त सोचाइ पालेर बसेको रहेछ प्रकाश । | उसले आफ्नो अस्तित्वको समस्त रूपान्तरण समभाव र शक्ति ऊर्जामा होइन द्वेषजन्य र ईर्ष्याजन्य भावमा गरेको रहेछ । |
| प्रकाशले आखिर घर छोडेर गएको छ । | भविष्यमा यो घरमा फर्कन्छ या फर्कदैनकेही थाहा छैन । |
| भोलि समयले उसलाई के पाठ सिकाउँछ के सिक्छ समयबाट थाहा छैन । | भोलि उसले मनमा समयको ताजा प्रवाह बोकेर आउँछ भने यो घर र मेरो हृदयको ढोका सधैँ खुल्ला छ उसका निम्ति । |

माथिको तालिकामा अनुक्रमबोधक सम्बन्ध भएका वाक्यहरू प्रस्तुत गरिएका छन् । सङ्कथनमा तार्किक अनुक्रमबोधक सम्बन्ध भनिन्छ । सङ्कथनमा रहेका यी वाक्यहरूको रखाईक्रम फेरबदल गर्दा अर्थमा नै फरक पर्न जान्छ । दोस्रो बाटो कथामा माथिको तालिकामा प्रस्तुत गरिएका विषादयुक्त, केटी, अपमान, द्वेषजन्य, ईर्ष्याजन्य शब्दहरूले कथनलाई अनुक्रममा विचारलाई उनेको पाइन्छ ।

**प्रश्नोत्तर सम्बन्ध**

दोस्रो बाटो कथामा प्रयुक्त प्रश्नोत्तरको सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ;

**तालिका नं. ८**

**प्रश्नोत्तर सम्बन्ध**

| | |
|---|---|
| के ऊ मेरो जीवनबाट पूर्ण निःसृत भयो त ? | कोठामा हेर्दा प्रकाशले अत्यन्त उग्रता र कठोर ढङ्गले उसका बाँकी सामानहरू ठूलो ब्यागमा कोच्दै थिए । |
| हामीसँग असन्तुष्टि हुनुपर्ने के कारण थियो र ? | उसकै सानो विचार । उसकै दौर्वल्य र शुष्क चिन्तन । |
| तपाईलाई बुबा जानुभएकामा दुःख लागेको छैन ? | उसको प्रश्नले मलाई एक छिन गम्भीर बनायो । |
| किन त्यसरी जानुभएको होला बुवा ? | छोरीको आवाज सुन्दा लाग्यो कहीँ कतै धागो चुँडिरहेछ चटकचटक गरेर । |
| उसको त्यो साघुँरो र जमेको विचारलाई कसरी समर्थन गर्न सक्थे र ? | म त जीवनमा फड्को मार्न चाहन्थे गतिशील र सिर्जनशील हुँदै । |
| कहाँ विखण्डन आएको छैन ? | मलाई अत्यन्त अपसोच लाग्यो प्रकाश जस्तो चेतनशील मान्छे आजको समयप्रवाह बग्न सकेन । |
| फोनमा कोसँग ममीलाई गाली गर्दै गर्जनुभएको ? | अलिकति त समझदार भएर विचार गर्नुस् । |

माथिको तालिकामा प्रश्नोत्तरको सम्बन्ध भएका वाक्यहरू प्रस्तुत गरिएका छन् । प्रस्तुत कथामा मपात्र र प्रकाशका बिचको मौन सम्बन्धलाई उल्लेख गर्न आत्मालापीय शैलीमा प्रश्नोत्तर गरिएको छ । प्रश्नोत्तरको सम्बन्धले वाक्यगत अभिव्यक्ति, पात्रको मानसिकता, धारणा र विचारलाई अन्वित गरेर प्रस्तुत गर्नका लागि सहयोग पुर्याकिएको पाइन्छ ।

**व्याख्यापरक सम्बन्ध**

दोस्रो बाटो कथामा  प्रयुक्त व्याख्यापरक सम्बन्धलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

**तालिका नं. ९**

**व्याख्यापरक सम्बन्ध**

| | |
|---|---|
| प्रकाशले के यही विप्लवी दिनको चेतावनी दिएको थियो ? हरे, जीवन तमासामाथि तमासा भइरहेछ । | ऊ कहाँ जाँदै छ - मलाई पूर्वअनुमान भइकेको थियो । "ममी !" छोरीको आवाज सुनेर झस्किएँ म । मकहाँ उभिएर हेरिरहेकी छु- एक छिन त भुसुक्कै बिर्सेछु । |
| के त प्रकाशले हामीबीचको विभाजनको रेखामा पूरै पर्खाल लगाएर जान लाग्यो त ? | भित्र कोठामा हेर्दा प्रकाशले अत्यन्त उग्रता र कठोर ढङ्गले उसका सामानहरू ठूलो ब्यागमा कोच्दै थियो। |
| लोग्नेका लागि म कति निर्बल र पराई भएकी रहिछु-कति टाढा-टाढा हुँदै गएकी रहिछु । | लोग्नेले परिवारलाई छोडेर जाँदै छ- म भने चुपचाप बसिरहेको छु । यो हक मैले स्वयं छोडेकी हो कि प्रकाशले त्यो हक मलाई नदिएको हो मैले निर्णय गर्न सकिनँ । |
| जाने बेलामा उसले कसैको मुख हेरेन । कसैसँग बोलेन । | छोरी मानसी र छोरा मानसलाई स्कुलमै बोडर्स बनाएर राखेकी थिएँ - एक महिनाअघि छोरीले एस्. एल्. सि. दिएर घरमा आएकी थिई । छोराको पढाइ भने सिद्धिएको थिएन । |
| म दोस्रो बाटामा समर्पित हुन उद्यत भएँ । | सोचेँ यही बाटो नै मेरा मेरो छोराछोरीका लागि सुखद बाटो हो । |
| मैले एम.ए. पढ्छु भनेर प्रकाशसँग सल्लाह माग्दा उसले बिलकुलै नकार्दै भन्यो । | स्वास्नीमान्छेले धेरै पढेको मलाई मन पर्दैन । पढेर आइमाईले के गर्न सक्छन् ? अरगृहस्थी नहेरी हुँदैन । बी.ए गरेकी छस् त्यति भए पुग्यो । पढ्ने कुरा नगर। |
| म पूर्ण रूपमा आत्मनिर्भर हुन चाहन्थे । | प्रोजेक्टमा प्रशस्त तलव थियो । काम पनि प्रशस्त थियो अफिसमा । मेरो इच्छा थियो छोराछोरीलाई साधारण स्कुलमा पढाउने थियो । |

प्रस्तुत दोस्रो बाटो कथामा व्याख्यात्मक सम्बन्ध भएका वाक्यहरू प्रस्तुत गरिएका छन् । कथामा प्रथम पुरुष दृष्टिविन्दुका रूपमा प्रयुक्त पात्र मपात्र र तृतीय पुरुष दृष्टिविन्दुका रूपमा प्रयुक्त पात्र प्रकाशको पारिवारिक सम्बन्धको प्रस्तुतिलाई व्याख्यात्मक ढंङ्गले प्रस्तुत गरिएको छ ।  लोग्ने स्वास्नीका बीचको आपसी सम्बन्धमा परेको विच्छेदको अवस्थालाई व्याख्यात्मक किसिमले प्रस्तुत गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त पात्र प्रकाशको

स्वास्नी नपढाउने, छोराछोरीलाई साधारण स्कुलमा पढाए पनि पुग्ने, स्वास्नीमान्छेलाई घरको चुलो चौकोमा नै सीमित राख्ने कुराले नारीप्रति पुरुषको दृष्टिकोण वा पितृसत्तात्मक साँघुरो सोचलाई व्याख्यात्मक सम्बन्धका वाक्यहरूबाट पुष्टि गरिएको छ ।

# अध्याय: पाँच
## सारांश, निष्कर्ष र उपयोगिता

**सारांश**

प्रस्तुत शोधपत्र कथाकार भागीरथी श्रेष्ठको (२०६६) द्वारा रचित रातो गुलाफ कथा सङ्ग्रहमा सङ्ग्रहित दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण गरिएको छ। प्रस्तुत कथाममा मपात्र कथाकार र ऊपात्र प्रकाशका बिचको सम्बन्धको बारेमा गरिएको छ। प्रकाशले घर, छोराछोरी, स्वास्नी छोडेर गएको प्रसङ्गलाई  मार्मिक ढङ्गले चित्रण गरिएको छ। विवाह बन्धनमा बाँधिएपछि आपसी मतभेदका कारण सम्बन्ध बिच्छेद भई बस्नुपरेको प्रसङ्गलाई प्रस्तुत गरिएको छ।

सङ्कथन अङ्ग्रेजी भाषाको 'डिस्कोर्स' शब्दको नेपाली समानार्थी शब्द हो। भाषाको सबैभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ। यो आफैमा पूर्ण भाषिक घटक हो। सङ्कथनमा भएको विश्लेषण गर्नुलाई सङ्कथन विश्लेषण भनिन्छ। यो अङ्ग्रेजी शब्द ( Discourse Analysis) शब्दको नेपाली रूपान्तरित शब्द हो। यस शब्दलाई जेलिङ ह्यारिसले प्रतिपादन गरेका  हुन् भने त्यसपछि ह्यालिडे, हड्सन, सिङ्क्लेयर कौथाल्ड आदिले प्रयोगमा ल्याएका हुन्। नेपाली विद्धानहरू हेमाङ्गराज अधिकारी, गोविन्दराज भट्टराई, देवीप्रसाद गौतम आदि जस्ता विद्वानहरूले सङ्कथन विश्लेषणको अवधारणा तयार पार्ने काम गरेका हुन्।

सङकथन अभिव्यक्तिको सिङगो कथन हो। यसमा सम्पूर्ण एकाइहरु समाविष्ट भएका हुन्छन। सम्प्रेषणमूलक हुनु सङकथनको प्रमुख विशेषता हो। यसमा गफ। कुराकानी , संवाद, छलफल, अन्तवार्ता आदि पर्दछन। भाषको निर्माण विभिन्न भाषिक एकाइद्धारा भएको हुन्छ। त्यस्ता एकाइहरुमा ध्वनि , वर्ण, रुप, पद, पदावली, उपवाक्य वाक्य, अनुच्छेद, परिच्छेद र सङकथन आदि पर्दछन। प्रारम्भमा सङुकथाको अन्तर्गत तथ्य अभिव्यक्तिलाई मात्र लिइन्थ्यो  भने हाल यसअन्त्तगत लेख्य अभिव्याक्तिहरुको पनि अध्ययन गरिन्छ। सङकथन अन्त्तगत अनुच्छेद र परिच्छेदहरुको अध्ययन गरिने हुदा वाक्य भन्दा माथिल्लो र स्वयममा पूर्ण अभिव्यक्ति लाई सङकथन भनिन्छ। त्यसैगरी कुनै सन्दर्भमा भएको साञ्चारिक घटनाको व्याख्या वा विश्लेषण नै सङकथन विश्लेषण हो।

नेपाली भाषामा यसको प्रायोगिक ढङ्गले अध्ययन गर्ने कार्य निकै सुस्त ढङ्गले अगाडि बढेको छ। अलि अलि भएका शोधपत्र पनि सङ्कथन विश्लेषणको कथा, निबन्ध, उपन्यास, नाटक र कविता जस्ता विधामा सीमित रहेको पाइन्छ।

प्रस्तुत शोधपत्रमा सर्वप्रथम शोध परिचय प्रस्तुत गरिएको छ। त्यसैगरी दोस्रोमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा तयार पारिएकोछ। तेस्रो अध्यायमा अध्ययन विधि र प्रक्रियाको अध्ययन गरिएको छ। चौथो अध्यायमा व्याख्या र विश्लेषण गरिएको छ र पाँचौँ अध्यायमा सारांश, निष्कर्ष र उपयोगिता राखिएको छ। सङ्कथनका युक्तिका रूपमा सम्बद्धक र सम्बद्धनलाई लिइन्छ। खासगरी यिनकै आधारमा सङ्कथन विश्लेषण गर्ने गरिएको छ। यसमा पनि सम्बद्धक र सम्बद्धनका आ- आफ्नै प्रकार रहेका छन्। सम्बद्धक अन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक पर्दछन् । व्याकरणिक अन्तर्गत पनि सार्वनामिक, स्थानिक, कालिक, संयोजक, प्रतिस्थापन, लोप र निपात पर्दछन् भने कोशीय सम्बद्धकअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशात्मक र सन्निधान सम्बद्धक पर्दछन्। त्यसैगरी सम्बद्धनका पनि विभिन्न प्रकारहरू छन्। यसअन्तर्गत कारण कार्य, कार्य प्रभाव, प्रतिफल, व्यतिरेकी, तुलनात्मक, अप्रत्यक्ष,  आर्थी पर्याय, परिवेश, घटना, परिचयात्मक प्रयोजन, अनुमानत्मक, निहितार्थ, प्रश्नोत्तर प्रश्नार्थ, आज्ञार्थ, समुच्चयबोधक, स्पष्टोक्ति, पुनरूक्ति, युगबोधक, रीतिबोधक, शीघ्रताबोधक, स्मरण, अनुक्रमबोधक, सन्निधान, विशेष्य, विशेषण र व्याख्यात्मक सम्बन्ध जस्ता सम्बद्धनहरू रहेका छन्।

**निष्कर्ष**

प्रस्तुत शोधपत्रमा कथाकार भागीरथी श्रेष्ठको दोस्रो बाटो कथाको सङ्कथन विश्लेषण गरिएको छ। नेपाली भाषामा कथ्य वा लेख्य सङ्कथन विश्लेषण थोरै मात्रामा भएको पाइन्छ। यस्तो स्थितिमा सङ्कथनका प्रमुख युक्तिहरू सम्बद्धन र सम्बद्धकका आधारमा 'दोस्रो बाटो' कथाको सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग गर्ने अपेक्षा गरिएको छ। यस शोधपत्रको निष्कर्षलाई निम्नअनुसार बुँदामा उल्लेख गर्न सकिन्छः

१. प्रस्तुत शोधपत्र सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गरिएको छ।
२. प्रस्तुत शोधपत्रमा दोस्रो बाटो कथाको  सङ्कथन विश्लेषण गर्ने क्रममा सार्वनामिक, स्थानिक, कालिक, संयोजक, निपात, कोशीय जस्ता सम्बद्धकहरूको प्रयोग गरिएको छ।
३. प्रस्तुत कथामा स्थानिक, कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग अत्याधिक मात्रामा भएको पाइयो।
४. प्रस्तुत कथामा कुनै एक वाक्यमा एकभन्दा बढी सम्बद्धकरूको प्रयोग भएको पाइयो।

५. प्रस्तुत कथामा सम्बद्धन अध्ययनको क्रममा सामान्य र विशिष्ट सम्बन्ध, कारण कार्य सम्बन्ध, प्रभाव परिणाम सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, विशेष विशेषणको सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध,  प्रश्नार्थक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध जस्ता सम्बद्धनको प्रयोग भएको पाइयो ।

६. प्रस्तुत कथामा धेरै जसो सम्बद्धनहरूको प्रयोग भएपनि कतिपय सम्बद्धनको प्रयोग भएको पाइदैन ।

**उपयोगिता**

प्रायोगिक भाषा विज्ञानको एउटा नविनतम् शाखाका रूपमा स्थापित सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहनेका लागि यो शोधपत्र उपयोगी हुने छ । हरेक शोध कार्यलाई मूलतः नीतिगत तह र प्रयोगात्मक तहमा उपयोग गर्न सकिन्छ । प्रस्तुत शोधपत्रका उपयोगितालाई निम्नअनुसार दुई तहमा प्रस्तुत गर्न सकिन्छः

**नीतिगत तह**

१. नेपाली भाषालाई सम्प्रेषणीय बनाउन सम्बन्धित सरोकारवालाहरूलाई सहयोग गर्न,

२. सङ्कथनका युक्तिहरूको जानकारी लिन,

३. सामान्य सङ्कथन विश्लेषणको सैद्धान्तिक जानकारी लिन,

४. सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन,

५. पछिल्ला अनुसन्धान कर्तालाई थप अध्ययनका लागि सहयोग पुर्याअउन,

६. लेखकहरूलाई सरल भाषामा अभिव्यक्त भएको सम्बद्धक र सम्बद्धन सहितका पाठहरू तयार पार्न,

**प्रयोगात्मक तह**

१. भाषा शिक्षण सिकाइलाई अर्थपूर्ण बनाउन,

२. शिक्षण कार्यलाई सरल, सहज र व्यावहारिक बनाउन,

३. कथ्य र लेख्य सिप शिक्षणमा शिक्षकलाई मार्ग निर्देशन गर्न,

४. पहिलो र दोस्रो भाषा शिक्षणलाई सरल, सफल एवम् व्यवहारिक ढङ्गबाट सिकाउन,

५. समालोचकहरूलाई पाठ तथा कृतिमा प्रयुक्त सङ्कथनगत युक्ति ठम्याई समालोचना गर्न,

६. पहिलो, दोस्रो र विदेशी  भाषा सिकाइलाई सरल, सहज, प्रभावकारी र अर्थपूर्ण दिशामा पुर्याआउन।

**अगामि अध्ययनका लागि सम्भाव्य शीर्षकहरु**

कुनै पनि शोधमा व्यवस्थित र वैज्ञानिक रुपमा नयाँ ज्ञान , समस्यामुलक विषय सामग्रीको खोज गरिएको हुन्छ। अनुसन्धानका माध्यबाट नयाँ ज्ञान प्रतिपादन तथा सिद्धान्त निर्माण हुने भएकाले अनुसन्धान भावी शोध तथा खोजका लागि महत्वपूर्ण मार्गदर्शक सामाग्री बन्ने गर्दछ। जसले भाषिक , साहित्यिक, समीक्षात्मक, क्षेत्रको अध्ययन विश्लेषण, अनुसन्धान गर्न सहयोग पुऱ्याउँदछ।

त्यसैगरी प्रसतुत दोस्रो बाटो कथाको अध्ययन पनि यस संकथन विश्लेषणमा समावेश गरि कथासंग सम्बन्धित र अन्य विविध रचना संग सम्बन्धित संकथन विश्लेषण अध्ययन हुन आवश्यक देखिन्छ। शोधपत्रमा प्रयुक्त उल्लेख गरिएको मूल शीर्ष्क आधार मानेर बाँकी अन्य शीर्षक राख्नु नै शीर्षक वा उपशीर्षक भनिन्छ। प्रस्तुत तयार पारिएको शोधपत्र भावी अनुसन्धानका लागि साम्भाव्य शीर्षक निम्नानुसार उल्लेख गर्न सकिन्छ।

१. दास्रो बाटो कथाको शैली वैज्ञानिक विश्लेषण

२.दोस्रो बाटो कथाको मनोभाषिक विश्लेषण

३. दोस्रो बाटो कथामा प्रयुक्त शब्दहरुको अध्ययन

# सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषा विज्ञान*, (पाँचौं, संस्क), रत्न पुस्तक भण्डार ।

ओझा, ईश्वरीदत्त (२०७०), *छापामारको छोरो कथाको सङ्कथन विश्लेषण,* शिक्षाशास्त्र सङ्काय त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र ।

खनिया, बुद्धराज (२०६९) सुखसत्ता निबन्धको सङ्कथन विश्लेषण, शिक्षाशासत्र सङ्काय, त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र

जोशी, भागीरथी (२०६६), *दोस्रो बाटो,* रत्न पुस्तक भण्डार ।

ढकाल उर्मिला (२०६७), *मधेशतिर कथाको सङ्कथन विश्लेषण,* शिक्षाशास्त्र सङ्काय त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र ।

लम्साल, रामचन्द्र र अन्य (२०७०), प्रायोगिक भाषा विज्ञान, काठमाण्डौः भूँडिपूराण प्रकाशन बागजार

भुसाल केशव (२०७८) विद्यावारिधि शोधपत्र

ढकाल, शान्तिप्रसाद (२०७५), *प्रायोगिक भाषा विज्ञानका प्रमुख क्षेत्र*, पिनाकल पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* हेरिटेज पब्लिसर्स एण्ड डिष्ट्रिव्युटर्स प्रा. लि. ।

पौडेल, दीपेन्द्र (२०६९), *एक रात कथाको सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद र पोखरेल गोकुल (२०७१), *सङ्कथन विश्लेषणः सिद्धान्त र प्रयोग*, विद्यार्थी प्रकाशन ।

भट्टराई,कृष्ण (२०६८), *परालको आगो कथाको सङ्कथन विश्लेषण*, शिक्षाशास्त्र सङ्काय त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र ।

लामिछाने यादव प्रकाश(२०६६) सामान्य र प्रयोगिक भाषाविज्ञान काठमाण्डौ , विद्यार्थी पुस्तक भण्डारी ।भट्टराई, गोविन्दराज (२०६२), सङ्कथन विश्लेषणः एक प्रारम्भिक परिचय (सम्प्रेषण अङ्क २), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, निरोज (२०७२), *मैले नजन्माएको छोरो कथाको सङ्कथन विश्लेषण,* शिक्षाशास्त्र सङ्काय त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र।

भट्टराई, पोषराज (२०७५), माउजङ बाबुसाहेवको कोट कथाको सङ्कथन विश्लेषण, शिक्षाशास्त्र सङ्काय त्रि.वि. स्नातकोत्तर तह अप्रकाशित शोधपत्र।


भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि*, शुभकामना प्रा.लि.।


भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि*, पिनाकल पब्लिकेसन।

भुसाल, केशव (२०६९) *सङ्कथन विश्लेषणः सम्बद्धक र सम्बद्धन सम्प्रेषण* , अङ्क ७ नेपाली भाषा शिक्षण विभाग, त्रि. वि.।

भण्डारी, पारमामणि २०६८ भाष विज्ञानका प्रमुख आयामहरु , काठमाण्डौ, विद्यार्थी , पुस्तक भण्डार

# परिशिष्ट




रातो
गुलाफ
भागीरथी श्रेष्ठ
www.ratnabook.com
Rato Gulaf
(Red Rose: an anthology of short Stories)
Bhagirathi Shrestha
Rs. 350.00
fiction
9 789993 307532
RATNA
PUSTAK BHANDAR

# दोस्रो बाटो

जब म अफिसियल कामको सिलसिलामा गाउँमा जान्थें– अक्सर गाउँमा जाने काम पर्थ्यो। तब मलाई एक प्रकारको भयकम्प मनस्थितिले घेर्थ्यो घरीघरी। सन्दिग्ध सिकाहरूले मुटुलाई भिजाइरहन्थे गाउँमा बस्दा।

यसपालि पनि त्यस्तै अनुभूति भयो मलाई।

गाउँको काम सकेर भयाक्रान्त मुटु लिएर घर फर्केकी थिएँ करिब एक हप्तापछि।

गाउँमा निरक्षर स्वास्नीमान्छेलाई चेतनशील, दक्ष र आत्मनिर्भर बनाउने कार्यक्रमहरू लिएर जान्थें। गाउँले स्वास्नीमान्छेलाई आयमूलक काम, बचत गराएर लगानी गराउने काम, पशुपालनतिर आकर्षित गर्ने, तालिम दिने, उनीहरूको व्यक्तित्व विकास गराउने इत्यादि कामहरू बारे तालिम दिन्थें। मलाई यस्तो काममा अत्यधिक रुचि थियो र मेरो उद्देश्य पनि यही थियो। अफिसियल जिन्दगी पनि यस्तै काममा केन्द्रित थियो।

यस पटक पनि गाउँमा जाने बेला प्रकाशले असहिष्णुताको विष ओकल्दै भनेको थियो, "अफिसको कामको निहुँमा मनपरीसँग



गाउँमा गएको मलाई पटक्कै सह्य छैन। यो मेरो घर हो– घरको मर्यादामा रहनुपर्छ स्वास्नी भएपछि। कुन कुरालाई बढी मान्यता र प्राथमिकता दिनुपर्छ आफैं बुझ्नु। यो मेरो अन्तिम चेतावनी हो।"

प्रकाशका यी सङ्कीर्ण कुराहरूले मलाई कहीँ पनि छोएनन्। किनकि म निर्मलताको दिशातिर उन्मुख थिएँ, तर उसका यी अभिव्यक्तिहरूको मेरो आँखाको सामुन्ने बादलझैं ढाकिदियो मानौं त्यो बाक्लो कालो बादलले मेरो बाटालाई अनिष्ट गरिदिएको छ। उसले ढुङ्गाले हान्दा प्रत्युत्तरमा त्यस्तै ढुङ्गा उठाएर हान्ने पनि मेरा कर्महरू नै उसका लागि ढुङ्गासरह भइदिए। उसको प्रतिक्रियालाई जहाँबाट आएको त्यहीँ जम्न दिएर गाउँ जाने तरखर गरें, मलाई नराम्रो हुन्थ्यो भने– त्यो प्रतिक्रियाको डोरीमा किन अल्भिऊँ ? मेरो यति नै चाहना थियो– मेरो अनुपस्थितिमा उसले कुनै उपद्रव नगरोस्।

शङ्का-उपशङ्काका भिडीभयाम्टाहरू मनमा लिएर साँझ घर आइपुग्दा मन विवर्ण भयो घरको आँगनमा साङ्घातिक दृश्य देखेर। थकमन्न भयो सारा वातावरण। दुई जना मान्छे घरभित्रबाट सामानहरू ओसार्दै मोटरमा राख्दै थिए धमाधम। एक छिन गेटमै उभिरहें स्तब्ध, अविचल र निःशब्द। सोचें यो कस्तो अनर्थ भइरहेछ। मैले कस्तो आत्मघाती र अशुभ दृश्य देखिरहेकी छु ? प्रकाशले के यही विपत्ती दिनको चेतावनी दिएको थियो ? हरे, जीवन तमासामाथि तमासा भइरहेछ।

ऊ कहाँ जाँदै छ– मलाई पूर्वअनुमान भइसकेको थियो।

"ममी !" छोरीको आवाज सुनेर भस्किएँ म। मलाई उभिएर हेरिरहेकी छु– एक छिन त भुसुक्कै बिर्सेछु। वरिपरि



छिमेकीहरूका घरका भ्यालहरूतिर पर्किएर मेरा कोनिर र विवश आँखाहरू– तिनीहरूले अनौठो र विस्मयढङ्गले हेरिरहेका थिए मेरो घरको आँगनमा भइरहेको मौन युद्धलाई। म भित्र पसें लाजले शिर निहुराउँदै। सोचें नकारात्मक विचारको रफ्तार कति पतनशील र तेज रफ्तार हुँदो रहेछ। उसको यही सोचको परिणाम नै आजको दिन भइदिएको छ।

के त प्रकाशले हामीबीचको विभाजनको रेखामा पूरै पर्खाल लगाएर जान लाग्यो त ?

के ऊ मेरो जीवनबाट पूर्ण निर्मूल भयो त ?

भित्र कोठामा हेर्दा प्रकाशले अत्यन्त उग्रता र कठोर ढङ्गले उसका बाँकी सामानहरू ठूलो ब्यागमा कोच्दै थियो। मलाई लाग्यो प्रत्येकपल्ट उसले ब्यागभित्र हिंसात्मक किसिमले सामानहरू राखेको दृश्य देख्दा मानौं उसले परिवारको घाँटी थिचिरहेछ। उसको अनुहारमा रौद्र रूपले ताण्डव नृत्य गर्दै थियो। के बोल्नु ? के प्रतिक्रिया जनाउनु ? यो उसको निर्णय थियो। आज ऊ क्रोधको अन्तिम रापसम्म पुगेको थियो– जहाँबाट उसलाई फर्काउन दुस्साहस गर्दा आफैं उसको रापभित्र पोलिनुपर्थ्यो, घाइते हुनुपर्थ्यो।

मैले आफ्नो कुनै पनि प्रतिक्रियाले उसको जलनलाई छुने चेष्टा गरिनँ।

छोरीको कोठामा आएँ। पलङमा टोलाएर बसेकी छोरीको ती सुकुमार र कोमल आँखामा भयानक पीडा र त्रास उम्फिरहेको थियो– त्यो देखेर म असह्यताको चूडान्त सीमामा पुगें। म आफ्ना सारा दुखलाई बिर्सेर छोरीको यो निरीह मनस्थिति देखेर चिन्तामा डुबें। लज्जाकलुषक भएँ।



छोरीको अगाडि गएर बिस्तारै भने, "निर्भय होऊ छोरी। एक थोपा पनि आँसु नखसाल। यो हाम्रा लागि परीक्षाको क्षण हो। यो पनि जीवनको अनमोल पाठ हो छोरी। मलाई हेर– विश्वास गर। जीवन त्यति सजिलो छैन सरल छैन।"

काम गर्ने गङ्गाको अनुहार त यति भयभीत देखिन्थ्यो– मानौं कुनै हिंस्रक जनावर उसको पछि-पछि दौडिरहेछ। ऊ कोठाको एउटा कुनामा एक डल्लो परेर बसेकी थिई।

सिटिङ रुममा आएर सोफामा थचक्क बसें।

आज यो घर, परिवार सारा परिवेश युद्धमा हारेका सिपाही जस्ता देखिन्थे-मौन– पराजित– भयातुर।

लोग्नेका लागि म कति निर्बल र पराई भएकी रहिछु– कति टाढा-टाढा हुँदै गएकी रहिछु। लोग्नेले परिवारलाई छोडेर जाँदै छ– म भने चुपचाप बसिरहेको छु। यो 'हक' मैले स्वयं छोडेकी हो कि प्रकाशले त्यो हक मलाई नदिएको हो मैले निर्णय गर्न सकिनँ।

ममा किन प्रकाशलाई रोक्ने सामर्थ्य र शक्ति छैन ?

प्रकाशको पाखुरा समातेर रोइकराइ गरेर किन म अनुनयविनय गर्दिनँ ?

उसको सम्मुख जाने इच्छा र हिम्मतलाई कसले तोड्यो ? कसरी तोडियो ?

जेजस्तो होस् किन उसले गलत दिशा रोज्यो ? ऊभित्र किन उदारताको स्रोत बग्न सकेन ? किन समय चिन्तनको धारलाई समात्न सकेन ?

एकपल्ट सोफाबाट जुरुक्क उठें र उसलाई रोक्न चाहें

तर मकिन मैले किनभने उ कति हठी छ– मलाई थाहा थियो। जेजस्तो रूपमा भए पनि घरमै बसेको थियो। आज घरको सारा नाटकलाई दुनियाँको अगाडि पर्दाफास गर्न के जरुरी थियो ? उसले कुन सुखप्राप्तिको मोहमा बाँधिएर यो घर त्याग्दै छ ? परिवारमा सुख प्राप्त गर्न असक्षम मान्छेले संसारको कुन स्थानमा गएर के सुख प्राप्त गर्न सक्छ ? वितरागी भएर घर छोडेको हो कि ? असन्तुष्टि, ईर्ष्या, द्वेष, जलन, अहं र क्रोधको अग्निमा जलेर जाँदै छ कि ? उसले हामीसँग प्रतिशोधको रूपमा यो बाटो अवलम्बन गरेको हो कि ? फेरि फर्केर आउने हो कि नआउने हो कि ? यी सब प्रश्नहरूले सही उत्तर पाएनन्। सोचें मानवीय चिन्तनिमा उदास र सकारात्मक चिन्तनको ह्रास भएपछि मानिसको कर्म आवेशमय हुँदो रहेछ। कस्तो विवेकहीन हुँदो रहेछ। कति तुच्छ र अमानवीय हुँदो रहेछ। स्वयं व्यक्तिले आफ्नो कर्मलाई न्यायको तराजुमा तौलन नचाहे पनि उग्र हुँदो रहेछ उसको कर्म। व्यक्तिको अहं र निर्णय ठूलो कुरा होइन तर उसको अहं र निर्णयले ठीक समय र ठीक स्थानमा सबैका लागि न्यायोचित भूमिका खेलेको हुनुपर्छ। आफ्नै विचार र निर्णयलाई राम्रो र सर्वोपरि ठानेपछि व्यक्ति स्वयं परपीडक हुनेरहेछ भन्ने ज्वलन्त प्रमाण प्रकाश हो। आज म प्रकाशको निर्णय, क्रियाकलाप र चिन्तनमा परपीडक भावले बढ्ता आक्रान्त पारेको देखिरहेछु। हामीसँग असन्तुष्टि हुनुपर्ने के कारण थियो र ? थियो त उसकै सानो विचार। उसकै दौर्बल्य र शुष्क चिन्तन।

मोटरको घर... घर... आवाजले मुटु नै विदीर्ण भयो, लाग्यो मानौं त्यो मोटरको प्रत्येक आवाजले बम छोड्दै गइरहेछ हामी



सबैमाथि। त्यो आवाज प्रतिध्वनित भइरह्यो घरभरि। यसरी प्रकाशले यो घर छोडेर अर्को घरमा बसाइँ सरेर गयो जुन घर उसकी आमाले एक महिनाअघि गाउँको घरखेती बिक्री गरेर किनेकी थिईं र गाउँमा बस्न छोडेर सहरमा बस्ने व्यवस्था गरेकी थिईं– जुन दिन घर किनेकी थियो त्यही दिनदेखि प्रकाशले त्यो घरमा बस्न जाने धम्की दिन्थ्यो। आज त्यो धम्कीले साकार रूप लिएको छ। जाने बेलामा उसले कसैको मुख हेरेन। कसैसँग केही बोलेन।

छोरी मानसी र छोरा मानसलाई स्कुलमै बोर्डर्स बनाएर राखेकी थिएँ– एक महिनाअघि छोरीले एस्.एल्.सी. दिएर घरमा आएकी थिई। छोराको पढाइ भने सिद्धिएको थिएन।

आज प्रकाश गएको चिन्ताभन्दा छोरीको मनोभावमा गलत असर पर्ला भन्ने डर र चिन्ताले उद्विग्न हुन थालें, किनभने उसकै अगाडि उसको बाबुले आफ्नो कलुषित विचारलाई नाङ्गो रूपमा प्रदर्शन गरेको थियो अत्यन्त घातकपूर्ण ढङ्गले। हुन त छोरीलाई बाबुआमाको चिसो सम्बन्ध बारेमा थाहा नभएको होइन तर आमाबुबाको विचार-भिन्नताले एक दिन यस्तो दुखद परिणाम हुन्छ भन्ने कुरामा ऊ निःशङ्क थिई, किनभने उसलाई सतही रूपमा मात्र थाहा थियो तर गाँठी कुरा छोरीसँग गर्दिनथें किनभने मलाई कसैसँग दुख बाँड्ने, दुख प्रदर्शन गर्ने चाहना थिएन। दुख बाँड्नु भनेको आफ्नो निर्बल भाव व्यक्त गर्ने जस्तो लाग्थ्यो मलाई। मानवीय कर्म नै यस्तै लाग्थ्यो मलाई। प्रकाशले न त सुख दियो न त सन्तोष नै दियो। सम्पूर्ण मानवीय खराबीहरू मेरो सम्मुख पोखेथ्यो आखिर पोख्दै गयो पनि। प्रकाशको उपेक्षा र अनास्थाको



अन्तिम अभिव्यक्ति थियो त्यो। बिहेपछिको जिन्दगीमा उसको व्यवहार कहिले सुखकर र प्रीतिकर भएन। म यी चाहनाको कमीमा असन्तुष्ट भएर आफ्नो सम्यक् स्वभाव र संयमलाई हराउन चाहन्थें।

सोचें आज जिन्दगी फेरि नयाँ मोडमा उभिएको छ यही नयाँ मोडमा उभिएर सोच्दै छु। यो मोडबाट अलग्गिएर गएका दुइटा बाटाहरूमध्ये म कुन बाटामा आफ्नो पहिलो पाइला चालूँ ? एउटा बाटामा शक्तिहीनता छ, असक्षमता छ, निराशा छ, असन्तुष्टि छ, उदासी छ, वैराग्य छ, पलायन छ, छटपटी छ, कुण्ठा छ, पीडा छ, दुख-असन्तुष्टि छ, उदासी छ, अग्निशाला छ, अनास्था छ, स्नेहको अभाव छ, अर्को बाटो तेर्सिएको छ। हेर्छु तलसम्म त्यहाँ जीवनका यशस्वी साहसी बिम्बहरू छन्, कर्मशीलता छ, जागरण छ, सचेतता छ, उत्कृष्टता छ। यसरी जीवनका यावत् सहज र सकारात्मक पक्षहरू छन्। उज्याला स्रोतहरू छन्, हरियालीहरू छन्। शान्तिपूर्वक जिउनुका आधारहरू छन्।

म दोस्रो बाटामा समर्पित हुन उद्यत भएँ।

सोचें यही बाटो नै मेरा र मेरो छोराछोरीका लागि सुखद बाटो हो।

एक्लो मेरो मात्र जिन्दगी होइन– मेरो अगाडि छोराछोरीको जीवन छ उनीहरूको भविष्य छ।

म किन भुक्कूँ प्रकाशसँग ? म किन रोएर विलाप गरूँ ? किन म गिडगिडाऊँ ?

किन म पीडाको पत्लामै कोरेसामा काँडा भुर्ना भएभैं किन भुर्ना होऊँ ? प्रकाशले अपनाएको गलत निर्णयको बोझ किन



बोकूँ ? आफ्नो आत्मशक्ति र विचारको अवमूल्यन गरेर किन अलापविलाप गरूँ ? जुन शक्तिस्रोत मैले कति समयदेखि तपस्यारत भएर आर्जन गरेकी थिएँ। जीवनको हर ठक्करबाट बचाएकी थिएँ। यही शक्तिस्रोत र आत्मबल नै मेरो जीवनको सुरक्षाकवच हो। मेरो सम्बल हो। मैले यही सुरक्षाकवचले छोराछोरीको रक्षा गर्नुपर्छ। बाबु हुनेले सुरक्षाकवच दिनुपर्ने हो परिवारलाई। न त ऊ सुरक्षाकवच बन्न सक्यो न त दिन नै सक्यो सुरक्षा।

मैले उज्यालाको स्रोत हराइनं।

आफू तथा परिवार विलरामा परेको महसुस गरिनं।

मलाई लाग्यो प्रकाशको पलायनले मभित्र अझै शक्ति र दृढता थपिदिएको छ।

म छोरीको कोठामा गएँ दरिली भएर।

मलाई देख्नासाथ छोरी रुन थाली धुंक्कधुंक्क गर्दै।

सारा तेजशक्तिलाई समेट्दै छोरीलाई जोस्याउँदै सशक्त स्वरमा मानौं केही घटना नै घटेकै छैन, कुनै अप्रिय दर्शन नै भएकै छैन जस्तो गरेर भनें, "नानु जीवन भनेको यही हो। तिमीले यस्तो कलिलो उमेरमै जीवनको कटु पक्ष देख्यौ। यो त ठूलो शिक्षा हो जीवनको। यही घरमा आएर जीवनका अथाह दुखसुखसँग परिचय भयो। यो जीवनमा कति दुख र पीडाका क्षण भोगेकी छु तिमीलाई के थाहा ? तिमीलाई सबै बताउन पनि चाहन्नं। यो क्षण हाम्रो परीक्षाको क्षण हो। तिमी निर्बलियो नहुन्। मेरो शक्तिमाथि विश्वास गर। चिन्ता नगर्नू। मैले लोग्ने त गुमाएँ तर आत्मशक्ति गुमाएकी छैन। छोराछोरी गुमाएकी छैन। छोडेर जानेका लागि किन रुने छोरी ? तिम्रो बुवाको विवेकले

न्याय नगरेपछि के लाग्छ ? तिमीले मेरा बाबुको स्वरूप पनि देख्न सक।"

अनौठो दृष्टिले हेर्दै छोरीले सोधी, "तपाईंलाई बुवा जानुभएकामा दुख लागेको छैन ?"

उसको प्रश्नले मलाई एक छिन गम्भीर बनायो।

सोचें मैले यो लोग्नेबाट नानाथरी उपेक्षित भाव व्यहोरेकी छु। तर छोरीले बाबुबाट त्यस्तो तुच्छ व्यवहार भोग्नुपरेको छैन। बाबुले त्यसरी अनाहकमा छोडेर जाँदा उसलाई दुख लाग्नु स्वाभाविकै थियो। छोरीको संवेदना मैले बुझ्नुपर्छ।

स्वरलाई कमलो बनाउँदै भनें, "नानु ! चिन्ता किन नहुनु ? तिमीले जस्तै प्रकट नगरेकी हुँ। म पनि रोएँ भने तिमीलाई कस्तो प्रभाव पर्ला भन्ने डरले आफ्नो कमजोरी व्यक्त गर्न सकिनँ। मेरो यो स्वभाव हो। मलाई कसैको अगाडि शक्तिहीनताको भाव व्यक्त गर्न मन लाग्दैन। मन त दुख्छ नै। ढुङ्गाको मन होइन नि मेरो। एउटी स्वास्नीले लोग्नेबाट जे अपेक्षा गर्छे त्यो नपाउँदा स्वास्नीलाई कस्तो असर पर्छ। मैले तिम्रो बुवाबाट तिमी दुई जना छोराछोरीबाहेक वास्तवमा केही पनि जीवनका सुखदायी समय प्राप्त गर्न सकिनँ। यसका लागि सम्पूर्ण रूपमा तिम्रो बुवाको र मेरो विचारको प्रतिकूलताले नै यो क्षण भोग्नुपर्‍यो। तिम्रो बुवाको विचार मलाई मान्य भएन। मेरो विचार तिम्रो बुवालाई मान्य भएन। यति नै भन्छु तिम्रो बुवाले समयको बिम्बलाई बुझ्न खोज्नुभएन। ल ल अब रोएर नबस। गङ्गालाई खाना बनाउन सहयोग गर। एउटा कुरा याद गर। हरमान्छे समयअनुसार बन्नुपर्छ। समयअनुसार हिँड्न सकेन भने मान्छे आफू पनि



दुखी हुन्छ र अरूलाई पनि दुख दिन्छ।"

छोरीले आफ्नो दुवै हात टाउकामा राख्दै लामो उच्छ्वास छोड्दै सोधी, "बुवा यो घरमा कहिल्यै फर्कनुहुन्न होला ? यो नबोल्नु भए पनि बुवाको भौतिक अस्तित्व त यो घरमा थियो नि। किन त्यसरी जानुभएको होला बुवा ?"

छोरीको आवाज सुन्दा लाग्यो कहीँ कतै धागो चुँडिरहेछ घटकघटक गरेर।

"तिम्रो बुवाले जे भए पनि परिवारमै बस्नुपर्थ्यो, तर गलत सोचको बाटो पहिल्याउँदै द्रोह गरेर जानुभयो। तर मान्छेले विचार कुनै पनि क्षण कुनै मोडमा ठक्कर खाएर परिवर्तन हुन पनि सक्छ। मान्छे त गतिशील प्राणी हो सधैँ कुवाभैँ स्थिर भएर कहाँ रहन सक्छ र ? तिम्रो बुवा परिवारको आवश्यकता ठानेर तरल र विशाल सोच लिएर फर्कनुहुन्छ भने घरको ढोका सधैँ खुल्ला छ। आउनुभएन भने हामी आफ्नै तरिकाले बाँच्न सक्नुपर्छ।" निश्चयात्मक स्वरमा उत्तर दिएँ।

छोरीले फेरि प्रश्न गरिन, चुपचाप टोलाएर बसी।

त्यो रात हामीले राम्ररी खाना सकेनौँ।

म आफ्नै पलङमा पल्टेकी थिएँ। अर्को कुनामा प्रकाशको पलङ थियो। अहिले खाली छ। बिछ्यौना र पलङसमेत लिएर गएको थियो प्रकाशले। एउटै कोठा भएर पनि हाम्रा पलङहरू अलगअलग थिए। एउटै कोठामा सुतेर पनि हामीबीच विभाजनको दूरी लामो भएको थियो। रातको निस्तब्धतामा उसले गुरिल्लाझैँ मलाई आक्रमण गर्थ्यो। उत्साहहीन तृप्ति पाउँथ्यो। कहिले विरोध गर्थें म कहिले चुपचाप शिलाझैँ पल्टिन्थें। हामीबीचको कोमल



सौम्य र स्निग्ध सम्बन्धमा आगो लागिसकेको थियो। हामी दुवै एकअर्काका लागि मरुभूमि थियौं कहिले जलधार बन्न सकेनौं।

आज प्रकाशले हाम्रो वैवाहिक जीवनको सम्पूर्ण सूत्र चुँडालेर गएको थियो।

हामी साभा मिलनको केन्द्रमा पुग्नुभन्दा पहिले छुट्यौं, छुट्यौं। मलाई लाग्यो एउटा घरगृहस्थी सुखपूर्वक सञ्चालन गर्न कर्तव्य र समभदारीले ठूलो भूमिका खेलेको हुन्छ। हर मान्छेमा कमजोरी हुन्छ नै तर एकले अर्काको कमजोरीलाई टीकाटिप्पणी नगरी उसको गुणलाई हेर्न सके समस्या, विखण्डन र मनमुटाव कसरी हुन सक्छ ? प्रकाशले मेरो दोषबाहेक एउटा गुणलाई पनि स्वीकार्न सकेन।

भित्ताको कुनामा हेरें त्यो खाली शून्य स्थान जहाँ मेरा आँखाहरू भुक्नैनथे नतमस्तक भएर। त्यो ठाउँमा हेर्न पनि डर लाग्थ्यो यस अर्थमा कि कतै प्रकाशको दृष्टिमा आगो त बलेको छैन ? आज त्यो खाली स्थानमा पनि विगतको निष्ठुर दृश्य पारदर्शी भएर प्रतिबिम्बित भइरहेछ।

अतीतका कुनै सम्भनेलायक सम्भनाहरू छैनन्। आगाका फिलिङ्गा जस्ता ती अतीतले सधैँ पोल्थे मलाई। त्यो आत्मशक्तिभित्र पनि एउटा भोक सधैँ तड्पिरहन्थ्यो।

के सोचेर आएकी थिएँ आज के भयो ?

सधैँ कहीँ कतै भिज्थें कहीँ कतै दुख्थें।

कहीँ कतै पोलिन्थें कहीँ कतै चोइटिन्थें।

एक मनले सोच्थें यस किसिमको नाटकीय जीवन बिताउनुभन्दा बरु अलग बस्नु नै श्रेय छ।



अर्को मनले सोच्थें अलग बसेर पनि सुख भन्ने निश्चय छ र ? जहाँ गए पनि मान्छेले स्वयं आफैंभित्र सुख खोज्नुपर्छ। यही द्वन्द्व, अपमान र प्रतिकूल वातावरणमा पनि सुख र शान्ति खोज्न सक्नुपर्छ। मैले यही कोसिस गरें निरन्तर रूपमा।

मैले यो घरमा लोग्नेबाट जे चाहना गरेकी थिएँ त्यो त प्राप्त गर्न सकिनँ तर जे प्राप्त गरेर अपार सन्तोष अनुभुत गरें त्यसमा प्रकाशलाई सह्य भएन। उसले सुख-सन्तोष बाँड्न सकेन। मैले दिएको खुसीलाई पनि अपनाउन चाहेन। हामी दुवैमध्ये हारजित आज कसको भएको छ मैले छुट्ट्याउन सकिनँ।

मैले एम्.ए. पढ्छु भनेर प्रकाशसँग सल्लाह माग्दा उसले बिलकुलै नकार्दै भन्यो, "स्वास्नीमान्छेले धेरै पढेको मलाई मन पर्दैन। पढेर आइमाईले के गर्न सक्छन् ? घरगृहस्थी नहेरी हुँदैन। बी.ए. गरेकी छस् त्यति भए पुग्यो। पढ्ने कुरा नगर्।"

उसको विचित्रको, असामयिक र अड्बाङ्गे कुरा सुनेर म स्तब्ध भएकी थिएँ। शरीर यस्तरी तातेर आयो मानौं मलाई ज्वरो आइरहेछ।

कस्तो किसिमको गलत धारणा र प्रभाव पालेर बसेको थियो ऊ स्वास्नीप्रति। मेरो भनाइ थियो घरव्यवहार नबिगारी पढ्छु तर ऊ मानेन। उसको निस्पृह स्वभाव देखेर डराउँदै सोचें यस्तो सानो विचारको लोग्नेसँग जीवनयात्रा कसरी चल्न सक्छ ?

म निष्क्रिय हुन सक्तिनथें। हतोत्साहित हुन चाहन्नथें।

मलाई तीव्र रूपमा समय र जीवनबोध थियो। म जीवनमा उत्कृष्ट आकाङ्क्षा पालेर बसेकी थिएँ। केही बन्न चाहन्थें। केही स्थान हासिल गर्ने उत्कण्ठा थियो मेरो।

जीवनको मूल्यप्रति म अत्यन्त सचेत थिएँ जसको कारण घर-गृहस्थी मात्र मेरा लागि सर्वोपरि थिएन। मेरा लागि बाह्य ज्ञान् पनि उत्तिकै महत्त्वपूर्ण थियो।

उसको अनुमतिबिना मैले एम्.ए. ज्वाइन गरें मेरो यो पहिलो विद्रोह थियो।

जसको कारण ऊ बिस्तारै मसँग टाढिँदै थियो। कम बोल्न थाल्यो ऊ। जब बोल्थ्यो मलाई चोट पुग्ने गरेर बोल्थ्यो क्रोधित भएर।

हुन त ऊ योग्य थियो क्याम्पसको लेक्चरर। तर विश्वको कति ठाउँमा भ्रमण गरेर पनि, आधुनिक सम्पूर्ण कुराको ज्ञान भएर पनि उसको विचार-प्रवाह आधुनिक समयसँग मिल्न सकेन। ऊ पुरातन कुण्डमा डुबी नै रह्यो। निस्कन सकेन कुण्डबाट।

हुन त बुवाआमाले योग्य केटासँग नै बिहे गराइदिएका थिए। उसले मलाई रक्सी खाएर दुख दिएको होइन। कुनै केटीसँग प्रेम गरेर मेरो अपमान पनि गरेन। घरमा राति आउने बानी पनि थिएन। कुनै साथीभाइहरू पनि घरमा ल्याएर दुख पनि दिएको होइन। असाध्य एक्कलकाटे र जिद्दी स्वभावको थियो। आफूले भनेपछि घरमा त्यो काम हुनैपर्छ भन्ने उसको अहं थियो चाहे त्यो काम गलत किन नहोस्। उसले कहिल्यै पनि मेरो हृदय छाम्ने र बुझ्ने कोसिसै गरेन। क्याम्पस जाने, फर्कने, टिभी हेर्ने चुपचाप घोरिएर बस्ने, कहिले पढ्ने, घरमा चित्त नबुझे टोल घर्कने गरेर रडाको मच्चाउने उसको दिनचर्या नै थियो। अरू कुनै कुराको सोख थिएन उसको। बिरामिलो। न त फूलमा सोख थियो न त फूलबारीमा जान्थ्यो।



ऊ हमेसा आफ्नै विचारको जाँतामा आफ्नै साँघुरो विचारको बिस्कुनहरू राखी पिसिरहन्थ्यो, कहिले पनि अर्काको र समयको ताजा विचारको बिस्कुन राखेर पिस्न सकेन। अर्काको सही विचार स्वीकार्ने उसको लचिलो मन नै थिएन।

एम्.ए. को पढाइ सिद्धिएपछि दुइटा छोराछोरी जन्मे। केही वर्षसम्म मेरो इच्छा स्थिर भएर रह्यो। हलचल हुन सकेन। प्रकाशले सोच्यो होला म अब चुपचाप घरमै बस्नेछु। तर मेरो आकाङ्क्षा न शिथिल थिएन मात्र मौन रूपमा सुरक्षित थियो। करिब पाँच वर्षपछि एउटी असहाय अधबैंसे स्वास्नीमान्छेलाई छोराछोरीको हेरचाह गर्न घरमा राखें। यो कुरा प्रकाशलाई मन परेन। तर मलाई त अनिवार्य नै थियो त्यो स्वास्नीमान्छे। त्यसपछि ऊ फेरि आक्रिन थाल्यो। उसले अनुमति नदिए पनि मैले विभिन्न ट्रेनिङहरू लिन थालें। सौभाग्यवश एउटा राम्रो विदेशी प्रोजेक्टमा काम पाएँ। जबमा म सेलेक्ट भएछु। मेरो यो सफलता र खुसीमा प्रकाशले धन्यवाद त के सानो खुसीसम्म व्यक्त गरेन। जब मैले नोकरी गर्ने तरखर गर्न थालें तब उसको वक्रदृष्टि र विरोध सुरु भयो। उसले मलाई स्कुलमा टिचिङ गर्ने सल्लाह दिएको थियो। उसको त्यो साँघुरो र जमेको विचारलाई कसरी समर्थन गर्न सक्थें र ? म त जीवनमा फड्को मार्न चाहन्थें गतिशील र सृजनशील हुँदै। सानो कार्यमा अल्भिँदा आफ्नो प्रतिभा कुण्ठित हुन्छ। फैलन र विस्तारित हुन सक्तैन। प्रतिभाको परिमार्जन हुन ढिलो हुन्छ भन्ने मेरो धारणा थियो। त्यस कारण जिम्मेवारी चुनौतीपूर्ण र स्तरीय कार्यमा रुचि थियो मेरो। किन प्रकाशले मेरो अघि बढेको पाइलामा अझै अघि बढाउन आँट



हौसला र शक्ति प्रदान गर्नुसट्टा भन् मेरो पाइलाबाट पछाडि तान्न खोज्छ ? किन डराउँछ ऊ मेरो बाह्य कर्मप्रति ? किन दुख्छ उसको मुटु ? म घर-व्यवहारमा मात्र सीमित हुन सक्तिनं भन्ने कुरा बुझ्नुपर्थ्यो उसले। मेरो चिन्तन, रुचि र मानसिक ढाँचाकाँचालाई सचेत, संयमित र सजग भएर स्वीकार्नुपर्थ्यो। म घरगृहस्थी लथालिङ्ग र भताभुङ्ग गरेर प्रकाशलाई अपमानित गर्ने उद्देश्य राखेर जागिर खान जान लागेकी पनि होइनं। जागिर खानु समयको आवश्यकता पनि थियो।

म पूर्ण रूपमा आत्मनिर्भर हुन चाहन्थें। प्रोजेक्टमा प्रशस्त तलब थियो। काम पनि प्रशस्त थियो अफिसमा।

मेरो इच्छा थियो छोराछोरीलाई राम्रो स्कुलमा पढाउने र उनीहरूको शैक्षिक आधार बलियो गर्ने। प्रकाशको इच्छा छोराछोरीलाई साधारण स्कुलमा पढाउने थियो। म कहाँ मान्थें र ? उसको विरोधको बाबजुद छोराछोरीलाई राम्रो बोर्डिङ स्कुलमा बोर्डस गरिदिएँ। प्रकाशले मेरो यो कार्यप्रति क्षुब्ध भएर अपमानित भएको महसुस गऱ्यो। तर के लाग्छ र ? राम्रो र सही मैले आफ्नो निर्णय बदल्न सक्तिनथें। जीवनका महत्त्वपूर्ण कुरालाई प्राथमिकता नदिई लोग्नेलाई खुसी पार्ने अर्थहीन काम मबाट हुन सक्तैनथ्यो। विवाद गरेर समयको महत्त्वलाई पनि घाटा पार्न चाहन्नथें। तर प्रकाशको व्यवहार भने विचित्र किसिमले परिवर्तन भएको महसुस गरें। सानसानो कुरामा घरमा खलबल मच्चाउने, रिसाउने, ढोका लगाएर बस्ने, भान्सामा खाना नखाने, हरेक कुरामा दोषी आँखाले देख्ने, यस्तो स्वभाव उसको उदाङ्ग हुँदै गयो। घरमा अशान्तिमय वातावरणको जङ्गल फैलिँदै गएको



अनुभव गरें मैले। प्रकाशको यस्तो असहयोगी व्यवहारको छायाले बेलाबेला भिजाइरहन्थ्यो मलाई। किन उसभित्र मप्रति कल्मष भाव उद्भव भयो म आफैं छक्क पर्थें।

एक दिन सिटिङ रुममा आफ्नो भाइसँग गुनासो गरिरहेको सुनें– थाहा छ आलोक यो घरमा त पोथी बासेकी छे। पोथी बासेको घरको मर्यादा कहाँ हुन्छ ? लोग्नेले भन्दा स्वास्नीले धेरै कमाएपछि लोग्नेको इज्जत रह्यो त ? कुनै मान, मर्यादा र अदब केही छैन। धेरै कमाउँछु भनेर फूर्ति देखाउँदै छोराछोरीलाई त्यस्तो महँगो बोर्डिङ स्कुलमा बोर्डस गरिदिई। सरकारी स्कुलमा दुनियाँका छोराछोरीहरू पढेर भएको छ भने त्यसलाई महँगो स्कुलमा राख्नुपर्ने। त्यसैका छोराछोरी रहेछन्। मेरो भएको भए मेरो पनि हक लाग्थ्यो। कुरा टेरपुच्छर लगाउने होइन। यो घरको सर्वेसर्वा उही नै छे। भोलि त्यसको प्रोजेक्टको जागिर गएर पढाउन सकिएन भने समाजले के भन्लान् ? मान्छेले दुई दिन फूर्ती देखाएर के गर्ने ? पुग्ने काम गर्नुपर्छ मान्छेले। मेरो आज्ञा नलिईकन त्यो घमन्डीले छोराछोरीलाई आफैंले भर्ना गरेर आई कति घर्केकी। यो घरमा बस्न पनि मलाई प्रलय भइसक्यो। यो घरमा मैले आफ्नो भन्ने नै हराएँ। स्वास्नी जातीले मलाई नटेरेपछि यो घरमा नबसे पनि भयो। मैले आमालाई गाउँको घरखेत बिक्री गरेर सहरमा घर छिट्टै किन्नुस भनेर खबर पठाएको छु। यसरी चल्दैन जीवन।

उफ्। मेरो मुखबाट लामो निश्वास पोखियो यति डरलाग्दो विषादयुक्त सोचाइ पालेर बसेको रहेछ प्रकाश। उसले आफ्नो अस्तित्वको समस्त रूपान्तरण समभाव र शक्ति ऊर्जामा होइन

द्वेषजन्य र ईर्ष्याजन्य भावमा गरेको रहेछ। उसले आफैंलाई आफूदेखि र परिवारको सम्पूर्ण स्नेह सम्बन्धबाट निर्वासित गर्दै छ। मलाई यस्तै लाग्यो। एउटा शिक्षित व्यक्तिमा यस्तो किसिमको सङ्कीर्ण विचार हुनु कतिसम्म घातक हुँदो रहेछ। कति दूर सोचाइ। उसको चिन्तनको अन्तिम सीमान्त उसकै विचारको सेरोफेरोमै रहेछ। कति उसले आफ्नो ऊर्जा र शक्तिलाई गलत दिशातिर उन्मुख गरेको रहेछ। लाग्यो विचारको तुच्छता र कटुताको दुनियाँमा कहाँ प्रलय र विनाश भएको छैन ? कहाँ विखण्डन आएको छैन ? मलाई अत्यन्त अपसोच लाग्यो प्रकाश जस्तो चेतनशील मान्छे आजको समयप्रवाहमा बग्न सकेन। मेरो आकाङ्क्षालाई बुझ्ने समझदारी भाव प्रादुर्भाव गर्न सकेन। प्रकाश जहाँ गए पनि, जुनसुकै हावाले उसलाई स्पर्श गरे पनि उसको अन्तर्मनमा जमेर बसेको पुरातन विचारको डल्लो फुट्न सकेन। हमेसा ऊ आफ्नै एक डल्लो चिन्तनको घेरामै घुमिरह्यो। कुनै सीमालाई पार गर्न सकेन उसले।

उसले जीवनमा कुन मुक्तिधाम खोजिरहेछ ?

कहीँ पनि उसले सन्तुलित भावले हेर्न सक्तैन भने उसका लागि आजको संसारको कुन कुरा सुन्दर लाग्छ ?

प्रेमस्वरूप, आनन्दस्वरूप, शान्तिस्वरूप, पवित्रस्वरूप, ज्ञानस्वरूप, सत्यस्वरूप यी स्वरूपहरूमा मैले प्रकाशलाई कुनै स्वरूपमा दर्शन गर्न सकेकी छैनँ।

म उसलाई कुन स्वरूपको नाम दिऊँ ?

कुन स्वरूपको परिकल्पना गरूँ ?

उसको स्वरूप के विकृत स्वरूप हो ? के हठस्वरूप हो ?



के अन्तर्गत स्वरूप हो ?

सोच्दासोच्दै हाँसो लाग्यो उसको दरिद्र विचारप्रति समानुभूति पलायो मभित्र।

अवाञ्छित कुनै वितण्डा खडा गरिनँ मैले उस समक्ष। थाहा नपाएजस्तो गरेर अफिस गएँ।

एकपल्ट मलाई फेरि गाउँमा जान पर्‍यो। ऊ नबोले पनि सुचना दिन्थें। जाने बेला भएको थियो हतारहतार सामानहरू व्यागमा राख्दै थिएँ। फोनमा कसैसँग गर्जेको सुनें, "फेरि गाउँमा जान लागेकी छे, कोसँग जान्छे, के गर्छे, केही थाहा छैन। यो घरमा त्यसको मनपरीतन्त्र चलेको छ। कुनै अनुशासन भएन, मर्यादा भएन। स्वास्नी भएर स्वास्नीको हैसियतमा रहिन।"

प्रकाशको प्रतिक्रिया जलनशील थियो; आक्षेपपूर्ण थियो; क्रोधले काम्दै थिएँ, कस्तो निम्नस्तर, कलुषित र पूर्वाग्रहपूर्ण प्रतिक्रिया। म आगो भएर उसमाथि खनिन चाहन्थें, चट्याङ भएर बर्सन चाहन्थें, हुरी भएर उसलाई दबाउन चाहन्थें तर त्यो मूर्खको अगाडि किन म आफ्नो प्रतिक्रिया व्यक्त गरूँ ? कोठामै धैर्यपूर्वक आफूलाई थामिरहें।

छोरी मानसी होस्टलबाट तीन दिनका लागि आएकी थिई उसले बाबुको कुरालाई सहन सकिन र दौडँदै गएर बाबुको हातबाट टेलिफोन खोस्दै हपार्दै भनी, "फोनमा कोसँग ममीलाई गाली गर्दै गर्जनुभएको ? अलिकति त समझदार भएर विचार गर्नुस्। ममीले त्यस्तै किसिमको नोकरी गर्नुभएपछि जान पर्ने ? किन ममीलाई लाञ्छना लगाउनुहुन्छ ? उहाँले सबैका लागि त काम गर्नुभएको ? यो महँगी समयमा ममीले नोकरी गरेको राम्रै त



हो। फेरि पढेर घरैमा सडेर पनि बस्नुभएन नि बुवा। तपाईंलाई जस्ता छोरी पनि आफ्नो ममीतिर लागी। त्यस्तो होइन। सत्य र असत्य, न्याय र अन्याय चिन्न समर्थ भइसकेकी छु। तपाईं आफ्नै क्रोध र दोषपूर्ण सोचाइले हामी सबैबाट टाढाटाढा हुँदै जानुभएछ हामीलाई तपाईंसम्मुख आउने स्नेह र सद्भावको पुल पनि भत्काउनुभएको छ। पढेर मात्र नहुने रहेछ, सबभन्दा ठूलो कुरा मान्छेको संयमित विचार नै रहेछ।" हुन त छोरीले बाबुप्रतिको मर्यादाको रेखा नाघेको होइन। चित्त नबुझेको कुरामा आक्रोश मात्र व्यक्त गरेकी थिई। प्रकाशलाई के चाहियो र ?

प्रकाश घरको भित्ता पनि छोडिएला जस्तै गरेर चिच्च्यायो, "कमाइदार आमापट्टि नलागेर मपट्टि किन लाग्छेस् र तँ पनि ? जहाँ काफल पाक्यो त्यहीं चरी नाच्यो। तैंले आज मेरो अपमान गरिस्। आजदेखि तँ पनि मेरा लागि भइनस्, बाबुलाई उपदेश दिन दुस्साहस गर्ने छोरी मेरा लागि के काम ?" त्यो दिन छोरी बाबुले थाहा नपाउने गरेर रोएकी थिई गाउँमा गइसक्ने म।

त्यो घटनाले बाबुछोरीका बीचमा एउटा नमीठो दूरी सिर्जिएको थियो। बाबु नै छोरीसँग कम बोल्ने गर्न थालेको थियो। मलाई लाग्यो आजसम्म हाम्रो मिलनको बिन्दु निर्माण हुन सकेन भने यो अब कहिल्यै निर्माण हुन्छ र ?

मैले उसलाई कहिल्यै पनि सम्झाउने चेष्टा गरिनँ किनभने बोल्यो कि उसलाई पोल्थ्यो। त्यस कारण मेरो आफ्नै जीवनयात्रा चल्दै थियो। ऊ अन्तर्मुखी हुँदै थियो। न त उसको बाटामा हिँड्न सकें, न त उसले मेरो बाटालाई नै आत्मीय रूपले समर्थन गर्‍यो। ऊ जहाँको तहीं समयअनुसार उसले आफूलाई बनाउन सकेन।



अडिने मान्छे म निरन्तर बग्ने मान्छे। कसरी मिलाप सम्भव हुन्छ र ? म चाहन्थें प्रकाशले आफ्नो अन्तरको पुरानो आकाशलाई थ्याँकोस्, फालोस्, नयाँ आकाश टाँगोस्, नयाँ प्रकाशले टाकोस्। कहिल्यै प्रयत्न गरेन प्रकाशले। नयाँ कुराप्रति उसलाई वितृष्णा थियो; स्वीकार्ने तरल मुटु नै थिएन उसको। एक दिन मेरो गाउँ जाने काम र नोकरीको खिल्ली उडाएको देखेर सहन सकिनँ थाप्लो भनिदिएँ, "तपाईं त सहरमा होइन गाउँमा बस्ने लायकको हुनुहुन्छ। गोबर सोहोर्ने, घाँसदाउरा गर्ने, गोठमा तेलमालिस गर्ने, गोठाको जस खाने, ढोग्ने, स्वास्नी चाहिने रहेछ। म जस्तो सहरियाले तपाईंलाई त्यसरी कहाँ चाकडी गर्न सक्छु र ?"

मेरो आक्षेप सुनेर ऊ क्रोधले पागल जस्तै भएर मलाई अनेक अपशब्दले गाली गर्दै भान्सामा आएर सिसाका गिलासहरू, सामानहरू भुइँमा फालिदिएर आफ्नो हीन र तुच्छ स्वभाव प्रदर्शन गरेको थियो।

उसको प्रतिक्रिया यस्तो थियो, "मलाई त्यसरी भन्न कसरी साहस गरिस् ? नोकरीको तुजुक देखाएकी ? यो घर मेरो हो, मेरो अधिकार छ। अनुशासनहीन आइमाई। तेरो यो घमन्ड मेरा लागि स्वीकार्य छैन। तैंले गर्दा यो घर मेरा लागि मसानघाट जस्तै भइदिएको छ। कि तँ निस्केर जा कि म निस्केर जान्छु यो घरबाट।

सोचें यस्तो विवाद गर्नुभन्दा मौन रहनु नै बेस। म किन यो घरबाट निस्केर जाऊँ ? उसका लागि यो घर मसानघाट जस्तै भएको छ उही नै निस्केर जाला। सोच्थें हामी दुवैले एकअर्कालाई

...मुक्ति नै खोजेका थियौं। तर म आफ्नै कर्मप्रति रमाएकी थिएँ, आबद्ध थिएँ, समर्पित थिएँ। लोग्नेको मायाप्रेम, सहयोग, सद्भाव जस्तो हुन्छ सबै बिर्सेकी थिएँ। त्यो चाहना मभित्र मरिसकेको थियो। मेरो सुखको बाटाले अर्कै मोड लिइसकेको थियो; जहाँ मैले आफूलाई जतिसक्दो ऊर्जायुक्त र सुखी बनाउन खोज्थें। तर पनि यो मनको भित्री कुना कहीं न कहीं रोएर बस्थ्यो। सोच्थें आखिर वैवाहिक जीवनको सारपूर्ण उपलब्धि दुइटा छोराछोरीबाहेक अरू के भयो र ? मैले चाहेजस्तो लोग्नेको वरदान मात्र शून्यमा हराएर गयो।

मलाई लाग्यो मान्छेको अन्तश्चक्षुमा विवेक नरहेपछि अरूलाई मात्र होइन मान्छेले स्वयं आफैंलाई पनि अनादर गर्दो रहेछ। आफ्नो मूल्य आफैंले श्रीहीन पार्दो रहेछ। एउटा सानो परिवारसँग पनि सन्धिसूत्र जोड्न असक्षम प्रकाशले कससँग आफ्नो तादात्म्यय राख्न सक्छ ?

प्रकाशले आखिर घर छोडेर गएको छ। भविष्यमा यो घरमा फर्कन्छ या फर्कंदैन केही थाहा छैन। कैयन् वर्षदेखि जम्मा हुँदै आएको आँसुको ढिका फुटेर आज छयालब्याल भएको छ मेरो।

विचित्र शून्यताको बन्धनले घेरेको छ मलाई।

मलाई लाग्यो प्रकाश परिवारसँग होइन आफैंसँग हारेर गएको छ। परिवार र परिवारको दायित्व छोडेर पलायन हुनु एक प्रकारले हार्नु होइन त ?

भोलि समयले उसलाई के पाठ सिकाउँछ के सिक्छ भोलि उसले मनमा समयको साथ समयबाट थाहा छैन। तर भोलि उसले मनमा समयको ...



प्रवाह बोकेर आउँछ भने यो घर र मेरो हृदयको ढोका सधैं खुल्ला छ उसका निम्ति।

यही सोचेर निदाउने तरखर गरें।

बाहिर निरङ्कुश बाक्लो अन्धकारलाई चिर्दै नजिकैबाट कुकुर भुकिरहेको थियो।



## व्यक्तिगत विवरण

नामः  मधु आचार्य

जन्ममितिः  २०४९\०५\२२

स्थायी ठेगानाः  घोडाघोडी नगरपालिका वडा नं.१, सुखड, कैलाली

लिङ्गः  महिला

पिताको नामः डिल्लीप्रसाद आचार्य

माताको नामः  रमा देवी आचार्य

बाजेको नामः  देवीप्रसाद आचार्य

धर्मः  हिन्दु

सम्पर्क नं.  ९७४८२६३४९७

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | शिक्षण संस्था \बोर्ड | ऐ. विषय | कैफियत |
|---|---|---|---|---|
| १. | माध्यमिक | श्री राष्ट्रिय मा.वि. तारानगर, कैलाली | शिक्षा | |
| २. | उ.मा.वि. | श्री राष्ट्रिय उच्च मा.वि., सुखड, कैलाली | नेपाली | |
| ३. | स्नातक | श्री कैलाली बहुमुखी क्याम्पस, कैलाली | नेपाली | |
| ४. | स्नातकोत्तर | श्री कैलाली बहुमुखी क्याम्पस, कैलाली | नेपाली | अध्ययनरत |